# दलित समुदायको जीविकोपार्जनमा आएको परिवर्तन सम्बन्धी बाग्लुङ्गको एक अध्ययन

त्रिभुवन विश्वविद्यालय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको
आंशिक आवश्यकता परिपूर्तिको लागि समाजशास्त्र
केन्द्रीय विभागमा प्रस्तुत गरिएको
शोधपत्र

शोध प्रस्तावक
बिष्णु कुँवर
रोल नं. १०
सि.नं. २८३४५४
त्रि.वि.दर्ता नं. : ५-२-१९-२६०-२००९

समाजशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
किर्तिपुर, काठमाण्डौ
मंसिर २०८१

मंसिर २०८१
बिष्णु कुँवर
दलित समुदायको जीविकोपार्जनमा आएको परिवर्तन सम्बन्धी बाग्लुङ्गको एक अध्ययन

# घोषणा

प्रस्तुत **दलित समुदायको जीविकोपार्जनमा आएको परिवर्तन सम्बन्धी बाग्लुङ्गको एक अध्ययन** विषयको शोधपत्र अन्य कुनै उपाधि वा प्रयोजनका लागि प्रस्तुत गरिएको छैन । यो शोधपत्र मेरो आफ्नै मौलिक अनुसन्धान हो । यसमा प्रस्तुत गरिएका विषयवस्तु विगतमा पूरा भई बुझाइएका अनुसन्धान प्रतिवेदन भन्दा फरक छन् । अन्य स्रोतबाट लिइएका र सारसंक्षेपीकरण गरिएका सामग्रीहरु सन्दर्भसूचीमा उल्लेख गरिएको छ ।

मिति : २०८१/६/१४

......................................

**बिष्णु कुँवर**

**त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**किर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र संकाय अन्तरगत समाजशास्त्र विषयको स्नातकोत्तर उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपुर्ति गर्नको लागि मेरो बिष्णु कुँवरले **दलित समुदायको जीविकोपार्जअन्तरपुस्तामा आएको परिवर्तनसम्बन्धी बाग्लुङ्गको एक अध्ययन** शिर्षकको सोधपत्र निर्देशन र सुपरिवेक्षणमा तयार पार्नुभएको छ । उहाँको कार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत सोधपत्रलाई स्वीकृती र अनुमोदनका लागि मुल्याङ्कन कमिटीमा सिफारिस गर्दछु ।

मिति : २०८१/६/१४

..........................................

उप-प्रा.केशवराज सिलवाल

शोधनिर्देशक

समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

किर्तिपुर, काठमाडौ

**त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**किर्तिपुर, काठमाडौं**

## स्वीकृती-पत्र

त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र संकाय अन्तरगत समाजशास्त्र विषयको स्नातकोत्तर उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपुर्ति गर्नको लागि बिष्णु कुँवरले **दलित समुदायको जीविकोपार्जनमा आएको परिवर्तनसम्बन्धी बाग्लुङ्गको एक अध्ययन** शिर्षकमा तयार पार्नुभएको सोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मुल्याङ्कन समिति**

विभागीय प्रमुख

सह-प्रा.डा पासाङ शेर्पा ..................................

शोधनिर्देशक

उप-प्रा. केशवराज सिलवाल ..................................

बाह्य शोध निर्देशक ..................................

उप-प्रा. प्रेम चलाउने

मिति : २०८१/०८/१२

# कृतज्ञता

यस शोधपत्र "दलित समुदायको जीविकोपार्जनमा आएको परिवर्तनसम्बन्धी बाग्लुङ्गको एक अध्ययन" ले मेरो अध्ययन कार्यको नतिजाको फलस्वरुप साकार रुप लिन सफल भएको छ, जसका लागि गल्कोट नगरपालिका १ दुदिलाभाटीका उत्तरदाताहरु सँग मैले अनुसन्धानको उद्देश्य प्राप्तिका लागि सोधपुछ गरेको थिए । यसका साथसाथै मैले विभिन्न व्यक्तिहरु तथा संघ संस्थाहरुबाट साथ, सहयोग र समर्थन पाएको छु जसलाई यहाँ समावेश गरेको छु । सर्वप्रथम मेरो शोधपत्रका शोध निर्देशक केशवराज सिलवाल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु,। जसले सल्लाह, सुझाव तथा शैक्षिक विज्ञता प्रदान गर्नुभयो । यदि उहाँले आफ्नो व्यस्त समयका बावजुध निरन्तर साथ, सहयोग र सुझाव प्रदान नगरेको भए यो शोधपत्रले पुर्णता पाउदैनथ्यो होला । म त्यसैले धन्यवाद दिन चाहन्छु गल्कोट नगरपालिका मेयर उहाँको कार्यालयसँग सम्बन्धित अन्य सदस्यहरु तथा कर्मचारीहरु जसले तथ्याङ्क संकलनमा निरन्तर सहयोग सहकार्य गर्नुभयो । यस अध्ययनका लागि गल्कोट नगरपालिका १ दुदिलाभाटीबाट मुख्य सूचनादाता अन्तरवार्ता समूहकेद्रित छलफल, गहन अन्तरवार्तामा सहभागी भई अनुसन्धानको उद्देश्यका लागि महत्वपुर्ण सूचना उपलब्ध गराउनुहुने आदरणीय उत्तरदाताहरु प्रति आभार व्यक्त गर्न चाहन्छु ।

शोध तथा अध्ययन गर्ने अवसर प्रदान गरेकोमा समाजशास्त्र केन्द्रीय विभाग तथा यस विभागका विभागीय प्रमुख सह प्रा.डा. पासाङ शेर्पा ज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । आदरणीय गुरु सह प्रा. डा. युवराज लुइटेल, डा. गुमानसिंह खत्री लगायत समाजशास्त्र विभागका सम्पुर्ण गुरुहरु जसले मलाई विभिन्न समयावधिमा महत्वपुर्ण सल्लाह सुझाव प्रदान गर्नु भयो, उहाँहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । अन्तमा मेरो यस शोत्रपत्रलाई आफ्नो महत्वपुर्ण सुझाव सल्लाह दिई अन्तिम रुप प्रदान गर्नुहुने बाह्य शोध निर्देशक आदरणिय गुरु उप प्राध्यापक प्रेम चलाउने प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

**शोधकर्ता**

**विष्णु कुवर**

# विषय सूची


| | पेज नं. |
|---|---|
| **घोषणा** | **i** |
| **सिफारिस पत्र** | **ii** |
| **स्वीकृती-पत्र** | **iii** |
| **कृतज्ञता** | **iv** |
| **विषय सूची** | **v** |
| **तालिका सूची** | **viii** |
| **अध्याय एक : परिचय** | **१-८** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको उदेश्य | ७ |
| १.४ अध्ययनको औचित्यता | ७ |
| १.५ अध्ययनको संगठन | ८ |
| **अध्याय दुई : साहित्यको पुनरावलोकन** | **९-२९** |
| २.१ जीविकोपार्जन सम्वन्धी परिभाषा | ९ |
| २.२ जीविकोपार्जन परिवर्तन सम्वन्धी सिद्धान्त | १२ |
| २.२.१ दिगो जीविकोपार्जन ढाँचा | १२ |
| २.२.२ जीविकोपार्जनमा क्षमता दृष्टिकोण | १३ |
| २.२.३ जीविकोपार्जनमा विविधिकरण | १४ |
| २.३ दलित सम्वन्धी गरिएका व्याख्या | १७ |
| २.४ दलित समुदायको जीविकोपार्जन परिवर्तन सम्वन्धी गरिएका अध्ययन | २१ |
| २.५ अवधारणात्मक रुपरेखा | २७ |
| **अध्याय तीन : अनुसन्धानको विधि** | **३०-३६** |
| ३.१ अनुसन्धानको ढाँचा | ३० |
| ३.२ अध्ययन क्षेत्र छनोटको औचित्य | ३० |
| ३.३ तथ्याङ्कको प्रकृति र स्रोत | ३१ |

३.४ नमुना छनोट ३२

३.५ तथ्यांक संकलन विधी ३३

३.५.१ अन्तरबार्ता विधी ३३

३.५.२ अवलोकन विधी ३४

३.६ अध्ययनको सिमा ३४

३.७ तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण ३५

**अध्याय चार : अध्ययन क्षेत्र र सामाजिक अवस्था ३७–४४**

४.१ उत्तरदाताको लैंगिक अवस्था ३९

४.२ उत्तरदाताको उमेर विवरण ३९

४.३ उत्तरदाताको जातीय विवरण ४०

४.४ उत्तरदाताको शैक्षिक विवरण ४१

४.५ उत्तरदाताको बसोबास/घरको स्थिति ४२

४.६ उत्तरदाताको पारिवारको जमिनसँगको पहुँच ४३

**अध्याय पाँच : पारिवारिक जीविकोपार्जन पेशाको विवरण ४५–६४**

५.१ उत्तरदाताको विगतको पारिवारिक जीविकोपार्जन पेशाको विवरण ४५

५.२ उत्तरदाताको हालको संलग्न भएको जीविकोपार्जनको विवरण ४७

५.३ दलित समुदाय र जीविकोपार्जनको अवस्था ५०

५.३.१ परम्परगत पेशा प्रति दलित समुदायको धारणा ५१

५.४ अन्तर पुस्ता पेशा परिवर्तनको आवस्था ५२

५.४.१ पेशा परिवर्तनका कठिनाइ ५३

५.४.२ हालको जीविकोपार्जन र पेसागत धारणा ५३

५.४.३ पेसा प्रतिको निरन्तरता ५४

५.५ पेसा परिवर्तन संगै दलित समुदायको वर्तमान अवस्था ५५

५.५.१ वर्तमान जीविकोपार्जनको अवस्था ५५

५.५.२ पेसाको अन्तरपुस्ता परिवर्तनमा महिलाको धारणा ५६

५.५.३ दलित र गैर दलित विचको सामाजिक सम्वन्ध ५७

५.६ घटना अध्ययन मार्फत लिएको विवरण ५९

**अध्याय छ : सारांश, निष्कर्ष र सुझाव** **६५–६८**

६.१ अध्ययनको सारांश ६५

६.२ निष्कर्ष ६७

**सन्दर्भ सामग्रीहरु**

**प्रश्नावली**

# तालिका सूची


पेज नं.

तालिका ४.१ : उत्तरदाताको लैगिक अवस्था ३९

तालिका ४.२ : उमेरको वर्गिकरण ४०

तालिका ४.३ : उत्तरदाताको जातीय अवस्था ४०

तालिका ४.४ : उत्तरदाताको शैक्षिक अवस्था ४१

तालिका ४.५ : उत्तरदाताको घरको किसिम ४२

तालिका ४.६ : उत्तरदाताको जमिनको पहुँच ४३

तालिका ५.१ : विगतको पारिवारिक जीविकोपार्जन पेशाको विवरण ४५

तालिका ५.२ : उत्तरदाताको सलग्न भएको हालको पेशागत विवरण ४८

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

दलित समुदायको जीविकोपार्जनमा आएको परिवर्तन बारेमा रहेको छ । १४औं शताब्दीको शुरुवात संगै दलित समुदायमा भएको असमानता र विवेदलाई निरन्तरता दिदै न्यून स्तरको काम गरि थोरै मात्रामा आम्दानी गर्ने गरेका थिए सो आम्दानीले दलित समुदायमा परिवारको दैनिक आवस्यकता परिपूर्ति गर्नको लागि प्राप्त थिएन, सोहि कारणले पुस्तान्तरण संगै पेसागत परिवर्तन आएको छ ।

दलित समुदाय भन्नाले परम्परागत धार्मिक अन्धविश्वासका आधारमा पानी नचल्ने र अछूत भनी आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा साँस्कृतिक रुपमा राज्यको मूल प्रवाहबाट वञ्चित गरिएको शोषित एवं उत्पीडित तथा श्रम, सीप र कलाका माध्यमबाट राज्य निर्माणमा योगदान पुऱ्याएको समुदायलाई बुझाउँदछ (NDC, 2080) । नेपालको वि.स. २०७८ मा संचालित १२औं जनगणना अनुसार कुल जनसंख्या २,९१,६४,५७८ जना मध्ये दलितको समुदायको जनसंख्या ३८९८९९० जना १३.३६% र १४२ प्रकारका जातजाती रहेका छन् (CBS, 2078) । दलित शब्दको प्रयोग सर्वप्रथम भारतीय नेता डा. भीमराव अम्बेडकरले १९२७ तिर हिन्दु समाजमा वर्णव्यवस्थाअनुसार अछूत बनाइएका अनगिन्ती जातलाई साझा नामका रूपमा सम्बोधन गरेको पाइन्छ । नेपालमा दलित शब्दलाई आन्दोलनको रूपमा वि.स. २०२३ देखि प्रयोग भएको पाइन्छ, जसमा समाजभित्रको हिन्दु वर्ण (जात) व्यवस्था अन्तर्गत हेपिएका, दलिएका र पिल्सिएका समदायको साझा आन्दोलनको रूपमा प्रयोग भएको नाम दलित हो (आहुति, २०६७) ।

नेपालमा जात व्यवस्थाको सुरुवात १४औं शताब्दीमा जयस्थिती मल्लको पालामा भएको पाइन्छ । उपत्यकामा हिन्दु वर्ण व्यवस्थाको सहारा लिएर नेवारी समुदायमा जात व्यवस्था लागु गरिएको थियो । जुन लिखित रुपमा नभएर मौखिक रूपमा मात्र थियो । वि.स १९१० मा राणा शासक जंग बहादुर राणाले मुलुकी ऐन मार्फत वैधानिक रुपमा जात व्यवस्थाको सुरुवात गरे । जहाँ विभिन्न जातजातीका आधारमा खानेकुराका साथै पानी चल्ने, नचल्ने,

विवाह गर्ने तथा दण्ड सजाय गर्ने सामाजिक परम्परा रह्यो भने पेशाका आधारमा विभिन्न पाँच भागमा विभाजित गरियो । जसलाई तागाधारी, नमासिन्या मतवाली, मासिन्या मतवाली, पानी नचल्ने छोइभिटो हाल्नु नपर्ने र पानी नचल्ने छोइभिटो हाल्नु पर्ने भनी विभाजन गरियो । पानी नचल्ने छोइछिटो हाल्नुपर्ने अन्तरगत हिन्दु वर्ण व्यवस्था अन्तरगतको सबै भन्दा तल्लो जात शुद्रलाई विभाजन गरियो त्यस वर्गमा (कामी, सार्की, कडरा, दमाइ, गाइने, बादी, पोडे, च्यामे आदी) पर्दछन् । यी समुदायले जन्मका आधारमा निश्चित पेशा गर्नुपर्ने मापदण्ड रह्यो जुन अनुलंघनिय पद्दतीका रूपमा रहयो (Hoffer, 2004) । यस प्रणालीले निश्चित पेसा निश्चित समुदायले मात्र गर्नु पर्न बाध्यताको सुरुवात भयो । पहाडी दलित समुदायमा जुन जातीले जे काम गर्यो तेही मात्र काम गर्नुपर्ने बाध्यता भयो । बाजे पुस्तामा रहेको पेसा व्यवसाय नाती पुस्तामा समेत त्यहीकाम गर्नुपर्ने व्यावस्था भयो जसले परिवारका दैनिक आवश्यकता पुरा गर्न सम्भव भएन । समाजमा आएको राजनीतिक र सामाजिक परिबर्तन सँगै पुर्ख्यौली पेसामा मात्र सीमित हुने दलित समुदाय बिस्तारै अन्य पेसामा समेत लाग्नु पर्ने स्थिति सिर्जना भयो ।

परम्परा देखी नेपाली समाजमा विभिन्न प्रकारका विभेद हुदै आएका थिए । मुलुकी ऐनको व्यवस्था पश्चात जाती विशेषका आधारमा शिक्षा तथा पूर्वाधार प्रयोगमा समेत विभेद रहने सामाजिक शृङखला चल्दै आएको थियो। दलित समुदायलाई सवैभन्दा तलको दर्जा निर्धारण गरिएको थियो । समय विकास क्रमसंगै राज्यले निर्धारण गरेका कामले जिविकोपार्जनका लागी पेशामा प्रयाप्त मात्रामा दैनिक आवश्यकता परिपूर्ती गर्ने विस्तारै न्यून हुदै गएको छ । परम्परागत पेशालाई व्यवसायिकरण गर्दै सो माध्यम मार्फत आयआर्जन गर्ने तर्फ आकर्षित हुदैपनि गएका छन । बदलिदो सामाजिक, आर्थिक र राजनीतिक परिवर्तन सँगै ग्रामिण क्षेत्रमा मात्र सिमित रहेका दलित समुदाय जिविकोपार्जनको लागी नयाँ नयाँ आयमुलक उद्यम गर्न समेत आर्कषित हुने गरेका छन् । जातीय पेशामा मात्र सिमित नभई उच्च आय हुने पेशा तर्फ आकर्षित हुन थालेका छन् (Thapa, 2022) ।

बदालिदो शासकिय स्वरूपको परिवर्तन १०४ बर्ष लामो राणा शासनको अन्त्य र कानुनको शाशनको राज्य व्यवस्था सन्चालन, संविधानमा दलित समुदायको हक  अधिकारको सुनिश्चितता समान नागरिक अस्तित्वको विकास सँगै वि.स २०२० मा राजा महेन्द्र द्वारा छुवाछुतको अन्त्य घोषण पश्चात विस्तारै  दलित समुदाय पेशागत विविधताका आधारमा

अन्य  तर्फ परिवर्तन हुन थालेका हुन्छ । परम्परागत पेशामा वालिघरे प्रथा , खल्लो प्रथा, हलिया प्रथामा मात्र सिमित रहदा दैनिक आवश्यक वस्तु तथा सेवा परिपूर्ति  गर्न असहजता सिर्जना हुन थाल्यो । आवस्यकताको बढोत्तरी परिवारिक संख्यामा वृद्धि सँगै नयाँ आयमूलक रोजगारी खोज्नुपर्ने अवस्था सिर्जना भयो । वि.स २०४८ राजनीतिक आर्थिक परिवर्तन संगै दलित समुदाय विस्तारै भारतिय श्रम  वजारभा प्रवेश गर्ने थलेका हुन । हिन्दु वर्ण व्यवस्था अन्तरगत निर्माण भएको श्रममा  न्यून ज्यालादर समेत कायम रहयो दलित  समुदायको पुस्तान्तरण शिक्षाको चेतनाको विस्तार संविधानमा  हक अधिकारको सुनिश्चितता सामाजिक सास्कृतिक चेतनामा वृद्धि सहभागितामुलक  विकासका क्रियाकलाप आर्थिक राजनीतिक परिवर्तन पुस्तामा चेतनास्तरको विकास हुन पुगेको छ । दलित समुदायको परम्परागत पेसा देखि तेस्रो देश वैदेशिक रोजगारमा जाने अवसर सिर्जनाले पुस्तान्तरणमा दलित समुदायको  जिविकोपार्जनमा नयाँ नयाँ स्रोतको सुनिश्चितता सहज भएको छ (Sunam, 2014)।

जिविकोपार्जन परिवारले दैनिक रूपमा आवश्यक पर्ने स्रोतको सुनिश्चितता, पहुँच र क्षमता अभिवृद्धी गर्नकोलागि अवलम्वन गरेको पेशा हो । व्यक्तिले परिवारको जिविका चलाउनको लागी निरन्तर रुपमा आयआर्जन हुन सक्ने भौतिक वा अभौतिक स्रोतको सुनिश्चितता हुने क्रियाकलापको अवलम्वन गरेको हुन्छ ,सम्वन्धित अन्तरवस्तुमा रहेर दिगो रुपमा निरन्तरता हुने आय आर्जनका काम गरेको हुन्छ । व्यक्तिका आवश्यकता परिपूर्ती गर्नको लागी क्षमता, समानता र दिगोपना आवश्यक पर्दछ । क्षमता भन्नाले विभिन्न तरिकाले स्रोतको परिचालन मार्फत जिविका चलाउने प्रक्रिया हो जसमा मूर्त र अमूर्त स्रोत साधनको पहुंच तथा तिनिहरुको व्यावहारिक प्रयोगको अवसरलाई जनाउन्छ । यस मार्फत समताको अभ्यास गरी विभेद हटाउने कार्य हुन्छ । दिगोपनाले जिविका चलाउनको लागी निरन्तर रुपमा सम्पती र क्षमताको प्रयोग, प्रवर्द्धधनमा जोड दिन्छ (Camber & Conway, 1992) ।

समयको विकासक्रम संगै  विश्वमा रहेका प्रत्येक जातजाति , भाषाभाषी, भौगोलिक अवस्थितिको  आधारमा फरक-फरक परिवर्तन आएका छन् । आधुनिक सभ्यताको परिवर्तनसँग अनुकूलन गर्नको लागि  प्रत्येक समुदायहरुले आफ्नो रणनीति  परिमार्जन गरेका हुन्छन  । पेसागत जीविकोपार्जनका लागि भएका श्रोत साधनका आधारमा सन्चालन भएका पेसामा आधारित रहेका हुन्छन  आर्थिक गतिविधिलाई सुधार गर्नको लागि  नयाँ

पेशातर्फ आकर्षित भइरहेका छन् । आधुनिक विकासले मानिसको आर्थिक जीवनमा सकारात्मक नतिजा दिने गरेको छ । दलित समुदायका मानिसहरू कम ज्यालामा काम गर्न र न्युन मात्रामा आर्जनगर्न बाध्य थिए । जीवनको सहजता, जीवनस्तरमा सुधार गर्नको लागि रोजगारीको परिणाम स्वरूप विभिन्न जीविका सहज रुपमा चलाउनको लागि विभिन्न पेसामा संलग्न रहेका छन् । जीविकोपार्जनका गतिविधि, क्षमता विकास र सम्पति आर्जन गर्ने तर्फ निर्देशित हुन्छन् । घरपरिवारमा मौसमी तथा बेमौसमी कृषि उत्पादन गर्ने, गैर कृषि क्षेत्रमा आबद्धता जस्ता विभिन्न जीविकोपार्जनका गतिविधिहरू गरेको पाइन्छ । पेशा, व्यावसायिकताका गतिविधिहरुले व्यक्तिको अन्तर्निहित आयाममा सुधार ल्याउनको लागि सहयोग गर्दछ भने आर्थिक जीविकोपार्जन र पारिवारिक स्तरमा सकारात्मकता प्रदान गर्नको लागी सहयोग गर्दछ । नेपालको सन्दर्भमा पेशामा आएका परिवर्तनको बारेमा अध्ययन सम्बन्धित छ ।

## १.२ समस्याको कथन

मुलुकी ऐन भन्दा पहिले चार वर्ण चौसठी जातको आधारमा बर्गिकरण गरिएको थियो तर हिन्दु वर्ण ब्यबस्था शुरु गरी चार वर्ण छतीस जातमा बिभाजित गरिएको थियो तर मुलुकी ऐन पश्चात शुद्ध र अशुद्ध विवाहका काममा समेत सो मापदण्ड लागु गरियो (Hoffer, 2004) । तर परिवर्तित समाज अनुसार निरन्तर रुपमा लागु भएका छैनन, वाह्मणले जजमानी गर्ने पेशामा मात्र सीमित नभएर अन्य पेसा ब्यबसायमा आवद्ध हुदै गएको छ । आर्थिक, सामाजिक, सास्कृतिक परिवर्तन लगाएत मानवीय चेतना स्तरमा समेत आएको परिवर्तनले निश्चित पेशा व्यावसाय निश्चित जातमा सिमित रहने कार्य निरन्तर परिवर्तन हुदै आएको छ । जस्तैः- कामी समुदायले गर्ने फलामको हतियार, भाँडा बनाउने कार्य, दमाई समुदायले गर्ने कपडा सिलाउने, संगीतका सामान बनाउने, सार्की समुदायले गर्ने जुत्ताका समान बनाउने कार्यमा मात्र सीमित छैनन् हिन्दु वर्ण व्यवस्थामा रहेको जजमानी ब्राह्मण समुदायमा मात्र रहेको छ । आर्थिक तथा सामाजिक आवश्यकता परिवर्तन गर्ने, कृषि, व्यावसाय र आयमूलक रोजगारी तर्फ आकर्षित हुदै गएका छन् । विश्वव्यापीकरण, आधुनिकीकरण, निजीकरण, धर्मनिरपेक्षता, औद्योगिकरण, आर्थिक विकास मार्फत आत्मनिर्भर हुने पेशा व्यवसायमा आकर्षित हुदै गएका छन् । आधुनिकीकरण संगै निश्चित समुदायमा रहेका पेसा, काम कारवाहि अन्य समुदायमा समेत विकास हुदै गयो (Subedi, 2010) ।

पहाडी भूगोलमा रहेका दलित समुदायको जीविकोपार्जनका लागि अन्य काम खोज्ने सिलसिला सुरु भयो । देशमा आएको राजनीतिक, सामाजिक परिबर्तन सँगै श्रम सँग बस्तु साटफेर मार्फत जीविकोपार्जन गर्ने अवस्था सिर्जना हुन थाल्यो । आफुसंग भएको सिप र स्रोतमा समेत पहुच निर्माण हुन् थाल्यो (Adhakari, 1990) । दलित समुदायमा मात्र रहेका जातिय पेसाका काम बिस्तारै अन्य पेसामा समेत विस्तारै स्थानान्तर हुदै गए (Lunitel, 2018) ।

दलित समुदायहरु उनिहरुको परम्परागत तथा अन्य ऐतिहासिक रूपमा बाँधिएखका सिप, कला र पेशाहरूबाट विचलित छन् । साक्षरतामा आएको उल्लेख्य सुधार, स्वतन्त्र बजार अर्थतन्त्र, लोकतन्त्रको अभ्यास, सुधारिएको भूमि स्वामित्व अधिकार, छुवाछुत प्रथाको अपराधिकरण र सीमान्तकृत समूहका लागि सरकारी कोटामा आरक्षणको व्यवस्थाले दलित समुदायको पुस्तान्तरणमा सकारात्मक परिवर्तनका ल्याएको छ । परम्परागत जातीय पेसाहरु नेपाली संस्कृतिका अभिन्न अंग हुन् । यसले दलित समुदायहरूलाई उनीहरूको जीविकोपार्जनको आधारमा पारस्परिक रूपमा बाँधेको छ । तर, उत्पादनको आधुनिक मोडलसँगै परम्परागत सीप, कलाको ज्ञान द्रुत गतिमा लोप हुँदै गएको छ । यसका बावजुद बजार, गुणस्तरीय उत्पादन र लागत प्रभावकारिताको दृष्टिले कमजोर काम गर्ने अवस्थाका कारण थोरै संख्यामा मात्र मानिसहरू आफ्नो जीविकोपार्जनका लागि आफ्नो सीपमा भर पर्छन् । दलित समुदायका परम्परागत पेसाहरू स्वतन्त्र बजारमा प्रतिस्पर्धा गर्न असमर्थ छन् । परम्परागत जातीय पेशाको पतनको लागि नेपाली समाजमा जातीय व्यवस्था र शक्ति गतिशीलता जिम्मेवार छ । दलित समुदायहरू विभिन्न स्तरका सम्बन्धमा बाँधिएका छन् किनभने तिनीहरूसँग सामाजिक र आर्थिक अधिकार छैन । प्रारम्भिक चरणदेखि नै दलितहरूलाई जनताको सेवा गर्ने जातमा आधारित रोजगारीहरूमा सीमित गरिएको छ, जसले गर्दा उनीहरूको भूमिमा पहुँच सुधार गर्न वा विस्तार गर्न असम्भव बनाइएको छ । बहुसंख्यक साक्षर दलित युवाहरू जातीय उत्पीडनबारे सचेत छन्, जीविकोपार्जनका नयाँ विकल्पहरू पहिचान गर्छन् र आफ्ना पुर्खाको पेसा पछ्याउन चाहदैनन (Gellner and Adhikari, 2019) ।

जीवनस्तरको मापन गरी देशमा रहेको गरिबीको अवस्था थाहा पाउनका लागि घरपरिवारको समृद्धिसँग सम्बन्धित विविध विषयहरू जस्तैः घरपरिवारको उपभोग, आय, सेवा सुविधामा

पहुँच, आवास तथा आवासीय सुविधाको उपभोग, शिक्षा, स्वास्थ्य, रोजगारी, वचत तथा ऋण, विप्रेषण, जग्गाको स्वामित्व र उपयोग आदि समावेश गर्न सकिन्छ । हाल नेपालमा निरपेक्ष गरिबीको दर २०.२७ प्रतिशत रहेको छ त्यसमध्ये ग्रामिण गरिबी २४.६६ प्रतिशत रहेको छ । सो गरिबी सख्यामा बहुसंख्यक दलित समुदाय रहेका छन् भौगोलिक अवस्था अनुसार दलित समुदायको बसोबास ग्रमिण क्षेत्रमा हुने, बिकासात्मक पूर्वाधार न्युन पहुंच , गुणस्तरिय शिक्षा, मानव विकासका गतिविधिमा समेत (आय, आयु ,शिक्षाको स्तर) जस्ता बिषयमा समेत दलित समुदायको सहभागिता न्यून रहेको छ हालसम्मको चौथो सर्वेक्षेण अनुसार गरिबीको दर क्रमशः घट्दै गएको छ । दलित समुदाय परम्परा देखि कृषि तथा ज्यालादारी पेसामा जीविकोपार्जन गरिरहेका समूह हाल अन्तरपुस्ता विस्तारै परिवर्तन आएको देखिएको छ (NLSS 2080)। विश्व मानब विकास सुचंकमा हाल नेपाल ०.६०१ अंक सहित १४६औं स्थान मा रहेको छ (UNDP 2023)।

जन्मको आधारमा पूर्वनिर्धारित पेसा अवलम्वन गर्नुपर्ने बाध्यात्मक परिस्थितिले दलित समुदायलाई शिक्षा प्राप्त, ज्ञान आर्जन, राज्य सञ्चालन र व्यापारमा सयौं वर्षसम्म बन्देज र वहिष्करणमा पार्यो । यसले गर्दा श्रमजीवी दलित समुदाय आफूले रोजेको पेशा व्यवसाय, तथा शिक्षा प्राप्त गर्न नपाउँदा लामो समयसम्म आर्थिक, राजनैतिक, सामाजिक र साँस्कृतिक रूपमा वहिष्करण र समाजको सबैभन्दा पिँधको समुदायको रूपमा जिउनुपरेको छ । दलित समुदायले गर्ने विभिन्न खालका फलाम, धातु, छाला, कपडा र कृषि सेवाका कामहरू ज्यालामा आधारित नभई केवल बालीघरे प्रथामा काम गर्दा उनीहरू सधैंभरि शोषित हुन बाध्य छन् । मुख्यतः बालीघरे प्रथामा आधारित श्रमको विभाजनले दलित सुमदायले उच्च जातका मानिसको वर्षभरी गरेका सेवाका कामबापत उनीहरूले उत्पादन गरेको खेतीपातीको केही भाग खाद्यवस्तुहरू प्राप्त गर्ने गर्दथे । त्यसले उनीहरूलाई न सहज रूपमा जीविकोपार्जन नै हुन्थ्यो न त उनीहरूसँग वर्षभरि खान पुग्ने गरी काम गर्नका निम्ति आफ्नै जमिन नै थियो । वर्तमान स्थितिमा दलित समुदायका मानिसहरुले परम्परागत रुपमा संचालन भएका पेशाको अवस्थामा पेशा गर्नेको संख्या निरन्तर घट्दै गएको छ । शहर केन्द्रित विकास, राजनीतिक परिवर्तन , आर्थिक स्थिरता ,आधुनिकरण विश्वव्यापिकरण , प्राविधिक विकास , अन्तर्राष्ट्रिय श्रम सम्झौता , आन्तरिक तथा वाह्य बसाईसराईको कारणले अन्तर पुस्तामा छोरा नाती पुस्तामा कहाँ गए के गरिरहेका छन् भन्ने विषयमा व्यापक रुपमा अध्ययन हुन् सकेको छैन । दलित समुदायको यथार्थ अवस्था एकिन हुन्

नसक्दा जीविकोपार्जनमा परेको असर र प्रभावका विच सम्बन्ध कायम हुन् सकेको छैन । राज्यमा भएका विबिन्न समयका पेसागत पहिचान मार्फत जीविकोपार्जनको रुपमा अंगालेका पेसाको आबस्थासँग सम्बन्धित रही निम्न अनुसन्धान प्रश्नको आधारमा यो अध्ययन गरीएको छ ।

प्रश्नहरु

क) दलित समुदायहरुले पहिलेदेखि अंगालेका पेशाहरु के के थिए ? बदलिदो समय संगै उनीहरुको पेसामा के-के अन्तरपुस्ता परिबर्तनहरु आए ?

ख) दलितहरुको पेशामा आएको परिवर्तनले उनीहरुको पारिवारिक जिवीकोपार्जनमा कस्तो परिबर्तन आयो ?

## १.३ अध्ययनको उदेश्य

यस अध्ययनको सामान्य उदेश्यहरु बर्तमान अवस्थामा जीविकोपार्जन गर्नको लागि कुन कुन पेसामा आबद्य थिए साथै त्यो माध्यम बाट आवस्यकता परिपूर्ति भएको थियो वा थिएन भन्ने बिषयमा केन्द्रित हुनेछ ।

विशिष्ट उदेश्य अन्तर्गत निम्नानुसार रहेका छन्

क) दलित समुदायको वर्तमान पेसा व्यावसाय मार्फत जीविकोपार्जनको बिषयमा वर्णन गर्ने

ख) वर्तमान पेसामा निरन्तता र परिवर्तन भैरहेको विषय के, किन र कसरी भएको छ भन्ने बारेमा पत्ता लगाउने हुनेछ ।

## १.४ अध्ययनको औचित्यता

नेपालको सन्दर्भमा हिन्दु बर्ण व्यवस्था अन्तर्गत समाज विभाजित रहेको छ । पेसाका आधारमा जातीयता निर्माण संगै पेसाको पुस्तान्तरण भइरहेको छ । नेपाली समाजमा सामाजिक, आर्थिक र साँस्कृतिक विभेदको विस्तारै अन्त्य हुदै समानता तर्फ उन्मुख रहेको छ । दलित समुदायले लामो समय देखि गरिरहेको जातीय पेसा व्यवसायले निरन्तरता पाहिरहेको छ । समय विकासक्रम संगै तत् तत् पेसा मार्फत पारिवारिक आवस्यकता

परिपूर्ति गर्न सम्भव नभएकोले अन्य पेसा तर्फ समेत आकर्षित हुने क्रम बढिरहेको छ। यस सन्दर्भमा दलित समुदायले किन पेसा परिवर्तन गरिरहेका छन्, सो मार्फत पारिवारिक आवस्यकता पुरा हुन्छन कि हुदैनन् सो पेसालाई परिबर्तन गरि अन्य कर्म तर्फ लाग्नु पर्ने अवस्था सिर्जना भएको छ वा छैन, भन्ने विषयको यस अध्ययनमा समावेश गरिएको छ।

नेपालमा विकसित राजनीतिक घटनाक्रम, दलित समुदायमा आएको राजनीतिक, सामाजिक, साँस्कृतिक परिवर्तन, राजनीतिक र प्रशासनिक तहमा दलित समुदायको अनिवार्य प्रतिनिधित्व, स्रोत साधनमा समान पहुँच, छुवाछुत तथा भेदभावजन्य सामाजिक, साँस्कृतिका विकृतिको अन्त्य, श्रमको व्यवसायिकरण र बजारीकरण, श्रमको अन्तर्राष्ट्रिय आबद्धता, परिवर्तित प्रथा परम्पराले दलित समुदायको पेसाको परिवर्तन गरिरहेको देखिन्छ । यस सन्दर्भमा बाग्लुङ्ग जिल्लाको गल्कोट नगरपालिका १ दुदिलाभाटी अन्तरगतका दलित समुदायको पुस्तान्तरण सँगै पेसामा परिर्वतन गरेको छ । मेरो यस अध्ययनले दलित समुदायको पेसा परिवर्तन बारेको सैद्धान्तिक ज्ञान दिन्छ जसले उनिहरुको पेसा परिवर्तनबाट जिविकोपार्जनमा पारेका प्रभावका बारेमा एक खालको धारणा प्रस्तुत गर्दछ । दलित समुदायको जीविकोपार्जन समाजशास्त्रीय अध्ययन अनुसार दलित समुदायले भोगेको पेसागत विवरण ,असमानता र अन्तर पुस्तागत परिवर्तनसंग सम्वन्धित रहेको छ अन्तर पुस्तागत रहेका अवसर , समस्या ,चनौतीको तथ्यांक संकलन गरी गुणात्मक विश्लेषण गरिएको छ ।

## १.५ अध्ययनको संगठन

यो अध्ययनलाई पाँच अध्यायमा व्यवस्थित गरिएको छ । पहिलो अध्यायले परिचयसँग सम्बन्धित छ जसमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य र अध्ययनको महत्तव समावेश छ। त्यसैगरी, दोस्रो अध्यायमा साहित्यको विभिन्न समीक्षाहरू छन्। तेस्रो अध्यायले अनुसन्धानका विधिहरू वर्णन गर्दछ। जसमा अध्ययनको क्षेत्र चयन , अनुसन्धानको खाका, नमूना आकार, प्रकृति र तथ्याङ्कको स्रोत, तथ्याङ्क सङ्कलन विधी, उपकरण र अनुसन्धानको विश्लेषण र अध्ययनको सीमितता समावेश छ। चौथो अध्यायमा तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषणात्मक दृष्टिकोण समावेश छ र पाँचौं अध्यायले सारांश र निष्कर्षको वर्णन गर्दछ।

# अध्याय दुई

# साहित्यको पुनरावलोकन

सोधपत्रको अध्ययन एवम् अनुसन्धान गर्दा विषयगत तथा अन्य सन्दभ सामग्रीहरूको अध्ययन गरी विस्तृत जानकारी हासिल गर्नुपर्दछ । दलित समुदायको जीविकोपार्जन पेसामा अन्तरपुस्ता आएको केही अध्ययन अनुसन्धान भएका छन् । छुट्टै पेसागत परिवर्तन सम्बन्धी विस्तृत अध्ययन हुन नसके तापनि स्वदेशी एवम् विदेशी विद्वान्हरूले आफ्नो अध्ययन साहित्यमा उल्लेख गरेका कुराहरूको आधारमा सन्दर्भ सामग्रीहरू प्रस्तुत गरिएको छ । साथै समाजशास्त्रीय सिद्धान्तहरूको सैद्धान्तिक समीक्षा गर्दै पूर्व साहित्यको समीक्षा गरिएको छ ।

## २.१ जीविकोपार्जन सम्वन्धी परिभाषा

जिविकोपार्जन भनेको आफ्नो जीवनयापन गर्नका लागि आवश्यक पर्ने साधन, स्रोतको क्रियाकलाप हो। यसको अर्थ आफ्नो र आफ्नो परिवारको जीविका चलाउनका लागि गरिने विभिन्न प्रकारका आर्थिक क्रियाकलापहरू जस्तै कृषि, व्यापार, सेवा, उद्योग, रोजगारी आदि हुन सक्छन् । सरल भाषामा, जिविकोपार्जन भनेको जीविका चलाउने माध्यम हो । नेपालको सन्दर्भमा मानविय विकासको अवस्था अनुसार कृषि ,पशुपालन र शिकारमा आधारित जीविकोपार्जन रहेको थियो । समाजमा विस्तारै परिवर्तन र विकासको प्रक्रिया संगै जीविकोपार्जनका कृषि पेसाबाट गैर- कृषि पेसामा समेत परिवर्तन आएको छ । गैर-कृषि पेसा तर्फ आकर्षित हुने मानिसहरुको संख्यामा निरन्तर बढ्दै गएको छ परिवारका सदस्यको दैनिक आवस्यकता परिपूर्ति गर्नको लागि अन्तरपुस्तामा परिवर्तन आइरहेको छ । दलित समुदायमा क्षमता विकाससंगै परम्परागत रुपमा रहेको पेशामा असुरक्षा, अभाब, असमानता ,विभेद र सीमान्तीकरण जस्ता आयामको कारण परिवर्तन गर्न आवस्यक रहेको छ जसबाट मुक्त हुनको लागि जीविकोपार्जन संगै आयमुलक गतिविधिलाई निरन्तर रुपमा सकारात्मक भूमिका दिनको लागि दिगो रुपमा निरन्तरता दिनको लागि सहयोग गरेको हुन्छ ।

दिगो जीविकोपार्जन शब्दलाई पहिलो पटक सन् १९९० को दशकमा विकास अवधारणाको रूपमा प्रयोग गरिएको थियो । सन् १९८० को दशक देखि जीविकोपार्जनका लागि आवस्यकता पर्ने मानिसका निम्ती क्षमता र जीवनयापनका साधन, खाना, आय उत्पादन र उपभोग समावेश भएका हुन्छन । भौतिक र अभौतिक रुपमा निर्धारण गरिएका साधनले मानवीय जीवनका गतिविधिमा सकारात्मक भूमिका खेलेका हुन्छन । जीविकोपार्जन लागि आवस्यकता पर्ने आर्थिक, सामाजिक र वातावरणीय आधारमा दिगो रुपमा स्थायीत्व हुनुपर्ने मान्यताको विकास भएको छ । जब यसले स्थानीय र विश्वव्यापी सम्वन्ध कायम राखेको हुन्छ । जसमार्फत जीविका चलाउनको लागि सहजता प्रदान गरेको हुन्छ । जीविकोपार्जन सामाजिक रूपमा शिक्षा, स्वास्थ्य, असमानताको अन्त्य विभेदपूर्ण समाजलाई सरलता ल्याउनको लागि गरिने उदेश्यले दिगोपना कायम गर्ने अवस्था हो भावी पुस्ताहरूका लागि सामाजिक रुपमा समानता कायम प्रदान गर्दछ, वातावरण स्रोतको वितरण र विस्तारका कार्यमा वर्तमान पुस्तालाई आवस्यकता परिपूर्ति गरि संरक्षण कायम राख्ने कार्य गर्दछ । आर्थिक स्रोतबाट मानिसका पहूच निर्माण त्यसबाट पुन प्राप्ति गर्न, आफ्नो क्षमता र सम्पत्तिलाई समान रुपमा कायम राख्न वा बढाउन सहजता प्रदान गर्दछ (Camber & Conway, 1991) ।

जीविकोपार्जनको गतिविधिलाई वातावरणको आधारमा रुपरेखा तयार गर्दछ । जसमा मानिसहरू व्यावस्थित रुपमा जीवनपद्धति संचालन गरेका हुन्छन् । मानिसहरूको जीविकोपार्जन र आर्थिक स्थितिलाई व्यापक उपलब्धताका आधारमा मानवीय रूपमा प्रवृत्ति, असमानताबाट मुक्त गर्नको लागि सहयोग गर्दछ । जोखिमबाट मुक्त हुनाकोलागी जीवनशैलीमा तात्विक परिवर्तनको आवस्यकता रहेको छ । मानिसहरूले जीविकोपार्जनका सिलसिलामा परिवर्तन गर्नको लागि छोटो र मध्यम अवधिमा परिवर्तन गर्न सक्दैनन् यी परिस्थितिहरूको परिणाम स्वरूप चलिरहेको जीविकोपार्जन सुरक्षाको सामना गर्छन् । निरन्तर चलिरहने प्रक्रिया हो मानव समुदायलाई जोखिमको सन्दर्भमा मानवीय जीवनका स्थिति, स्वास्थ्य, आर्थिक गतिविधि समावेश गर्दछ तर समाजमा भएको जनसंख्या स्थिति, प्राविधिक विकास, आर्थिक श्रोत साधन र बस्तुको मूल्य, उत्पादन, स्वास्थ्य र रोजगारीका अवसरबाट जीविकोपार्जनलाई सहजता प्रदान गर्ने समावेश गरेका हुन्छन् तर तिनीहरूले लाभदायक जीविकोपार्जनका परिणामहरुले मार्गनिर्धारण गरेका हुन्छन । समाजमा भएका

मानवीय गतिविधि जीवनशैलीको तरिका मार्फत मुक्त गर्न सकिन्छ मानिसका बहुसंख्यक अभावबाट मुक्त हुनको लागि निर्धारित उदेश्य परिपूर्ति गर्न सक्दछन (DFID,1999)।

परम्परागत पेशाहरु स्थानीय समुदायका लागि आम्दानीको मुख्य स्रोत वा दैनिक जीविकोपार्जनको उपयुक्त आयाम हो । मानिसहरुको सामुदायिक विकास, सांस्कृतिक, आध्यात्मिक, धार्मिक, र प्राकिर्तिक पक्षहरूमा पनि महत्त्वपूर्ण भूमिका खेल्छन् । समाजमा गरिएका अभ्यासले पेशाहरू थप विविधता प्रदान गरेका छन् । समाजमा गरिएका अभ्यास कुनै विशिष्ट प्रकृतिका छन् भने थोरैले न्युन अभ्यास गरेका छन् । समाजमा जीविकोपार्जनको लागि पुरुष र महिलाहरू कहिलेकाहीं फरक, पूरक, भूमिका र परम्परागत पेशाहरूको आधारमा हुन्छन् । जीविकोपार्जन समुदायमा बसोबास गर्ने प्राकृतिक वातावरणमा रहेका श्रोत साधनमा आधारित हुन्छन् र परिवर्तित ज्ञानमा आधारित अभ्यासले विकासको रूपमा पुस्तादेखि विकसित भएका छन् । समाजमा भएका आवस्यकताको परिपूर्ति मार्फत पुस्तानतरणमा परिवर्तन आएको छ (FPP,2016)।

विकासका गतिविधि मार्फत ग्रामिण परिवारलाई दीर्घकालीन जीविकोपार्जनको लागि आवस्यक पर्ने श्रोतको समुचित रुपमा व्यवस्था गर्दछ । ग्रामीण क्षेत्रमा रहेको गरिबीलाई हटाउदै जीविकोपार्जनलाई सहजता प्रदान गर्नको लागी दिगोपनामा दीर्घकालीन योजनाको रणनीति बनाउनु पर्दछ । ग्रामीणक्षेत्रमा रहेका परिवारलाई परम्परागत रुपमा रहेको कृषिमा आधारित जीविकोपार्जन विभिन्न आयामबाट गैरकृषि उत्पादनका दिशातिर लैजानुपर्नेमा जोड दिएको छ । जीविकोपार्जनका लागि परिवारका सदस्य ग्रामिणक्षेत्र बाट विभिन्न तहगत पुँजीको आर्जन मार्फत आर्थिक, सामाजिक, सास्कृतिक, वातावरसँगको सम्वन्धलाई दिगोपनका लागि जोड दिएको छ यस प्रकारका श्रोतको माध्यम मार्फत जीविकोपार्जनमा महत्वपूर्ण टेवा पुऱ्याएको हुन्छ (Scoones, 2015) ।

हिन्दू बर्ण व्यबस्थामा आधारित नेपाली समाजमा जाति, वर्ग, वंशाणुगत, पेशासँग जोडिएको विषयमा रहेको छ । नेपालले कानुनको नजरमा सबै पेशा व्यबसाय समान हुने उल्लेख गरेको छ । पेशाको आधारमा भेदभाव गरिने छैन तर व्यवहारमा अझैपनि समानता आउन सकेको छैन । परम्परा, संस्कृति र रीतिरिवाजले मानिसहरुमा हुने भेदभावलाई शुद्ध र अशुद्ध रूपमा दुई खण्डमा विभाजन गरेको छ । जसमा अधिकाशं दलित समुदाय राजनीतिक र आर्थिक शक्तिको उपभोग गर्न पूर्ण रूपमा शोषित र उत्पीडित छन् । पेशाको

कारणले गर्दा दलित समुदायको पेसाको अभ्यासलाई निम्न स्तरको रूपमा लिइन्छ । नेपालमा कामी, दमाई, सार्कीको मुख्य काम फलाम, कपडा र छालाको काम बनाउने र मर्मत गर्ने हो । औद्योगीकरण र आधुनिक आर्थिक विकाससंगै आधुनिकीकरणले समुदायको पेशागत ढाँचा संरचनामा परिवर्तनको अभ्यास गरेको छ । ग्रामिण अर्थतन्त्रमा आधारित जीविकोपार्जनका गतिविधिलाई शहरी केन्द्रित भएको छ । कृषि पेसामा रहेको परिवारको आवस्यकता परिपूर्ति गिरावटको अनुपात संगै गैर(कृषि क्षेत्रमा अनुबन्धित भएका छन् । दलित पेसामा आधारित समाज पुस्तान्तरणसंगै परिवर्तन भएका छन् (ILO, 2005) ।

## २.२ जीविकोपार्जन परिवर्तन सम्वन्धी सिद्धान्त

सामाजिक जीवनस्तरलाई सहजता पूर्ण रुपमा संचालन मार्फत रणनीति, दिगोपना र क्षमता विकासको माध्यमले दिर्घकालिन सैदान्तिक कार्य गरेको हुन्छ । जीविकोपार्जन सम्वन्धी सैदान्तिक दृष्टिकोणमा निम्न व्याख्या गरिएको छ ।

### २.२.१ दिगो जीविकोपार्जन ढाँचा

ग्रामिण विकास र दिगो जीविकोपार्जनको अन्तर सम्वन्धको बारेमा दृष्टिकोण उल्लेख गरेको छ । यी दुईको अन्तर सम्वन्ध मार्फत ग्रामिण स्तरमा रहेका मानिहरुको जीविकोपार्जनका आयाममा सकारात्मक भूमिका निर्माण गरेको छ । विशेष गरि जीविकोपार्जन रुपरेखालाई विभिन्न संयन्त्रको विकास मार्फत मात्र सहज रुपमा निरन्तरता दिनको लागि निर्देशन गर्दछ । मानिसहरु कसरी स्रोतलाई सहज रुपमा पहूच पुऱ्याउने भन्ने विषयमा अध्ययन गर्दछ । मानवीय जीवनलाई सहज रुपमा संचालन गर्नको लागि आवस्यक पर्ने प्राकृतिक, भौतिक, मानवीय, सामाजिक र वित्तीय स्रोतहरुको समावेश गर्नुपर्नेमा जोड दिएको छ । जीवनस्तर सकारात्मक रुपमा संचालन गर्नको लागि संरचनात्मक र प्रक्रियागत विषयमाथि जोड दिएको छ यस अन्तर्गत नीति, नियम कानुन कार्यान्यन गर्नको लागि आवस्यक सरकारी तथा गैरसरकारी संयन्त्रको भूमिका मार्फत मनिहरुमा पहूच र जीविकोपार्जन क्षमतामा सकारात्मक भूमिका खेल्दछ । जीविकोपार्जन सहज संचालन गर्नको लागि निम्न आयामको भूमिका खेल्दछ । प्राकृतिक स्रोत जल जमिन र जंगल संगको सहज पहुचको सुनिश्चिता, मानवीय स्रोत आन्तरिक ज्ञान सिप क्षमता विवेक ,गुणस्तरीय स्वास्थ्य तथा शिक्षा सामाजिक शान्ति सुरक्षा अपनत्व र समानता, भौतिक स्रोत मानवीय जीवनको लागि

आवश्यक पर्ने सवारी साधन र उपकरण वित्तीय स्रोत नगद वचत ऋृण र अन्य आर्थिक कारोबार, माथिका विभिन्न दिगोपना कायम गर्नको लागि आवस्यक गतिविधिलाई जोखिमबाट मुक्त गर्नको लागि ग्रामिण समुदायका मानिसहरुलाई विकासमा जोड निरन्तरता दिनको लागि आय आर्जनमा बढोत्तरी, जलवायु परिवर्तन सन्तुलित कार्य राजनीतिक स्थिरता र सामाजिक असमानतामा न्यूनीकरण जस्ता कार्यमा जोड दिनु पर्दछ । व्यक्ति र परिवारहरुले आफ्नो जीविकोपार्जन हासिल गर्नको लागी विविध रणनीति अपनाउन सक्दछन । संरचना र प्रकृयाको माध्यम बाट मानिसहरुको जीविकोपार्जन निर्वाह गर्दै सम्बध र आय आर्जनमा बढोत्तरी जोखिमको न्यूनीकरण गरी प्राकृतिक स्रोतको दिगो उपयोग र संरक्षण गर्नमा जोड दिन्छ । दिगो जीविकोपार्जनको रुपरेखा मार्फत ग्रामिण समुदायले भोगेका जोखिम जटिलता र असमानता बाट मुक्त गर्नको लागि उपयुक्त दिगो समाधानको जोड दिन्छ । जीविकोपार्जनका दृष्टिकोणले आवस्यकताहरुलाई सहि रुपमा पहिचान गरी ग्रामिण समुदायको विकास प्रकियामा सक्रिय रुपमा सलग्नता रहन्छ (Scoones, 2015)।

### २.२.२ जीविकोपार्जनमा क्षमता दृष्टिकोण

क्षमता विकास एक व्यापक सैद्धान्तिक दृष्टिकोण हो । व्यक्तिको जीवनस्तरको स्वतन्त्रता र विकासलाई प्राथमिकतामा राख्दै प्रतिपादित भएको अवधारणाले परिवर्तन गर्न सक्ने मानकको रुपमा परस्तुत गरेको छ । व्यक्ति विशेषले प्राप्त गर्न सक्ने सम्भावना र अवसरलाई जनाउँछ । यी अवसरहरूमा शिक्षा, स्वास्थ्य सेवा, रोजगार, सामाजिक सहभागिता आदि समावेश हुन्छन् । व्यक्तिले आफ्नो जीवनशैली र विकल्पहरुको बहुआयामिक गतिविधिको अवसरमा ध्यान दिन्छ । जीवनस्तर सहज रुपमा सन्चालन गर्नको लागि आवश्यक पर्ने श्रोत साधनको सुनिश्चित मानकको पहिचान गर्नको लागि जोड दिएको छ । स्वतन्त्रता जडित मानवीय विकासको रुपमा क्षमताले मुख्य भूमिका खेलेको हुन्छ । क्षमता विकासले समृद्ध तर्फ उन्मुख हुनको लागि सकारात्मक भूमिका खेलेको हुन्छ । यसमा बाँच्न खाद्य बस्तुको प्रयाप्तता, स्वस्थ रहनको लागि स्वास्थ्य केन्द्रको सहज पहुच, शिक्षित स्थिति सुधार गर्नको लागि आधारभूत देखि उच्च तहसम्म शिक्षाको पहूच, स्वतन्त्र जीवनयापनको लागि नीतिगत र कानुनी व्यवस्था तथा सामाजिक गतिविधिहरूमा संलग्न हुनजस्ता कुराहरू समावेश हुन्छन् । परिवर्तन गर्नको निम्ति स्वतन्त्रताले महत्वपुर्ण भुमिका खेलेको हुन्छ । व्यक्ति विशेषको वास्तविक स्वतन्त्रता र विकल्पहरूको माध्यमबाट

कल्याणको आधार  निर्माण गरेको हुन्छ । गरिवी, अभाब,असमानता र विभेदबाट मुक्त हुनको लागि  यसले आर्थिक बृद्धी संगै  स्वतन्त्रता र अवसरहरूको विस्तारलाई पनि महत्त्व दिन्छ । गरिबीको समाधानका लागि व्यक्ति विशेषको स्वास्थ्य, शिक्षा, सामाजिक समावेशीकरण र अन्य आवश्यकताहरूको पूर्तिमा जोड दिनुपर्दछ। मानिसहरूको वास्तविक जीवनस्तर, स्वतन्त्रता र अवसरहरूको विस्तारमा पनि ध्यान दिनुपर्दछ । जसको माध्यम मार्फत व्यक्तिको वास्तविक जीवनमा आवस्यकताको परिपुती गर्दै जीवनस्तरमा परिवर्तनको कार्य सम्भव हुन्छ। क्षमता विकासको माध्यमबाट समग्र मानिसहरुको जीवनस्तरमा सुधार गर्न सक्दछ (Sen, 1999)।

### २.२.३ जीविकोपार्जनमा विविधिकरण

विकासोन्मुख मुलुकको घरपरिवारमा रहेका सदस्यको दैनिक आवश्यकता परिपूर्ति गर्नको लागी विभिन्न पेशा, व्यवसायसँग आवद्धता भैरहेका हुन्छन ग्रामिण भौगोलिक गतिविधीमा रहेका मानिसको जीविकोपार्जन गर्नको लागि दीर्घकालीन रणनीति बनाउनु पर्न आवश्यकता बढदै गएका छन । ति आवश्यकता परिपूर्ति गर्नको निम्ती आम्दानीका स्रोतको रुपमा वहुआयामिक तहवाट विश्लेषण गरी अध्ययन गरिएको छ। आर्थिक तथा भौतिक संरचना मार्फत जीविकोपार्जन लाई थप मजबुत बनाउनुपर्ने आवश्यकता रहेको छ । परम्परागत रुपमा विकास भएका एसिया र अफ्रीकाका समाज कृषि, पशुपालन, दैनिक ज्यालादारी काम जीविकोपार्जन गरी सहज तरिकाले परिवारका आवश्यकता परिपूर्ति गर्ने र गराउने गर्दथे । ग्रामिण समाजका जीविकोपार्जनका आवश्यकता पनि क्रमश विस्तार हुदैगएका छन् । समाजको संरचनामा रहेका जनसंख्यामा बृद्धि, व्यापक गरिबी, न्यून आय, श्रोतको वितरण, स्रोतमा पहुच सुनिश्चित गर्ने कार्य, उत्पादन र उत्पादकत्व विकासका गतिविधि निर्भर रहेको हुन्छ  । समय परिवर्तन सँगै  आवश्यकता परिपूर्ति गर्नको लागि बहुआयामिक स्रोतको सुनिश्चिता गर्नुपर्ने मापदण्डको शुरुवात गरेको छ पर्दछ । गरिबी, स्रोतको अभाव, जोखिम र प्राकिर्तिक तथा मानबिय कारणले हुने प्रकोपबाट मुक्त हुन सक्नुपर्दछ। मानबिय जिबनलाई सहज रुपमा संचालन गर्नको लागि आर्थिक तथा सामाजिक रुपमा विविधिकरण गर्ने कार्यमा जोड दिएको छ ग्रामिण अर्थतन्त्रलाई सहज रुपमा संचालन गर्नको लागि नीतिगत, आर्थिक, सामाजिक जोखिमको न्यूनतम कायम गर्ने, सेवा प्रबाह, विप्रेषण, शहर केन्द्रित आर्थिक विकास मार्फत मानिसहरुले भूमिका संचालन गर्न समेत आर्थिक

गतिविधिलाई बहुआयामिक तरिकाले रणनीति संचालन गर्नु पर्दछ । ग्रामिण स्तरका मानिसहरुको न्यून जीवनस्तरलाई सहजताका साथ संचालनको लागी जोखिमबाट मुक्त हुनको आवस्यकता जरुरी रहेको छ (Ellis, 1998) ।

प्राकृतिक स्रोतको प्रयोगलाई वर्तमान पुस्ताको आवस्यकतालाई सहज र सरल रुपमा परिपूर्ति गरी भावी पुस्ताको आवश्यकतासंग सम्झौता नगरी स्रोतको समुचित रुपमा संचितगरी बृधि , विकास र सन्तुलन कायम गर्नकोलागी र पुनस्प्राप्ती मार्फत सन्तुलन कायम राख्ने कार्यलाई जीविकोपार्जनमा दिगोपनको आवस्यकता रहन्छ । जीविकोपार्जनका रणनीति मार्फत मानवीय आवश्यकता लाई सरल र सहज रुपमा संचालनगरी दिर्गकलिन लक्ष्य परिपूर्ति गर्ने मापदण्डको अभ्यास गरेको हुन्छ समाजमा भएका हरेक लक्ष्य प्राप्त गर्नको लागि छनोटको संयोजन समावेस गरेको हुन्छ । उत्पादन, उपभोग, वितरण, लगानीका क्षेत्रमा सरलीकृत गरी जीविकोपार्जनका गतिविधिलाई थप मानवीय हितमा प्रयोग गर्न सकिन्छ । भौगोलिक रुपमा पछाडी परेका मानिसहरुको जीवनयापन गर्ने गतिविधिलाई सहजताका साथ सम्पन्न स्रोतको विविधिकरणमा जोड दिएको छ आर्थिक रुपमा सबल र सक्षम भइ जीवनस्तर संचालन गर्नको लागि सामाजिक सास्कृतिक र वातावरणीय सन्तुलनमा जोड दिनु पर्दछ विकासका दृष्टिकोण समाजमा लागु गर्न सकिने सुक्ष्म तरिकाले अध्ययन मार्फत ग्रामिण गरिवी र अभाबबाट मुक्त गर्नको लागी केन्द्रित हुनु पर्नेमा जोड दिएको छ । ग्रामिण समुदायसंग सहभागिता मुलक बनाई न्यायपूर्ण बनाउनको लागि समुदायमा जोड दिनु पर्दछ । विकासका कार्य सम्पन्न गर्नको लागि समाजमा भएका समाजमा सबैभन्दा तल्लो वर्गका मानिस र अभाव जोखिमको स्तरमा रहेका मानिसको जीवनस्तर उकास्नको लागि केन्द्रितमा जोड दिन्छ । ग्रामिण समुदायमा रहेका मानिसहरु रोग, भोग, अभाव, भोकमरी जस्ता समस्याबाट मुक्त गर्नु पर्दछ । दिगो जीविकोपार्जनको दृष्टिकोण मार्फत मानवीय हकहित, कल्याणमा जोड दिनु पर्दछ (Chamber, 1983) ।

ग्रामिण जीविकोपार्जनलाई सहज रुपमा संचालन गर्नको लागी व्यक्तिगत अवस्था र आवस्यकतामा जोड दिनुपर्दछ । मानवीय जीवनको आवस्यकता परिपूर्तिको लागी परम्परागत कृषि, पशुपालन, ज्यालादारी श्रम गर्ने गरेका छन् । समयको विकासक्रम संगै आवस्यकताका गतिविधी निरन्तर रुपमा बढ्दै जादा केन्द्रित हुनु पर्नेमा जोड दिएको छ । विकासको दृष्टिकोणले पछाडी परेको समुदाय खाद्य बस्तुको न्यून उत्पादन

अशिक्षा,बेरोजगारी,असमानता, विभेद, पछौटेपन जस्ता कारणले गर्दा ग्रामिण क्षेत्रमा बसोबास गर्ने मानिसहरुको जीवनस्तरमा उधापचढाप आएको छ । जसको कारण जीवनस्तरमा अस्थिरता कायम रहेको छ माथिका कारण विशेस गरेर सन्तुलित भूमिसुधार नहुनु, राजनीतिक आस्थिरता, दीर्घकालीन योजनाको अभाव कायम रहनु रहेको छ । ग्रामिण मानिसहरुले सम्भावना र अवसर पाएको खण्डमा जीवनस्तर सुधार हुनेमा जोड दिएको छ । जीविकोपार्जनका गतिविधीलाई सहजता रुपमा गर्नको लागी सहर केन्द्रित हुदै गएको छ सहरमा विकासका पूर्वाधार सहज पहूच शिक्षा स्वास्थ्य रोजगारीको उपलब्धता जस्ता कार्यले समेत केन्द्रित गरेको छ (Murray, 1996)।

क्षमता र पुजीलाई कायम राख्न वा वृद्धि गर्न, सन्तुलन कायम गर्न र पुनः प्राप्ति गर्न सकिएमा जीविकोपार्जन दिगो हुन्छ जीविकोपार्जन रणनीतिले आफ्नो जीविकोपार्जनका लक्ष्यहरू प्राप्त गर्नका लागि मानिसहरूले गर्ने गतिविधी र छनौटको संयोजन समावेश गर्दछ । यसले उत्पादक, उपभोग, वितरण, लगानी रणनीति समावेश गर्दछ । जीविकोपार्जनका रणनीतिलाई  समयमै कायम गर्न सकेमा परिवर्तन हुन्छन् । भौगोलिक रूपमा घरपरिवारसहितको क्षेत्रभरि जीविकोपार्जन रणनीतिको विविधता छ । मानिसहरूसँग आफ्नो जीविकोपार्जन रणनीतिहरूमा जति धेरै छनोट र लचिलोपन हुन्छ तिनीहरूको सन्दर्भको जोखिम र अभाबहरू सँग खडा हुने वा अनुकूलन गर्ने क्षमता हुन्छ । मानवीय गतिविधीलाई जोखिमबाट मुक्त गर्नको लागी मानिसका आवस्यकता सहज परिपूर्ति कायम गर्नको लागी स्रोतको समुचित प्रयोग र उपयोगमा जोड दिनु पर्दछ  DFID, 2002) ।

मानिसहरुको आत्मनिर्भर हुनको लागि आर्थिक परिवर्तन हुने सम्भावना धेरै हुन्छन । स्थानीय रूपमा आफ्नो आवस्यकता पूरा गर्न पर्याप्त अन्न र नगद कमाउन असमर्थ छन् । मानिसहरु समाधानको रूपमा बसाइसराइ गर्ने अध्ययन अन्तर्गत रहेको छ । धेरै दलित युवाहरू अस्थायी रूपमा कमाउनका लागि भारत र खाडी देशहरूमा बसाइँ सरेका छन् । अस्थायी बसाइँसराइको यो प्रवृत्तिले दलित परिवारहरूको आर्थिक स्थितिमा ठुलो वृद्धि गरेको देखिन्छ तर यस अध्ययन क्षेत्रअन्तर्गत दलितहरूको आर्थिक गतिविधिको नजिकबाट अवलोकन गर्दा चार दशकको अवस्थामा दक्षिण एसियामा आर्थिक  परिवर्तनका धेरै अध्ययनहरूले विकासले तल्लो जातहरूको स्थिति खस्किदो  अवस्था रहेको  खुलासा गरेको छ । तल्लो जातका मानिसहरु  एउटै अवस्थामा सधैं र सबै ठाउँमा लागु नहुन सक्छ ।

विकासले आर्थिक गतिविधिका नयाँ सीमाहरू खोल्छ । जसलाई निम्न जातिहरूले पनि राम्रो आम्दानीको उपयोग गर्न सक्छन् स्थानीय रोजगार बजार विस्तार हुन्छ, तिनीहरूले काम प्राप्त गर्न सक्दैनन् । सम्भवत: जातीय भेदभाव र अशिक्षित भएका कारण शिक्षा प्रभावित रोजगार क्षेत्रमा धेरै पछाडि छन्, तर स्थानीय श्रम बजारमा तिनीहरू प्रभुत्वमा छन् र विशेषाधिकार प्राप्त गरेको देखिन्छ (Caplan, 1972)।

## २.३ दलित सम्वन्धी गरिएका व्याख्या

सामाजिक, धार्मिक र आर्थिक पक्षहरु विचमा जोड दिएको छ । प्रत्येक समाजमा जातको शुद्ध र अशुद्ध विचको तहगत स जात व्यवस्था पदसोपनमा आधारित रहेको छ । हिन्दु वर्ण व्यवस्थामा आधारित भारतीय समाजमा पदसोपन म्बध रहेको छ । पवित्र र प्रदुषण आधारमा पहिचानका शुद्धता कायम गर्ने अवधारणा छराखेको छ । उच्च जातिहरु पवित्र मानिन्छन भने तल्लो जातिहरु बढी प्रदुषित मानिन्छन । जातिका समुह विचमा सम्बध रहन्छ । जातिको विचारधाराले व्यावहारिक अभिव्यक्तिहरु कडा सिमाहरु र अनुक्रमलाई जोड दिदै गर्दा व्यावहारमा केहि लचकता र सम्झौता देखिन्छ । भारतीय समाजमा आधुनिकता मूल्य मान्यताको प्रभावले परम्परागत सामाजिक व्यवस्थालाई अव्यवस्थित बनाएकोको छ (Dumont,1998) ।

जाति एक गतिशिल र विकसित हुदै गएको प्रणाली हो । जसलाई विभिन्न सामाजिक, आर्थिक र राजनीतिक कारणहरुले प्रभाव पर्दछ । आधुनिकताले परम्परागत रुपमा रहेका जातिय व्यवस्थाहरुलाई केहि हदसम्म कमजोर बनाएता पनि नयाँ प्रकारका भेदभाव र सामाजिक स्तरीकरण सिर्जना गरेको छन् । जातीय पहिचानहरु सामाजिक तथा सस्किर्तिक मान्यता मार्फत कायम गरिन्छन । जातीय स्तरहरु राजनीतिक प्रभाव र सामाजिक पुजीमा नियन्त्रण मार्फत बलियो बनाएको छ । आर्थिक रुपमा सबल हुन् सकेमा समेत शिक्षा, रोजगारी र स्रोतहरुमा पहूच स्थापित गर्दछ । विभिन्न संस्कार संकति, चालचलन, पेसा, व्यावसाय,परम्परागत पेसाहरुले विभिन्न अभ्यास मार्फत एक जातिलाई अर्को जाती भन्दा फरक र अलग अलग रूपमा चिनाउन्छ (Gupta, 2000) ।

सामाजिक स्तरीकरण र वर्ग विभाजनमा मुख्य आधार जात व्यावस्था पनि हो । जुन जन्मका आधारमा मानिसको स्तर निर्धारण हुन्छ । समाजमा व्यक्तिका हैसियत के हुने, कस्तो हुने, के

पेसा गर्ने भन्ने विषय जन्मजात नै निर्धारण हुने गर्दछ । जात व्यक्तिको सामाजिक स्तरीकरण निर्धारण गर्दछ । जात व्यावस्थामा रहेका गुणात्मक पक्ष र जन्मजात रुपमा स्थापित भएका सामाजिक हैसियतले जात वर्गको रुपमा स्थापित हुन्छ Giddens,2006) ।

जात समाजलाई स्तरिकरण गर्न एक सामाजिक अवस्था हो, जुन हिन्दु धर्ममा आधारित सामाजिक मूल्य, मान्यता परम्परामा आधारित सामाजिक संरचना रहेको छ । जातिय समाजमा धेरै समानताहरु हुदैनन् । असमानता व्यापक रूपमा रहेका हुन्छन । जात व्यावस्थाले समाजका मानिसहरुलाई विभिन्न फरक फरक खण्डहरूमा विभाजित गरेको हुन्छ । ति प्रत्येक खण्डका मानिसहरुको सामाजिक मूल्य, मान्यता, नैतिकता, चालचलन, रितिरिवाज, संस्कार एवम सामाजिक हैसियत समेत असमान हुने गर्दछन । हिन्दू वर्ण व्यावस्था आधारित जातिय प्रणाली चार जातमा विभाजित छ । जसमा ब्राहमण, क्षेत्री, वेश्य र शुद्र पर्दछन। जातीय समाज प्रत्येक जात पूर्ण रुपमा विकसित सामाजिक समुहहरू हुन । जसको सदस्यता जन्मका आधारमा गरिएको हुन्छ जातिय व्यावस्थामा सामाजिक गतिशिलता प्राय शुन्य अवस्थामा चलेको हुन्छ। समुहहरु आफ्नै परम्परागत हैसियत पेशा, नियम र निरन्तरता रहने गर्दछन (Ghurye,1950) ।

नेपालको पहिलो लिखित् संहिताबद्ध कानूनको रुपमा प्रधानमन्त्री जंग बहादुर राणाको पालामा बनेको वि.सं. १९१० को मुलुकी ऐनलाई लिईन्छ । यस मुलुकी ऐनले नेपालमा जातीय पदनुक्रमलाई मूख्यगरी पाँच तहमा विभाजन गरी कानूनी रुपमा लागु गरेको थियो। १९१० को मुलुकी ऐन अनुसार निम्न छन् :

१) जनै लगाउनेहरुको जातीय समूह तागाधारी (उपाध्याय वाह्मण, राजपुत ठकुरी, जैसी, क्षेत्री, देउभाजु नेवार वाह्मण, भारतीय ब्राह्मत्र, जोगी, विभिन्न नेवार जातहरु),

२) मदिरा पिउनेहरुको जातीय समुह नमासिन्या मतवाली (मगर, गुरुङ, सुनुवार र अन्य केही नेवार जातहरु),

३) मदिरा पिउनेहरुको जातीय समुह मासिन्या मतवाली (भोटे, चेपाङ, कुमाल, हायु, बारु घर्ती),

४) अशुद्ध तर खुनयोग्य जातीहरु पानी नचल्ने, छोइछिटो हाल्न नपर्ने (कसाई, कुसुने, हिन्दु धोवी, कुलु, मुसलवान),

५) अशुद्ध जातहरु पानी नचल्ने, छोइडिटो हाल्नुपर्ने (कामी, सार्की, कदरा, दमाई, गाईने, बादी, पोडे, च्यामे) ।

यी जातीय समूहहरुमा पनि तागाधारी, नमासिन्या मतवाली, मासित्वा मतवालीलाई जातीय श्रेणी पहिलो अनि पानी नचल्ने, छोइछिटो हाल्नु नपर्ने र पानी नचल्ने, छाईछिटो हाल्नु पर्ने जातीय समुहलाई दोस्रो श्रेणीमा राखिएको थियो। यस जातीय व्यवस्था भित्र भात र पानी चल्ने नचल्ने नियमको समेत व्यवस्था गरेको पाईन्छ । जनै लगाउने जातीहरु द्वारा छोडएको पानी र भात दुबै अन्य सम्पुर्ण जातीहरुले स्वीकार्ने तर उक्त समूहले मतवाली समूहले छोएको पानी स्वीकार्ने तर भात स्वीकार्दैनन् भने अशुद्ध जातीहरुले छोएको पानी र भात दुवै उच्चजातीहरुले स्वीकार्दैनन् तर मुलुकी स्वरुपलाई अन्त्य गरेको छ (Hofer, 2004) ।

हिन्दु समाजमा वर्ण व्यवस्था अनुसार अछुत बनाइएका अनगिन्ती जात लाई साझा नामका रुपमा दलित शब्दले सम्बोधन गर्ने व्यक्ति भारतका दलित नेता भीमराव अम्बेडकर थिए । सन् १९२७ को वरिपरी देखि उनको नेतृत्वमा भारतमा चलेको दलित आन्दोलनको क्रममै दलित शव्दको प्रयोग व्यापक बनेको थियो . यसरी प्रयोग हुने क्रममा दलित शब्द हिन्दु समाजमा विभिन्न जातीय समुहभित्रका अछुत बनाइएका जातहरुको साझा समुहगत नामका रुपका स्थापित हुन पुग्यो । वर्ण व्यावस्थाको नियम अनुसार कुनैपनि जात एक अर्का जातसँग बराबर नहुने र अनिवार्य रुपमा छुवाछुत हुने परम्परा लाई निरन्तरता दिदै जादा समाजमा विकास भएका सबै जात उचनिचको तहगत सम्बन्ध आधारित हुन पुगे । वर्ण व्यवस्थाका स्वरूपहरू विस्तारै परिवर्तन हुँदै जादा जातको रूपमा विकास भए । जात व्यवस्थाले विस्तारै उनिहरुले अंगालेका पेशामा समेत निरन्तरता पाएको छ । खस-आर्य समुदायमा (पहाडी दलित), मधेशी समुदायमा (मधेशी दलित) र नेवारी समुदायमा (नेवारी दलित) गरी तीनवटा समुदायमा विभाजित छन् (आहुती, २०७७) ।

प्राचीनकालको सुरुमा परिवारका विभिन्न सदस्यहरूले पेशाको आधारमा फरक- फरक पेशामा संलग्न हुन पाँउथे तर समयको परिवर्तन सँगै मध्य युगमा आएर जन्म नै पेशा चयनको मुख्य आधार हुन पुग्यो । प्राचीनकालदेखि जातीय प्रथा रहेको लिच्छवीकालमा पेशागत चार वर्ण नै चारजातको रूपमा विभक्त भई समाजमा हालपनि विद्यमान रहेको छ । हिन्दु धर्मको जाति व्यवस्थामा सवैभन्दा तल्लो जाती दलित समुदाय शूद्र जातिमा राखेको पाइन्छ । शुद्रका पनि विविध जातिहरू छन् । प्राचीन काल देखि विद्यमान जाति प्रथामा

लिच्छवीकालमा जरो गाडेको जातिप्रथा मल्लकालमा पनि प्रभावकारी रूपमा रहयो । यसलाई अझ बलियो पार्ने काम जयस्थिति मल्लले गरेका थिए । सामाजिक मान्यता स्वरूप राजा सुरेन्द्रको पालामा ऐन कानुनमा समेत जाति प्रथाले स्थान पाई झन् सबल र ससक्त रुपमा मौलाउदै आएको पाइन्छ ।

दलित भनेको नेपालको परम्परागत जातीय व्यवस्थामा तल्लो जातमा पर्ने दलित समुदायमा पर्ने (पहाडी दलित , नेवारी दलित ,मधेशी दलित ) सामाजिक, सांस्कृतिक, र राजनीतिक पहिचानलाई जनाउँछ ऐतिहासिक रूपमा दलितलाई अछुत भनेर भनिन्थ्यो दलित समुदायको मानवीय र भौतिक रुपमा गम्भीर असमानता विभेद र सामाजिक बहिष्कारको सामना गर्नुपर्थ्यो दलितपन को अवधारणा दलित व्यक्ति र समुदायको भावना, अनुभव, संघर्ष र आकांक्षालाई समेट्छ, जसले समानता, न्याय, र मर्यादाको खोजी गर्छन् । यो पहिचान केवल ऐतिहासिक र निरन्तर भइरहेको उत्पीडनका अनुभवद्वारा मात्रै नभई जातीय विभेदलाई चुनौती दिन र हटाउन सामूहिक प्रयासद्वारा पनि आकार दिइएको छ दलित ले सकारात्मक आत्म-पहिचानलाई आत्मसात गर्न र दलित समुदायको अधिकार सामाजिक, आर्थिक, साँस्कृतिक रुपमा सबलताका लागि जोड दिन पनि सकेको छ बुझाउँदछ (NDC, 2080)।

नेपालमा दलित समुदायको अवस्था शिर्षकको प्रतिवेदनले नेपालमा दलित समुदायको श्रम स्थिति र रोजगार सम्बन्धी विभिन्न पक्षहरूलाई विश्लेषण गरेको छ । यो प्रतिवेदनले दलितहरूको श्रम बजारमा पहुँच, रोजगारका अवसरहरू, कार्यस्थितिको अवस्था, श्रमिकको अधिकार बारेमा अध्ययन गरेको छ । दलित समुदायलाई प्राय रोजगारमा भेदभावको सामना गर्नु पर्ने स्थिती आएको देखिन्छ । उनीहरूलाई कम तलब, असुरक्षित र अस्थायी कामहरूमा सीमित गरिन्छ । शिक्षा र सिपको कमीले गर्दा दलित समुदायमा रोजगारका अवसरहरू सीमित भएका छन् । शिक्षाको अभावले गर्दा उनीहरूलाई सम्मानजनक र स्थायी रोजगारी पाउन कठिन भएको छ । न्युन आयका कारण दलित समुदायमा जीविकोपार्जन गर्नका लागि चर्को ब्याजदरमा ऋण लिन बाध्य छन् । जसले उनीहरूलाई ऋणको दुष्चक्रमा फसाउँछ । यो समस्याले उनीहरूको आर्थिक स्थिति झन् जटिल बनाउँछ । दलित श्रमिकहरूले श्रमिक अधिकारहरू प्राप्त गर्नमा कठिनाइ भोगिरहेका छन् । मजदुर संगठनहरूमा उनीहरूको प्रतिनिधित्व न्यून छ । उनीहरू अक्सर शोषणको सिकार हुन्छन् । वर्तमान समय दलित

समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक विभेद परिवर्तित अधिकार सम्बधसंगै पुस्तान्तरमा समेत समानता खोज्नुपर्नेमा जोड दिनुपर्ने उल्लेख गरेको छ (ILO, 2005)।

नेपालमा शताब्दीदेखि पुरानो जाति व्यवस्था कायम रहिरहेको छ। यस प्रणाली अन्तर्गत दलित समुदाय लाई भेदभाव तथा अछुत मानिसहरुको रुपमा, सार्वजनिक सुविधाहरूको प्रयोगमा प्रतिबन्ध, आर्थिक अवसरहरूबाट वञ्चित तथा राज्य र समाजद्वारा सामान्य उपेक्षाबाट पीडित छन्। हाल देशमा २० भन्दा बढी दलित जाति समूहहरू अवस्थित छन्। जाति समूहको पहिचान गर्नु समस्यापूर्ण छ। यसका लागि विभिन्न जातीय समूह र भौगोलिक क्षेत्रका विविध संस्कृतिहरूको अध्ययन आवश्यक छ।

## २.४ दलित समुदायको जीविकोपार्जन परिवर्तन सम्वन्धी गरिएका अध्ययन

विगतमा रहेको मुलुकी एनले कानूनी रुपमै व्यवस्था गरी नेपाली समुदायलाई पेसाका आधारमा जातको विभाजन गर्दै परिभाषित गरिएको छ। जातगत रुपमा रहेको तहगत पेशागत व्यवसाय हाल परिवर्तन भएको छ। नेपालको विभिन्न भौलोगिक क्षेत्रमा रहेका दलित समुदायको जीविकोपार्जन पेसाको आवस्थाको बारेमा अध्ययन गरिएको छ। दलित समुदायलाई पहाडी दलित, नेवारी दलित र मधेशी दलितका रुपमा विभाजन गरी तिनिहरुको अवस्थाको बारेमा रहेको बिगतको न्यून स्तरको काम गर्ने र सो वमोजिमको ज्याला प्राप्त गर्ने अवस्था, बालीघरे, वर्षभरि काम गरे वापत वर्षमा उब्जनी भएका बाली प्राप्त गर्ने चलन, रितिभाग्य, हलिया जातिय पेसामा मात्र सीमित रहेका थिए। विभिन्न समुदायमा रहेका दलित र गैरदलितहरु समयको विकासक्रमसँगै विस्तारै पुस्ता परिवर्तन गर्दै परम्परागत पेसाबाट आधुनिक श्रम वजारमा प्रवेश गर्ने थालेका छन्। जातीय पेसाहरु अपरिवर्तित नभई समाजको परिवर्तन सँगै बुझ्नु पर्दछ। हिजोको नेपाली समाजमा रहेको जातमा आधारित श्रमको विभाजन संगै जातगत रुपमा रहेको तहगत भिन्नता बिस्तारै कमजोर हुदै गएको छ। परिवर्तित सोच, शिक्षाको विकाश, बजारको विस्तार, पूजीको विस्तार, पुस्तावारी आयआर्जन, सामाजिक परिबर्तन, बिज्ञान र प्रबिधिमा पहुँच, बैदेशिक रोजगार, वसाईसराई, समाजिकीकरण जस्ता कुराले जातीय पेसामा बिस्तारै परिबर्तन आएको छ। दलित समुदायको पेसामा थप व्यवसायिक बन्ने प्रचलन, ज्यालादारी श्रमले आर्थिक रुपमा सबल र उच्च जातमा मात्र सीमित एकाधिकार कमजोर हुदै गएको छ। मुलतः हिजोको समाजमा दलितले उच्च जातको सेवामा समय श्रम खर्चिनुपर्न, शोषणमा

आधारित बालीघरे प्रथा, खलो प्रथा जस्तो काम बिस्तारै कमजोर हुँदै गएको छ । वर्तमान समयमा पुस्तावारी पुस्तामा रहेको जातीय पेसा बाध्यकारी छैन । दलित समुदायले पनि आम्दानीको आर्थिक स्रोतलाई विभिन्न पेसाको आधुनिकीकरण, ज्यालादारी श्रम, गैरकृषि, बैदेशिक रोजगारको क्षेत्रमा परिवर्तन भएको छ (Luintel, 2018) ।

अन्तरपुस्ता पेसाको परिवर्तन अनुसार बाजे, बाबु पुस्तामा रहेका/गरेका पेसा व्यबसाय बदलिदो समय अनुसार छोरा, नाती पुस्तामा आउदा जीविकोपार्जनका आयमुलक कार्यमा नयाँ आयामको रुपमा विस्तार भएको अवस्था हो । अन्तरपुस्तामा पेसा परिवर्तनका कारण पारिवारिक आय, शिक्षा, बातावरण अवस्थिति, सास्कृतिक अवस्थाले परिवर्तनको मुल्य मान्यता आत्मसाथ गरेको छ । बहुसंख्यक अध्ययन अनुसार आर्थिक र सामाजिक विभेद र असमानताका नकरात्मक कारणले गर्दा पुस्तान्तरणमा परिवर्तनका नयाँ तरिकाले जीविकोपार्जनका गतिविधिमा परिवर्तन आएका छन् । व्यक्तिगत  क्षमतामा बृद्धि, आय स्तरमा बृद्धि, सचेतनाको अभिबृद्धि, बदलिदो अन्तराष्ट्रिय सञ्जालिकरणमा आवद्धता, शहर केन्द्रित आर्थिक पुर्वाधार विकासले समेत पुस्तान्तरणमा पेसामा परिवर्तन आएका छन् । अघिल्लो पुस्तामा रहेको निर्वाहमुखी पेसालाई परिवर्तन गरी पछिल्लो पुस्तामा तत्काल नगदमा परिणत गर्ने सकिने पेसातर्फ आकर्षित बढेको छ । बाबु पुस्तामा रहेका सामाजिक र आर्थिक असमानता विभेद र न्यून आयमुलक कार्यले जीविकोपार्जनका आवश्यकता सहज रुपमा परिपूर्ति हुन सक्ने यथेस्ट करणको पहिचान हुन नसक्दा नयाँ पेसा व्यवसायको सुरुवात भएको हो । एक अध्ययन अनुसार सोहि समान समाजमा परिवर्तन सम्भव हुन नसक्ने आधार पहिचान गरि फरक समाज र आधुनिकता  तर्फ समेत प्रबेश गर्ने जमातको बृद्धि भएको छ । व्यक्तिगत  क्षमता, सोच, आत्मसम्मान, सामुहिकता, विकास, लगानीको सहज वाताबरण उधमशिलता, उत्पादन र उपभोगका क्रियाकलापमा अर्थपूर्ण समन्ययको धारणा निर्माण गरेको हुन्छ । अन्तरपुस्ताका समान चहाना,  इच्छा, आकांक्षा परिवर्तनका सम्बाहक हुन  । सो अध्ययन अनुसार धादिङको गजुरी गाउपालिकाबाट पछिल्लो पुस्ताका व्यक्तिहरुको शिक्षा, रोजगारी, बसाइसराइ, सहर केन्द्रीत विकास, सूचना संचारको प्रयोग, पेसा  व्यापार व्यवसाय, बैदेशिक रोजगार  र आधुनिकता प्रवेश संगै काठमाडौं र नारायणगढ जस्ता आधुनिक सहर पस्ने ग्रामिण जनताको जमातमा निरन्तर बृद्धि हुदै गएको छ (Aryal et. al 2019) ।

हिन्दु वर्ण व्यवस्थामा परम्परागत कालदेखि जातीय सामाजिक स्तरीकरणमा आधारित सामाजिक स्तरिकरण कायम रहेको छ । जुन तहगत प्रणालीमा दलित समुदाय तल्लो स्तरमा रहेका छन् । दलित समुदाय वीचमा समेत पेशागतरुपमा फरक-फरक अन्तरसम्बन्ध कायम रहेका छन् । बदलिदो समय घटना क्रम अनुसार दशक लामो नेपाली समाजमा चलेको राजनीतिक संक्रमणकालिन अवस्थाका कारण दलित समुदायमा जीविकोपार्जनका नयाँ-नयाँ आयाममा समेत स्थानान्तर सुरुवात भएका छन् । परम्परागत पेसा व्यावसायमा मात्र सीमित रहेका चेतनाको विस्तार, शिक्षामा सहज पहुँचको अवस्था, परम्परगत पेसाले जीविकोपार्जनमा कठिनाइका कारण पुस्तान्तरणमा नयाँ क्षेत्रमा परिवर्तन भएका छन् । दलित समुदायमा शिक्षाको सचेतनासँगै अन्तर्राष्टिय श्रम बजार लाई जीविकोपार्जनको सहजता ल्याउने माध्यमको रुपमा व्याख्या गरेको छ । दलित समुदायमा रहेको न्यून सहभागितामुलक सामाजिक तथा राजनीतिक कार्यको पहुँचको विस्तार हुँदै गएको छ । सामाजिक विभेदको रुपमा रहेका पेसा व्यावसायमा विस्तारै नयाँपन र सम्मानजनक पेशाको रुपमा समेत विकास गर्न बदलिदो राजनीतिक परिस्थितिले मद्दत पुर्‍याको देखिन्छ । विभेदको रुपमा रहेका जात व्यवस्था न्यूनिकरण गर्नको लागि अन्तर्राष्ट्रिय श्रम बजारको आबद्धतासँगै आर्थिक आयामले बिस्तारै दलित समुदायमा जीविकोपार्जन कार्यलाई सहजता प्रदान गरेको छ । रामेछापमा गरिएको अध्ययन अनुसार दमाई समुदायमा गैरसरकारी क्षेत्रको आबद्धता संगै अन्तरपुस्तामा ग्रामिण स्तरमा रहेका छोरा नाती अन्तर्राष्ट्रिय श्रम बजारमा आकर्षित भएका छन् (Sunam, 2014)।

पेशा भन्नाले उद्योग वा व्यक्तिको रोजगारीको स्थितिलाई ध्यान नदिई रोजगारीमा संलग्न पुस्ताले निश्चित समय अवधिमा गरेको कामको प्रकारलाई जनाउँछ । पेशाको जानकारीले व्यक्तिको कामको विवरण प्रदान गर्दछ । वर्तमान सन्दर्भमा, कार्य भन्नाले एउटा पुस्ताले गर्ने कार्य समुह वा कर्तव्यको रूपमा परिभाषित गरिएको छ जुन एक व्यक्ति द्वारा गरिन्छ । व्यक्तिहरूलाई उनीहरूको कामसँगको सम्बन्ध मार्फत पेसाद्वारा वर्गीकृत गरिन्छ । एउटै काममा धेरै फरक कार्य गतिविधिहरू वा यससँग सम्बन्धित कर्तव्यहरू हुन सक्छन् । अन्तरपुस्ताको पेशागत परिवर्तनले बुबा र छोरा वा एक पुस्ता र अर्को पुस्ताका परिवारका सदस्यहरूका बीच पेसामा हुने परिवर्तनलाई जनाउँछ । यसले व्यक्ति वा व्यक्तिहरूको पेसामा परिवर्तन देखाउँछ, जुन अभिभावकको पुस्ता भन्दा फरक छ । आम्दानी, शिक्षा, लिङ्ग, जाति, वातावरण, संस्कृतिसँगै पेशा सम्भावित सामाजिक गतिशीलताका केही निर्धारकहरू

हुन् । यी मध्ये पेशाले सामाजिक गतिशीलता निर्धारण गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । सामाजिक गतिशीलता सम्बन्धी साहित्यमा, पेशालाई सामाजिक स्थिति, आय र जीवन स्तरको राम्रो सूचक मानिन्छ । अन्तरपुस्ताको पेशागत गतिशीलताको डिग्रीले एक पुस्ताको पेशागत स्थितिमा निहित फाइदा र बेफाइदाहरू अर्को पुस्तामा हस्तान्तरण हुन्छ भन्ने बुझाउँछ । पुस्तामा कम गतिशीलता, सामाजिक आर्थिक परिस्थितिमा भएका परिवारहरूका लागि अनुकूल हुन (Achrya, 2023)।

नेपालमा दलित समुदायमा जिविकोपार्जन पेसामा अन्तर पुस्ता परिवर्तनको परिप्रेक्ष्यमा केहि महत्त्वपूर्ण परिवर्तनहरू देखिन्छन । परम्परागत रूपमा दलित समुदायले विशेषतः शारीरिक श्रममा आधारित पेसाहरूमा संलग्न रहेका थिए । जस्तैः दैनिक ज्यालादारी, फलामका समान बनाउने, लुगा सिलाउने, संगीतका समान बनाउने र छालाजन्य समान बनाउने कार्य गर्थे । अहिले, विभिन्न कारणहरूले गर्दा जिविकोपार्जन पेसामा परिवर्तन देखिएको छ । मुख्य कारणहरूमा शिक्षा, शहरीकरण, आर्थिक अवसरहरू र सरकारी नीति तथा कार्यक्रमहरू छन् :

क) शिक्षा र रोजगारीः दलित समुदायमा शिक्षाको पहुँच बढेसँगै नयाँ पुस्ता परम्परागत पेसा छोडेर शिक्षित र व्यवसायिक क्षेत्रतर्फ आकर्षित भएका छन् । सरकारी तथा गैरसरकारी संस्थाहरूले शिक्षामा पहुँच बढाउन र रोजगारीका अवसरहरू सिर्जना गर्न सहयोग पुऱ्याएका छन ।

ख) शहरीकरण : बढ्दो शहरिकरणका कारण गाउँबाट शहरतर्फको बसाईंसराइले पनि पेसामा परिवर्तन ल्याएको छ ।

ग) आर्थिक अवसरहरूः आर्थिक उदारीकरण र निजी क्षेत्रको विकासले नयाँ प्रकारका रोजगार र व्यवसायका अवसरहरू सिर्जना गरेको छ, जसले गर्दा दलित समुदायका युवाहरू नयाँ पेसामा संलग्न भएका छन् ।

घ) सामाजिक चेतनाः सामाजिक चेतनाको वृद्धिले परम्परागत पेसालाई भन्दा नयाँ, सम्मानित र आर्थिक रूपमा फाइदाजनक पेसा अपनाउने सोच बढाएको छ । यी परिवर्तनहरूबाट देखिन्छ कि दलित समुदायमा अन्तरपुस्ता परिवर्तनले जिविकोपार्जन पेसामा विविधता र आधुनिकतामा प्रवेश गराएको छ । यद्यपि परम्परागत पेसा अझै केही क्षेत्रमा कायम रहेको पनि देखिन्छ (Economic Survey, 2079-80) ।

नेपालमा दलित समुदायको जीविकोपार्जन पेसागत अन्तरपुस्तामा विभिन्न परिवर्तन देख्न सकिन्छ । यी परिवर्तनहरू सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक र अन्तर्राष्ट्रिय सम्बन्ध प्रमुख छन् । जातीय विभेदमा कमी ल्याउने गरी कानूनी रुपमा वि.स. २०२० मा जातीय विभेद तथा सबै मानिसहरुमा समानता ल्याउने उदेश्यले कानूनी तथा सामाजिक पहल गरिएका छन । नयाँ संविधानले दलित समुदायका पेसा व्यावसायमा गरिने छुवाछुत तथा जातीय भेदभावलाई कानूनी अपराधको रूपमा परिभाषित गरेको छ । दलित समुदाय के हो ? कस्तो रुपमा विकास भएको हो ? भन्ने बारेमा विद्यालय, कलेज, तथा अन्य शैक्षिक संस्थामा दलित समुदायका विद्याथीहरूलाई सूचनाको पहुँचको व्यवस्था गरिएको छ । जसले उनीहरूको शैक्षिक स्तरमा सुधार गरेको छ । सरकारी सेवा प्रवेशमा दलित समुदायका नागरिकलाई वि. स. २०६३ देखि ९ प्रतिशत आरक्षणको अनिवार्य व्यवस्था पश्चात दलित समुदायको पेशामा अन्तरपुस्तामा परिवर्तन आएको हो ।

आर्थिक सशक्तिकरण गर्ने उदेश्यले दलित समुदायको आर्थिक सशक्तिकरणका लागि विभिन्न सरकारी तथा अन्य संस्थाहरूले तालिमको व्यवस्था, दलित समुदायका युवा जनशक्तिको रोजगार मुलक हुनुपर्छ भन्ने कार्यक्रम सञ्चालन गरेका छन् । परम्परागत रूपमा संचालित साना तथा मझौला व्यवसायहरूको प्रवर्द्धनले उनीहरूको आर्थिक अवस्थामा सुधार ल्याएको छ । रोजगारीका अवसरहरू शैक्षिक योग्यतामा बृद्धि र सीप विकास कार्यक्रमहरूले दलित समुदायका व्यक्तिहरूलाई बढी भन्दा बढी सहभागि गराई रोजगारीका अवसरहरू प्रदान गरेको छ । यसले समुदायमा आर्थिक रुपमा सबलिकरण तथा उत्पादन भएका बस्तुको सहज रुपमा बजार संगको सम्वन्ध स्थापित बनाउन सहयोग गरेको छ ।

नेपालको पहाडी क्षेत्रका समुदायको बदलिँदो ग्रामीण जनजीविका अन्वेषण गर्न जीविकोपार्जन रणनीति केन्द्रित छ । यसले एउटै समुदायभित्र फरक-फरक ठाउँमा फरक-फरक जीवन शैली पाइन्छ भनी उल्लेख गरेको छ । त्यसैले जीविकोपार्जन रणनीति भनेको दैनिक जीविकोपार्जनका आवश्यकताहरू पूरा गर्नको लागि व्यक्ति वा घरपरिवारको आर्थिक र सामाजिक गतिविधिहरूको परिवर्तन गर्ने प्रक्रिया हो । त्यसैगरी घरपरिवारको आयका धेरै स्रोतहरू सुरक्षित जीविकोपार्जन प्रणालीमा परिणत भएका छन् पशुपालनसँगै कृषि विगतमा उनीहरुको परम्परागत जीविकोपार्जनको स्रोत थियो ग्रामीण समुदायमा जीविकोपार्जनका

लागि गैरकृषि क्षेत्र महत्वपूर्ण बन्दै गएको छ । जलविद्युत र व्यापार मार्गको विकासले उक्त गाउँका स्थानीय जनताको ग्रामीण जीवनस्तरमा परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेलेको छ । प्राथमिक तथ्याङ्क समूह छलफल र मुख्य सूचनादाता अन्तर्वार्ता मार्फत सङ्कलन गरिन्छ । नमूना छनोट विधि प्रयोग गरी ५२ घरधुरीहरूसँग प्रश्न सोधी सर्वेक्षण गरिएको थियो । यस अध्ययनले उक्त क्षेत्रको जीविकोपार्जन रणनीतिहरू द्रुत रूपमा परिवर्तन भइरहेको संकेत गरेको छ (Rai, 2017)

शिक्षामा पहुँच समान रुपमा  दलित समुदायका लागि शिक्षा पहुँचमा सुधार आएको छ । छात्रवृति कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक वितरण, विद्यालयमा खाजा कार्यक्रम र विद्यालय अध्ययन गर्ने वाध्यकारी  व्यवस्था जस्ता पहलहरूले यसमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । शैक्षिक स्तरमा वृद्धिसंगै  शैक्षिक अवसरहरूमा सुधारका कारण दलित समुदायका बालबालिका र युवा पुस्ताले उच्च शिक्षा हासिल तथा  प्राविधिक सिप प्राप्त गर्न  सफल भएका छन् । नेपालमा वि.स. २००७ सालमा शिक्षामा २ प्रतिशत मानिसहरु मात्र पहूच थियो भने हाल नेपालको १२ औं जनगणना अनुसार ७६.२ प्रतिशत पुगेको छ ।

राजनीतिक सहभागिताले संविधान र कानूनी व्यवस्थाहरूमा दलित समुदायलाई स्थानीय तहदेखि संघीय तहसम्म राजनीतिक प्रतिनिधित्वको अवसर प्रदान गरेको छ । स्थानीय तहको शासकिय संरचनामा अर्थपूर्ण सहभागिता सुनिश्चितता गरी आवस्यकता बमोजिमका काम तथा पेसा व्यवसायहरु विस्तार भएका छन् । राजनीतिक सचेतनाले  दलित समुदायमा राजनीतिक चेतनास्तर वृद्धि भएको छ । जसले उनीहरूलाई विभिन्न राजनीतिक तथा सामाजिक मुद्दाहरूमा सक्रिय सहभागिता जनाउन प्रेरित गरेको छ । आफ्ना हक अधिकार स्थापित गर्नको लागि दलित समुदायको समेत समान उपस्थिति हुने र भावी पुस्ताका हक अधिकारहरु स्थापित गरेको छ ।

सांस्कृतिक रुपमा आएको जागरणसँगै दलित समुदायले आफ्नो सांस्कृतिक पहिचान र परम्परालाई संरक्षण गर्न र प्रवर्द्धन गर्न थालेका छन् । विभिन्न सांस्कृतिक कार्यक्रम र चाँड पर्वमा उनीहरूको सक्रिय सहभागिता देखिन्छ । साँस्कृतिक सहिष्णुता विभिन्न जाति, भाषा, धर्म लिङ्ग र समुदायबीच सांस्कृतिक सहिष्णुता र मेलमिलापमा वृद्धि भएको छ जसले सामाजिक आवद्धतासंगै  समान रुपमा दलित समुदायको अन्तरपुस्ता परिवर्तनलाई प्रवर्द्धन गरेको छ ।

सन् १९९० को दशक देखि नेपालीहरु बैदेशिक रोजगारको रुपमा जान थालिएको हो । स्वदेशमा रोजगारीका अवसर पर्याप्त मात्रमा हुन नसक्दा पछिल्लो पुस्ताका मानिसहरु बैदेशिक रोजगारतर्फ आकर्षित भएका हुन् । अन्तर्राट्रिय सम्बन्ध कायम गर्नको लागि विश्वव्यापी रुपमा श्रम गर्नको निम्ती जाने गरेका छन् । नेपाली श्रम बजारमा प्रत्येक बर्ष करिब ५ लाख मानिसहरु आउने गर्दछन् । जीविकोपार्जन गर्नको लागि विविध समस्या परिरहेका मानिसहरु पेसा गर्न जाने गर्दछन । बदलिदो परिबेस संगै दलित समुदाय पनि त्यो कार्यबाट अछुतो रहन सकेनन् । परम्परागत पेसाले परिवारको आवस्यकता परिपूर्तिका लागि अन्तर्राष्ट्रिय श्रम बजारमा प्रवेश गर्ने पुस्ता बढिरहेको छ । समाजमा हुने श्रम विभाजन र कम ज्यालादारी पेसाको कारण समेत बढेको छ । नेपाल सरकारले हाल १११ देशसँग श्रम सम्झौता समेत गरेको छ । जस मार्फत अन्तर्राष्ट्रिय श्रम बजार सहजता प्रदान गरेको छ ।

वहुसंख्यक दलित समुदाय गरिब र भूमिहीन रहेका छन् । हिन्दु वर्ण व्यवस्थामा आधारित समाजमा दलित समुदायका मानिसहरुलाई निश्चित पेसामा बाध्यकारी बनाइएको थियो । दलित समुदायले उत्पादन गरेका बस्तु तथा सेवाहरु सस्तो मात्रामा उपभोग गर्ने चलन रहेको छ । दलित समुदाय सामाजिक रुपमा मात्र जीविकोपार्जनका पेसामा बन्चित भएका छैनन्, आर्थिक रुपमा समेत विमुख रहेका छन् (Bhattachan, 2001) ।

## २.५ अवधारणात्मक रुपरेखा

समाजशास्त्रीय दृस्टीकोण अनुसार समाजमा मानवीय विकासका चरण फरक फरक गतिविधि अनुसार हुने गरेका छन् । समाजमा रहेका सामाजिक मूल्य मान्यताका आधारमा परिवर्तन भएका हुन्छन । मानवीय विकासको क्रममा सभ्यताको चरण देखि हाल सम्मको आधुनिकताको गतिविधिमा समाजको प्रमुख भूमिका रहेको हुन्छ । समाजमा व्यक्ति, समुह अनुसार विकासमा फरक फरक आयाम रहेका हुन्छन । हिन्दु वर्ण व्यवस्थामा आधारित दलित समुदाय अशुद भनि बर्गिकरण गरिएको छ । नेपालमा गरिएका समाजशास्त्री र मानबशास्त्रीको अध्ययन अनुसार दलित समुदायमा रहेका जीविकोपार्जनको पेसामा अन्तरपुस्तामा आएका परिवर्तन बारेमा उल्लेख गरीएको छ । परम्परागत रुपमा दलित समुदायले अगालिएका पेसाको सन्दर्भमा लामो समय सम्म विभेद, असमानता, अछुत तथा असमानता जस्तो कार्य गरेको अध्ययन रहेका छन् । नेपाली समाजमा भएका सामाजिक, राजनीतिक, सस्किर्तिक परिवर्तन संगै दलित समुदायको परम्परागत पेसामा अन्तरपुस्तामा

समेत परिवर्तन आएको छ । सामाजिक अध्ययन अनुसार समाजको गतिविधिमा सकारात्मक रुपमा परिवर्तनको अपेक्षा राखिएकोमा छ । सामाजिक विकास संगै समाजमा दलित समुदायको निरन्तर समान रुपमा अन्तर पुस्ताले  जीविकोपार्जनका पेसामा  नया नया आयामको अवलम्वन गरियको छ ।

मानिसहरु गुणस्तरीय जीवनयापनलाई सहज रुपमा सम्पन्न गर्नको लागि जीविकोपार्जनका गतिविधीमा आधारित भएका हुन्छन जोखिम, असुरक्षा र असमानताबाट मुक्त हुनको लागि मानवीय विकासका गतिविधीमा दिर्घकालिन योजनाको खाका तयार गर्नु पर्दछ (Scoones,2015) मानवीय हकहितको सुरक्षा,स्वतन्त्रताको लागि क्षमता विकास, छनोटको माध्यमबाट तयार गर्न सकिन्छ । मानिसहरुमा भएका आन्तरिक क्षमताको विकास मार्फत जीवनस्तर थप सहजता प्रदान गर्नको लागी भूमिका निर्माण गर्दछ (Sen, 1999) । ग्रामिण गरिवी असमानता र बेरोजगारी बाट जस्ता समस्या बाट मुक्त हुनको लागी सहरतर्फ केन्द्रित हुने मानिहरुको संख्यामा निरन्तर रुपमा बढ्दै गएको छ परम्परागत रुपमा संचालन रहेका पेशा व्यावसायलाई विविधिकरणको कार्य मार्फत बसाईसराई,आधुनिकीकरणको कार्यमा जीवनस्तरमा नयापनको अवलम्बन गरिएको छ (Chamber, 1983) । असमानता र विभेद जस्ता कारणबाट जीवनस्तरमा भएका पछौटेपन नकारात्मक आयामबाट मुक्त हुनको निम्ती मानिसहरुको जिविकोपजनका भएका सफल कार्यको उचित कार्यन्वयनमा जोड दिएको छ यसले दिर्घकालिन रणनीति निर्माणगरी स्रोत साधनमा समुचित प्रयोग मार्फत आर्थिक विकासमा केन्द्रित रहेको छ (Murrey,1996) । जीविकोपार्जनका गतिविधी मार्फत मानिसहरुका दलित समुदायका परम्परागत रुपमा रहेका पेसालाई विभिन्न कारण मार्फत आधुनिक समाजमा प्रवेश गर्नको लागि सकारात्मक भूमिका निर्माणमा प्रयास कायम रहेको छ ।

| दलित समुदायको पुर्व पेसा | जीविकोपार्जनको सिद्धान्त | हालको जीविकोपार्जनको अवस्था |
| --- | --- | --- |
| बालीघरे प्रथा | असुरक्षा | शिक्षामा पहूच बिस्तार |
| खलो प्रथा | समावेशीता | नगदमा आधारित श्रम |
| ज्यालादारी श्रम | साक्षरता | गैर कृषि आधारित पेसा |
| हलिया श्रमको गतिविधी | दिगोपना | आन्तरिक र बाह्य बसाइसराइ |
| जीवजन्तुको छालावाट जुत्ता साथै संगीतको सामग्री बनाउने | सामाजिक न्याय | अन्तर्राष्ट्रिय श्रम सम्वन्ध |
| संगीतको माध्यम मार्फत जीविका चलाउने | बसाइसराइ | राजनीतिक सहभागिता |
| सुचनाको माध्यम प्रदान गर्ने | स्वतन्त्रता | सामाजिक चेतनामा विस्तार |
| कृषि पेसामा संलग्नता | परिवर्तन मुखी जीवनस्तर | |

# अध्याय तीन

# अनुसन्धानको विधि

यस अध्ययनको उदेश्य दलित समुदायको जीविकोपार्जनका मुख्य पेसाहरु के के थिए र परम्परागत रुपमा अंगालेका पेसाहरुको हालको अवस्था कस्तो छ जसले दलित समुदायको पेसाको पुस्तान्तरणमा कस्तो परिवर्तन आएको छ। पेसामा आएको पुस्तान्तरणले उनिहरुको जिविकोपार्जनमा कस्तो खालको प्रभाव असर पारेको छ भन्ने विषयमा सूक्ष्म तरिकाले अध्ययन गर्नु रहने छ। दलित समुदायको जिविकोपार्जनमा आएको अन्तरपुस्ता परिवर्तन भन्ने सोधपत्रलाई साकार रुप दिन निश्चित विधी र पद्दती अपनाउनु पर्दछ जुन निम्नानुसार छन्।

## ३.१ अनुसन्धानको ढाँचा

दलित समुदायले लामो समय देखी अंगालेका जीविकोपार्जनका पेशाहरु के के छन् र सो पेसा मार्फत परिवारका सदस्यको दैनिक आवश्यकताहरु पुरा हुन सकेको छ वा छैन ? आधुनिकीकरण र जनसंख्याको बृद्धिसंगै उनीहरुको पेशामा कस्ता परिवर्तनहरु आए र पेशागत ज्ञान दोस्रो, तेस्रो पुस्तामा, स्थान्तारण भयो कि भएन भन्ने अध्ययन गरी व्याख्या र विश्लेषण गरिनेछ। व्याख्यात्मक अनुसन्धानले पेसामा के के छन् र क के गरिरहेका छन् भन्ने जानकारी दिन्छ भने विश्लेषणात्मक अनुसन्धानले किन र कसरी भन्ने बारेमा कारण, असरको माध्याम द्धारा अध्ययनको नतिजा दिनेछ । यस अध्ययन गुणात्मक विधिमा आधारित भएर गरिएको छ। दलित समुदायको पेशाको पुस्तान्तरणमा आएको परिवर्तत, हालको अवस्थालाई व्याख्या विश्लेषण गर्न सहयोग पुग्नेछ।

## ३.२ अध्ययन क्षेत्र छनोटको औचित्य

मैले यस अध्ययनलाई बाग्लुङ जिल्लामा गरेको छु किनकी बाग्लुङ्ग जिल्लामा दलित समुदायले आफ्नो परम्परागत पेसाहरुलाई अगाल्दै आएका थिए। पछिल्लो केही समय यता त्यहाका अधिकांश दलित समुदायहरुले उनिहरुको परम्परागत पेसालाई छाडेर आधुनिक पेसा अपनाउन थालेका छन पुस्तान्तरण सँगै उनिहरुको पेसामा आएको परिवर्तन र आधुनिक पेसाले जीविकोपार्जनमा पारेको असर प्रभावलाई राम्ररी विश्लेषण गर्न सजिलो हुने

देखिन्छ । दलित समुदायको परम्परागत पेसा परिवर्तन सँग उनिहरुको जीविकोपार्जनमा आएका सहजता असहजताहरुलाई गहिरो तरिकाले अध्ययन गर्न यो ठाउँ उचित देखेकाले मैले यही ठाउँलाई आफ्नो अध्ययको क्षेत्र बनाउन प्रेरित गरेको छ ।

यो अध्ययन बाग्लुङ जिल्लाको गल्कोट नगरपालिकामा आधारित रही गरिनेछ । बाग्लुङ्ग जिल्ला राजनीतिक र भौगोलिक रुपले ४ वटा नगरपालिका र ६ वटा गाउपालिका गरी ११ वटा स्थानीय तहमा विभाजित रहेको छ । बाग्लुङ्ग जिल्लाका ११ वटा स्थानीय तह मध्ये गल्कोट नगरपालीकालाई बढी जोड दिएको छ । यस पालिकामा ११ वटा वडा रहेका छन् । वि.स. २०७८ गरिएको १२औं जनगणना अनुसार गल्कोट नगरपालिकामा कुल जनसंख्या ३०५८८ जना रहेका छन् । त्यस मध्ये दलित समुदायको जनसंख्या ८२१९ जना रहेका छन् कुल प्रतिशतका आधारमा दलित समुदाय २६.८७ प्रतिशत रहेको छ । बसोबास र जनसंख्याका हिसाबले दलित समुदायको वही बाहुल्यता रहेको र विविध जातजातीहरुको मिश्रीत बसोबास रहेका छ । कामी, सार्की र दमाई समुदायले परम्परागत पेसा मार्फत परिवारका सदस्यको दैनिक जीविकोपार्जन कसरी चलाईरहेका छन् र ति समुदायका पेसाहरुको पुस्तान्तरण कसरी भईरहेको छ । उनिहरुको पेसाको पुस्तान्तरणले जीविकोपार्जनका क्रममा देखिएका परिवर्तनका सन्दर्भमा अध्ययन गरिएको छ अध्ययन क्षेत्र दुदिलाभाटीमा परम्परागत पेसाको रुपमा कामी समुदायले (आरन पेसा), दमाई समुदायको कपडा सिलाउने, बाजा बजाउने), सार्की समुदायले (संगीतका समान बनाउने, जनावरको छालाको समान बनाउने) समुदाय थिए तर हालको छोरा नाती पुस्तामा त्यो मानिसहरुले के गरिरहेका छन् साथै श्रम गर्ने, सूचनाको अदान प्रदान गर्ने कटुवाल वा ग्रामिण भाषामा हाको हाल्ने) समुदाय आधुनिकता ग्रामिण क्षेत्रमा भित्रिए संगै जीविकोपार्जनको पेसामा अन्तर पुस्तामा समेत परिवर्तन आएको छ ।

### ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्धितीय दुवै खालका स्रोतहरुबाट तथ्याङ्क तथा सूचनाको संकलन गरिएको छ । दलित समुदायको जीविकोपार्जन पेसाको पुस्तान्तरण सम्बधमा बुझ्न उनीहरुको परिवारको अवस्था स्वयम लक्षित व्यक्तीहरु, सामाजिक व्यक्तिहरु तथा त्यस क्षेत्रका स्थानीय जनप्रतिनिधीसंग अन्तकरिया, वडा तहमा निर्वाचित दलित महिला जनप्रतिनिधीको अनुभव गरी प्राथमिक स्तरका सुचनाहरु संकलन गरिएको छ । भने द्धितीय

स्रोतका रुपमा नेपालको सविधान, नेपाल सरकारद्धारा जारी बार्षिक नीति तथा कार्यक्रम, नेपाल सरकारको बजेट, आर्थिक सर्वेक्षण, नेपाल सरकारको प्रतिवेदन, राष्ट्रिय दलित आयोगका प्रतिबेदन, राष्ट्रिय दलित सञ्जालको प्रतिवेदन, प्रधानमन्त्रि स्वरोजगार कार्यक्रम अन्तरगत स्थानीय तहमा सञ्चालित रोजगारका कार्यक्रममा उनिहरुको सहभागिता, विज्ञहरुका लेख रचना, जर्नल, स्थानीय तथा राष्ट्रिय दैनिक पत्रपत्रिकाको सुचना लिइनेछ ।

## ३.४ नमुना छनोट

यो अध्ययन बाग्लुङ्ग जिल्लाको गल्कोट नगरपालिकामा केन्द्रित रही गरिएको छ । यस नगरपालिकामा करिब ११५० घरपरिवार बसोबास गर्दछन् । बिशेष गरि दलित समुदायको बाहुल्यता रहेका गल्कोट नगरपालिका १, दुदिलाभाटीमा करिब २०० दलित घरपरिवारको बसोबास रहेको छ । अध्ययन दलित समुदायको जीविकोपार्जन संग सम्वन्धित भएको हुनाले उद्धेश्य मुलक नमुना (अनुसन्धानको लागि विशेस गुण ,अनुभब,योग्यता र जीवनशैली भएका ) छनोटको माध्यमवाट बहुसंख्यक दलित र अन्य गैरदलित समुदायको ३० घरपरिवारलाई उत्तरदाताका रुपमा छनोट गरिएको छ । उनिहरुको पेसाको पुस्तान्तरणमा आएको परिवर्तनका बारेमा अध्ययन गरिएको छ । यसका साथै बिभिन्न पेसासँग अन्तर सम्बन्धित अन्य स्रोतको तथ्याङ्को आधारमा परम्परागत पेसालाई अन्तरपुस्तामा परिवर्तन गरेका अधिकाशं उत्तरदाताको पहिचान गरी ३० घरपरिवारलाई लक्षित गरि गरिएको छ । जसमा केही उत्तरदाताहरु परम्परागत पेसालाई निरन्तरता दिएका, केही आंशिक रुपमा परिवर्तन गरेका, केही पुर्ण रुपमा परिवर्तन गरेका र केहीले पेसालाई आधुनिकिकरण गरी व्यवसायिक बनेकाहरु छन् भने केही अन्तर्राष्ट्रिय श्रमबजारमा काम गर्दै गरेकाहरु छन । यस अध्ययनमा मुलत उत्तरदातालाई प्रत्यक्ष रुपमा भेटघाट मार्फत उनिहरुको सहजतालाई मध्येनजर गर्दै बिभिन्न सिमाभित्र रही गोप्यता कायम राखी उत्तर संकलन गरिएको छ । निश्चित दलित समुदायमा आधारित जीवनपद्धती पेसा, पारिवारिक सम्वध, विस्तारित संरचना, परिवर्तित सोच, अन्तरआवद्धता र पेसागत पुस्तान्तरणका बारेमा अध्ययन गरिएको छ ।

## ३.५ तथ्यांक संकलन विधी

कुनै पनि विषयको अनुसन्धानमा तथ्याङ्क संकलन विधिको ठुलो भूमिका रहेको हुन्छ । अध्ययन अनुसनधानको सही सफलताको लागि उचित तथ्याङ्क संकलन प्रविधिको प्रयोग गर्नुपर्ने हुन्छ । मुख्यतया अध्ययनको आशान्वित प्रतिफल अनुसन्धानमा अवलम्बन गरिएका तथ्याङ्क संकलन विधिहरूमा निर्भर रहन्छ । अध्ययनको विषयवस्तु अनुकुलको विधि प्रयोग भएन भने सत्य, तथ्य सूचनाहरू प्राप्त हुन सक्दैनन् । प्रस्तुत अध्ययनका क्रममा दलित समुदाय संग  संबन्धित भइ त्यहाँका समुदायसंग संचालित आत्मीयता बढाउने प्रयास गरिएको छ । ३० दलितसमुदायका परिवारलाई गणना विधि अपनाई तथ्याङ्ग संकलन गरिएको छ। यस अध्ययनको क्रममा प्राथमिक स्रोत र द्धितीय स्रोतबाट सुचना प्राप्त गर्नको लागि निम्न पद्धत्तिको प्रयोग गरिको छ  ।

### ३.५.१ अन्तरबार्ता विधी

अन्तरबार्ता सूची सहायताको माध्यमबाट दलित समुदायको गरिरहेको पेसाको बारेमा प्रश्न सोधी उत्तर संकलन गरिनेछ। जीविकोपार्जनका लागि गरिएका पेसाले दैनिक आवश्यकता परिपूर्ति गर्नको लागी कस्ता कस्ता खालका क्रियाकलापमा  आवद्ध छन् भन्ने बारेमा अध्ययन गरिएको छ । जिविकोपार्जनमा देखिएको अन्तरपुस्ता परिवर्तनका बारेमा उत्तरदाताहरको विचार समेटिएको छ । संरचित अन्तर्वार्तामा प्रश्नावलीको बारेमा  पूर्व जानकारी दिई सहभागि उत्तरदाताहरु लाई  समान प्रश्नहरूको सेट तयार परि सोधिन्छ । अध्ययनको क्रममा  अन्तर्वार्ताको ढाँचा निश्चित रुपमा तयार परि गरिने  पूर्वनिर्धारित कार्यशाला पनि हो  अध्ययनका क्रममा सबै उत्तरदातालाई एकै खालको  प्रश्न सोधिएको छ । प्रत्येक उत्तरदाताको  जवाफलाई समान मापदण्डका आधारमा  मूल्याङ्कन गरिएको छ । यस प्रक्रिया मार्फत उत्तरदाता दाताको नतिजालाई वर्गीकरण पनि गर्न सकिन्छ। अध्ययन प्रकियालाई सहजताका लागि सबै उत्तरदाताले सहज रुपमा बुझ्न सकिने गरि तयार पारिएको थियो दलित समुदायको जीविकोपार्जन पेसामा भएका पुस्तान्तर सम्वन्धी प्रस्नावाली तयार पारिएको थियो । असंरचित अन्तर्वार्तामा प्रश्नहरू स्वतःस्फूर्त रूपमा तत्काल तयार परि उत्तरदातालाई  अन्तर्वार्ताका क्रममा अधिक रुपमा लचिलो हुदै उत्तर संकलन गरिन्छ (Kvale, 2007) । यस विधिमा यही प्रश्न शोधने भन्ने हुदैन अन्तर्वार्ता गर्ने व्यक्तिले उत्तरदाताको अवस्थाअनुसार प्रश्न सोध्ने गरिन्छ। दलित समुदाय लामो समय देखि

आर्थिक, सामाजिक र सास्कृर्तिक रुपमा असमानता र विभेद भोगेको हुनाले समुदायको अपनत्वलाई समेत मध्यनजर गरि तयार पारिएको छ। अध्ययनको विषय बस्तुलाई खोजको मुख्य उदेश्य रहेको छ।

### ३.५.२ अवलोकन विधी

यस विधी अन्तरगत दलित समुदाय विशेष रुपमा संलग्न रहेका पेशाको बारेमा अध्ययन गरिएको छ। परिवारका सबै सदस्यको  एकै खालको मनोभावना नहुन सक्ने कारणले पनी उत्तरदाता छनोटको क्रममा अवलोकन विधी अपनाईएको छ (Baker, 1998। समाजशास्त्रीय अध्ययन अनुसार व्यक्ति जुन पेसामा मात्र सम्वन्धित हो त्यही पेसाको मात्र उत्तरको अपेक्षा राख्नु पर्ने मान्यता राख्दछ । समाजमा भएका गतिविधीले पनि कस्ता खालका काममा संलग्न छ के के परिवर्तन आए भन्ने उदेश्य राखेको छ सजिलै रुपमा अनुमान लगाएको भरमा समेत उत्तरदाताको छनोट गरिएको छ। उनीहरुको अवस्था भैरहेको परिवर्तन तथा सामाजिकीकरणका विभिन्न गतिविधिहरु मार्फत सुचना संकलन गरिएको छ । दलित समुदायका निश्चित व्यक्ति ,समूह ,स्थानको बारेमा गहन रुपले  अध्ययन गर्दछ । समाजमा रहेको  मानिसहरु आफ्नो जीविकोपार्जन लाई सहज रुपमा  संचालन गर्नको  लागी  कुनै न कुनै पेशामा संलग्न  रहेको  इतिहास छ। हिन्दु वर्ण व्यवस्था अन्तर्गत दलित समुदाय सबैभन्दा तल्लो वर्गमा पर्ने समुदाय थियो  अध्ययनका अनुसार दलित समुदायको जीविकोपार्जनको अवस्थामा  आएको परिवर्तन बारेमा विगत र वर्तमानको अवस्थाको बारेमा  उत्तरदाता विचमा  उत्तर संकलन गरिएको छ। देश भएका आर्थिक, सामजिक, राजनीतिक र सस्किर्तिक परिवर्तनले कस्ता कस्ता पेशागत परिवर्तन गर्नको लागि सहयोगी भूमिका खेलेको छ (Barbour,2007)। सो विषयमा गहन रुपले अध्ययन गरिएको छ। समाजमा राजनीतिक परिवर्तन संगै  दलित र गैर दलित विच भएका सामाजिक समानता विविधिकरणको बारेमा समेत अनुभब खोज्ने प्रयास गरिएको छ।

### ३.६ अध्ययनको सिमा

यो अध्ययन प्राथमिक र द्बितीय दुवै तथ्याङ्कमा आधारित छ । दलित समुदायको जीविकोपार्जनमा अन्तरपुस्तामा आएको परिवर्तन सँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय श्रमबजारमा सँगठित रुपमा काम गरिरहेका उत्तरदाता सँग प्रत्येक्ष बातचित गर्न सकिएको

छैन । यो गल्कोट नगरपालिकामा रहेका दलित समुदायको जीविकोपार्जनमा अन्तरपुस्तामा आएको परिवर्तनका बारेका मात्रै भएकाले सिमित ठाउँको घटनको बारेमा बोले पनि सिङ्गो नेपालको पुर्ण कथा नभन्न सक्छ । यो अध्ययन एउटा सानो सीमित भएको अध्ययन हुनाले सम्पूर्ण दलित समुदायको जीविकोपार्जनमा आएको परिवर्तनको यथार्थ अवस्थाको चित्रण नहुन पनि सक्दछ । साथै आर्थिक राजनीतिक सामाजिक कारणले गर्दा दलित समुदायमा आएको परिवर्तन बारे विश्लेषण गरिएको छ । यो अध्ययन बाग्लुंग जिल्लाको गल्कोट नगरपालीका वडा न : १ दुदिलाभाटी मा रहेका दलित समुदायको जीविकोपार्जन पेसामा अन्तरपुस्तामा आएको परिवर्तनको अवस्था बारेमा अध्ययन गरिएको छ ।

## ३.७ तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण

समाजको वर्तमान अवस्थामा परिवर्तनशील परिदृश्यमा जातीय सम्बन्धले परम्परागत जाति आधारित जीविकोपार्जनको पेसामा अन्तरपुस्तामा आएको परिवर्तनको अवस्था हो । दलित र गैर-दलित परिवार, परम्परागत कारीगर र व्यवसायबीचको सम्बन्ध नेपाली समाज र संस्कृतिको अभिन्न अङ्ग रहेको छ । उनीहरूले आफ्नो जीविकोपार्जनका आधारमा नेपाली परिवारलाई एकसाथ बाँधेका छन् । दलित र गैर-दलितहरू बिचको संरक्षक-ग्राहक सम्बन्ध असमान सम्बन्धमा आधारित थियाे। यस सम्बन्धलाई असमान भनिएको छ, दलित समुदायका मानिसहरूलाई सामाजिक अभ्यासमा जीवनभर भेदभाव गरिएको छ । जबकि बालिघरे र हाली प्रथाको नगदविहीन किसान र कारीगर व्यवसायको कसरी परिवर्तन आएको छ । यस गुणात्मक अनुसन्धानको उद्देश्यका लागि, सहभागी परिवारहरूको सहमति र उपलब्धता अनुसार दलित परिवारका ३० जना सदस्यहरूसँग स्थलगत अन्तर्वार्ताको व्यवस्था गरिएको थियो । अधिकांश उत्तरदाताहरूले दलित र गैर-दलित परिवारहरू बिचको संरक्षक-ग्राहक सम्बन्धमा आधारितहुदै गएको छ बाली प्रथालाई समाप्त गरेका छन् । युवा पुस्ताले पुर्खाको व्यवसायप्रति निस्क्रिय हुदै गएको गएको छ । जस्तै बजार-आधारित उत्पादन प्रणाली र आप्रवासन प्रवृत्ति र सहरीकरणको प्रभावले उनीहरूलाई आफ्नो परम्परागत पेशा परिवर्तन गर्न गरेको छ ठुलो सङ्ख्यामा दलितहरू अहिले जीविकोपार्जनका लागि गैर-कृषि क्षेत्रमा कार्यरत छन् त्यसैगरी जीविकोपार्जन विविधीकरणले अध्ययन क्षेत्रमा जाति-आधारित व्यवसायलाई कमजोर बनाउन मद्दत गरिरहेको छ ।


यो शोधपत्र तयार पार्ने क्रममा अध्ययनसंग संबन्धित विभिन्न तथ्याङ्कहरूलाई आवश्यकता अनुसार संख्यात्मक तथा व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ । संख्यात्मक रूपमा प्रस्तुत गरिने तथ्याङ्कहरूलाई साधारण तालिकामा संख्या र प्रतिशतको रूपमा प्रस्तुत गरिएको छ भने अन्य तथ्याङ्कहरूलाई व्याख्यात्मक रूपमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

# अध्याय चार

## अध्ययन क्षेत्र र सामाजिक अवस्था

गल्कोट नगरपालिका नेपालको गण्डकी प्रदेशको बागलुङ जिल्लामा अवस्थित छ । यो नगरपालिका भौगोलिक रूपमा मध्यपहाडी क्षेत्रभित्र पर्दछ गलकोट नगरपालिका पोखरा उपत्यकाको उत्तरपश्चिममा अवस्थित रहेको छ । विश्व मानचित्रमा २८.५६ङ्ख उत्तरी अक्षांश र ८३.३५ङ्ख पुबी देशान्तरमा फैलिएको छ । यस क्षेत्रलाई हिमालय पर्वतको दक्षिणी ढलानमा पर्ने भिरालो भूभागले ओगटेको छ यहाँको उचाइ समुद्र सतहबाट करिब ८०० मिटरदेखि २५०० मिटर सम्मको छ । यहाँको भू भाग उचाइका आधारमा विविध प्रकारको जलवायु र वनस्पतिमा पनि फरकपना पाइन्छ । यस नगरपालिकाको पूर्वमा काठेखोला गाउपलिका र जैमिनी नगरपालीका, पश्चिममा बडीगाड गाउपलिका उत्तरमा ताराखोला गाउपलिका र दक्षिणमा बरेंग गाउपलिका, गुल्मीको मुसीकोट नगरपालीका पर्दछन । ग्रामीण तथा शहरी क्षेत्रमा घेरिएको कारणले गर्दा यस क्षेत्रको विकासमा समग्र परेको छ तथा शहरी र ग्रामीण दुबै प्रकारका भूभाग संग जोडिएको पाइन्छ जहाँ कृषिलाई मुख्य पेशाको रूपमा अंगालेका मानिसहरुको धेरै छ, विशेष यहाँका मानिसहरुले कृषि, पशुपालन, तथा अन्य कृषिजन्य उद्योगमा संलग्न रहँदै आएका छन । गल्कोट नगरपालिका नेपालको एक फरक पहिचान विविधता सामजिक सस्किर्तिक, मुख्य जातजाती अनुसार ब्राम्हण, क्षेत्री, गुरुङ मगर नेवार विश्वकमा परियार नेपाली समुदायको बसोबास रहेको क्षेत्र पनि हो मुख्यत पहाडी भू भाग, खोल्सा खोला, कृषि योग्य जमिनहरू पाइन्छ । जसले यस क्षेत्रको जलवायु र प्राकृतिक स्रोतहरूमा विविधता पनी कायम गरेको छ ।

अध्ययन क्षेत्र गल्कोट  नगरपालीका वडाः न : १ दुदिलाभाटी




**स्रोतः गल्कोट  नगरपालीका**

यस अध्ययनमा ३० जना दलित र गैरदलित समुदायका व्यक्तिहरुसँग दलित समुदायमा आएको जीविकोपार्जन पेशाको परिवर्तन सम्वन्धका वारेमा अध्ययन गरिएको छ । दुदिलाभाटीको साविकको गा.वि.स. अन्तर्गत पर्ने ९ वटा वडा हरुमा छरिएर रहेका छन् । सम्वन्धित वडामा लामो समयसम्म बसोबास गरेका र दलित समुदायसँगै दैनिक रुपमा जीविकोपार्जन पेसासँग जोडिएर रहेका छन । दलित र गैरदलित समुदायको मानिसहरुको अन्तरक्रियाका माध्यमद्वारा लिइएको छ । उत्तरदाताको लिङ्ग, उमेर, शैक्षिक विवरण स्थिति, वैवाहिक अवस्था, जीविकोपार्जन पेसाको विवरण, पेसा परिवर्तनको विवरण, आर्थिक अवस्था, जग्गाको स्वामित्व, बसोवासको विवरण सम्वन्धि अध्ययन गरिएको छ साथै दलित

समुदायको जीविकोपार्जनको अन्तरपुस्तामा आएको परिवर्तनका कारणबारे अध्ययन गरिएको छ ।

## ४.१ उत्तरदाताको लैंगिक अवस्था

अध्ययनको विवरणको आधारमा उत्तरदाता लाई निम्न तरिकाले वर्गीकरण गरिएको छ । अध्ययन लाई सबै वर्गको सहभागी गराउने उदेश्यले समावेश गरिएको छ ।

**तालिका ४.१ : उत्तरदाताको लैगिक अवस्था**

| लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ७ | २३.३३ |
| पुरुष | २३ | ७६.६६ |
| तेस्रो लिङ्गी | ० | ० |
| जम्मा | ३० | १०० |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०८१*

माथिको तालिका अनुसार अध्ययनको क्रममा पुरुषको संख्या २३ जना (७६.६६ प्रतिशत ) रहेका छन भने महिला उत्तरदाताको संख्या ७ जना (२३.३३ प्रतिशत) रहेका छन् । यस अध्ययनको तेस्रो लिङ्गी उत्तरदाता नभएको कारणले समावेश भएका छैनन । दैनिक ज्यालादारी पेसाका क्रममा पुरुष वर्गको बहुसंख्यक संलग्नता भएको हुनाले धेरै समावेश भएका छन् । परिवर्तित समाजमा रहेका पेशा व्यवसायको माध्यमद्वारा पारिवारिक आवश्यकता पूर्ति गर्नको लागि भूमिका समेत समान रुपमा निर्भर रहेका छन् ।

## ४.२ उत्तरदाताको उमेर विवरण

यस अध्ययनमा उत्तरदाताको उमेरलाई समुह अन्तर्गत २० वर्षको अन्तरलाई विभाजन गरिएको छ उत्तरदाताको छनौटका क्रममा २० वर्ष भन्दा माथिका मानिसलाई मात्र समावेस गरिएको छ ।

**तालिका ४.२ : उमेरको वर्गिकरण**

| उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|
| २०-४० | १० | ३३.३३ |
| ४०-६० | १२ | ४० |
| ६० बर्ष माथि | ८ | २६.६६ |
| जम्मा | ३० | १०० |

*स्रोत अध्ययन क्षेत्र सर्वेक्षण, २०८१*

माथिको तालिकाको माध्यमबाट ४०-६० वर्षको समुहका उत्तरदाता सबैभन्दा बढी १२ जना (४० प्रतिशत) रहेका छन । तुलनात्मक रुपमा सबै भन्दा कम ६० वर्ष भन्दा माथिका ८ जना (२६.६६ प्रतिशत) रहेका छन् त्यस्तै २०-४०) वर्ष समुहका १० जना (३३.३३ प्रतिशत) र समाजमा बढी मात्रामा निरन्तर रुपमा बसोबास गर्ने मानिसको संख्या बढी रहेका छन् । माथिका उमेर समुहमा २० वर्ष माथिको लिई विवाजन गर्नुको कारण विशेष गरेर पारिवारिक पेशागत गतिविधिको बारेमा पूर्ण रुपमा जानकारी दिन सक्ने भएकोले लिइएको हो ।

## ४.३ उत्तरदाताको जातीय विवरण

दलित समुदाय केन्द्रित रहेको हुनाले पहाडी क्षेत्रमा बसोबास गर्ने दलित समूह अन्तर्गत पर्न समुहको छनौट गरिएको छ ।

**तालिका ४.३ : उत्तरदाताको जातीय अवस्था**

| जातीय समुह | संख्या | प्रतिशत |
|---|---|---|
| विश्वकर्मा(कामी) | १२ | ४० |
| परियार (दमाई) | ८ | २६.६६ |
| नेपाली (सार्की) | ६ | २० |
| अन्य(गैर दलित ) | ४ | १३.३३ |
| जम्मा | ३० | १०० |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०८१*

माथिको तथ्यांक अनुसार उत्तरदातामा दलित समुदाय अन्तर्गत पर्ने परम्परागत रुपमा अवलम्बन गरेका जातीय पेसा अन्तर्गत रहेका समुह र गैर दलित समुदाय पनि रहेका छन् उत्तरदाता मध्ये क्रमश कामी समुदाय (फलामको काम गर्ने) का सबैभन्दा बढी १२ जना ( ४० प्रतिशत) रहेका छ भने तुलनात्मक रुपमा सबैभन्दा कम अन्य समुदाय अन्तर्गत पर्ने ( गैर दलित) ४ जना (१३.३३ प्रतिशत) रहेका छन त्यसैगरि दमाई समुदाय (कपडा सिलाउने, संगीतका सामानको प्रयोग मार्फत मनोरञ्जन पर्दान गर्ने) ८ जना (२६.६६ प्रतिशत), सार्की समुदाय ६ जना (२० प्रतिशत) रहेका छन् । गैर दलित जातीय पेशाको रुपमा वगीकरण गरिएता पनि दैनिक ज्यालादारी मेला, पर्मका काम संगै गरेको पाइन्छ ।

## ४.४ उत्तरदाताको शैक्षिक विवरण

उत्तरदाताको शैक्षिक स्तरको उन्नतिसंगै पेशागतरुपमा मात्र सीमित भएका समुदायको अन्तरपुस्तामा परिवर्तन गर्न सक्ने क्षमताको पनि विकास गर्नको लागि सकारात्मक भूमिका खेल्दछ ।

**तालिका ४.४ : उत्तरदाताको शैक्षिक अवस्था**

| **शिक्षाको अवस्था** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| निरक्षर | ४ | १३.३३ |
| आधारभूत | १० | ३३.३३ |
| माध्यमिक | १२ | ४० |
| स्नातक वा सो भन्दा माथि | ४ | १३.३३ |
| जम्मा | ३० | १०० |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०८१*

माथिको तथ्यांक अनुसार दलित समुदायमा रहेका उत्तरदाताको शैक्षिक स्तर कस्तो रहेको छ भन्ने बारेमा विवरण पेस गरिएको छ । क्रमश बढीवाट कम संख्याको आधारमा माध्यमिक स्तर सम्म अध्ययन गरेका उत्तरदाताको संख्या सबैभन्दा बढी १२ जना (४० प्रतिशत) रहेका छन् भने कम उत्तरदाता संख्यामा स्नातक तह वा सो भन्दा माथिको तह सम्म ४ जना (१३.३३ प्रतिशत) र निरक्षर (पूर्ण रुपमा नभई आंशिकरुपमा हिसाब राख्न सक्ने) ४

जना (१३.३३ प्रतिशत) रहेको छन् भने आधारभूत तह सम्म अध्ययन गरेका १) जना (३३.३३ प्रतिशत दलित समुदायमा आएको शैक्षिक चेतना विस्तार र राज्यका नीति कार्यक्रममा सहभागिता हुने कार्यमा बृद्धि भएको छ ।

### ४.५ उत्तरदाताको बसोबास/घरको स्थिति

अध्ययन स्थल ग्रामिण क्षेत्र भएको हुनाले दलित समुदायको मानिसहरु विगत लामो समय सम्म आर्थिक स्तर न्यून रहेको थियो हाल आर्थिक सामजिक विकास संगै परिवर्तन भएको छ ।

**तालिका ४.५ : उत्तरदाताको घरको किसिम**

| **घरको किसिम** | **बिगतमा** | **हलमा** |
|---|---|---|
| फुसको घर | १५ | - |
| जस्ताको घर | ६ | १६ |
| माटोको घर | ७ | १० |
| सिमेन्टको घर | - | ४ |
| जम्मा | ३० | ३० |

*स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०८१*

माथिको तालिकामा उल्लेख गरिएको अध्ययन अनुसार दलित समुदायको बसोबासको स्थिति बारेमा विगत र वर्तमान अवस्थाको बारेमा तुलनात्मक रुपमा पेस गरिएको छ । विकास र परिवर्तन संगै बसोबासको स्तरमा समेत तुलनात्मक आर्थिक विकासको नतिजा प्राप्त भएको छ । विगतमा फुसकोघर (नल, पराल, छ्वाली, खरको छाना भएको) हलमा शुन्यमा झरेको छ । ग्रामिण क्षेत्रमा यातायातको पहूच सँगै जस्ताको छाना भएको घर बृद्धि हुदै गएको छ । विगतमा माटोको घर (छाना पातलो खालको ढुंगाको भएको) बढ्दै गएको छ । त्यस्तै विगतमा सिमेन्टको घर बनाउने अभ्यास थिएन हालमा सिमेन्टको पक्की घर बनाउने परिवारको सख्या बढ्दै गएको छ त्यसैले दलित समुदायको पनि आर्थिक स्तरमा परिवर्तन आएको छ ।

## ४.६ उत्तरदाताको पारिवारको जमिनसँगको पहुँच

दलित समुदायमा पेशा व्यबसाय गर्ने क्रममा हलिया, खलो, बालीघरे बस्नु पर्ने अवस्था रहेको थियो । खेतीपाती मार्फत परिवारका सबै व्यक्तिको भरणपोषण गर्नुपर्ने जीविकोपार्जनको अवस्था थियो । तलको तालिका मार्फत दलित समुदायमा रहेको जमिनको स्वामित्वको विवरण उल्लेख गरिएको छ ।

**तालिका ४.६ : उत्तरदाताको जमिनको पहुँच**

| **जमिनकोविवरण (रोपनीमा)** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| ५ भन्दा तल | ५ | १६.६६ |
| ५ १० | १२ | ४० |
| १० १५ | ७ | २३.३३ |
| १५ देखि माथि | ६ | २० |
| जम्मा | ३० | १०० |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०८१*

यो अध्ययन पहाडी भौगोलिक क्षेत्रमा गरिएको हो नेपालको मानचित्रमा ६१०मिटर देखि ३००० मिटर सम्मको भूभागलाई पहाडी प्रदेस नामकरण गरिएको हो पहाडी क्षेत्रमा जग्गाको मापन रोपनीमा गरिन्छ । माथिको तालिका मार्फत दलित समुदायको जमिन संगको स्वामित्वको आधारले समेत जीविकोपार्जनको शैली मापन गर्दछ । ५ १० रोपनी भएका ४० प्रतिशत त्यसैगरि क्रमस १०-१५ रोपनी २३.३३ प्रतिशत,१५ रोपनी देखी माथि २० प्रतिशत र ५ रोपनी भन्दा तल १६.६६ प्रतिशत रहेका छन् जमिनको पहुचको आधारमा उब्जनी हुने खाध्य वालीको विवरण रहेको छ । जमिनको पहुचले समेत उब्जनी हुने मात्रा र परिवारको सख्याले गर्दा समेत दैनिक जीवनपद्धतीलाई सहजता प्रदान गर्दछ ।

## निष्कर्ष

माथिको व्यक्तिगत विवरणको आधारमा अध्ययन छनोट उत्तरदातामा पुरूषको सहभागीता ७६.६६ प्रतिशत रहेका छन भने महिला उत्तरदाता २३.३३ प्रतिशत मा लिइएको छ । समाजमा बहुसंख्यक पुरूष वर्ग पेशागत व्यबसाय र आयआर्जनका गतिविधिमा समेत संलग्नता रहेको पाइएको छ । उत्तरदाताको उमेरको विबाजनमा ४० देखि ६० वर्ष समूहका ४० प्रतिशत ,२० देखि ४० वर्ष समुहका ३३.३३ प्रतिशत र ६० वर्ष माथिका २६.६६ प्रतिशत रहेका छन । शारीरिक रुपमा सबल र परिवारको जीविकोपार्जनको प्रमुख जिम्मेवारी वहन गरी भविष्यमा समेत परिवार प्रतिको दाइत्व निर्वाह गर्नको निम्ती  अनवरत रुपमा भएका जीवन भोगाईले समेत ४० देखी ६० वर्ष समुहको उत्तरदाताको महत्वपूर्ण भूमिका रहेको पाइएको छ । दलित समुदायमा जातीय पेशाको रुपमा प्रमुख दमाई ,कामी र सार्की रहेका छन । दलित समुदायको जीविकोपार्जन अध्ययनमा कामी ४० प्रतिशत ,दमाई २६.६६ प्रतिशत , सार्की २० प्रतिशत र गैर दलित समुदायका उत्तरदाता १३ प्रतिशत रहेका छन । अध्ययन क्षेत्रमा दलित समुदाय मध्ये पनि कामी समुदायको बाहुल्यता र  आरन पेशामा निरन्तर रुपमा भूमिका निर्वाह गरेका छन । अवलोकन विधिको प्रयोगले समेत कामी समुदायमा पेशागत विविधिकरण आएको जानकारी दिनुभएको छ । सामाजिकीकरणका गतिविधि संचालन गर्नको लागि शिक्षाले भूमिका खेलेको छ । माध्यमिक तह सम्मका उत्तरदाता ४० प्रतिशत ,आधारभूत तह सम्म ३३.३३ प्रतिशत, निरक्षर र स्नातक वा सो भन्दा माथिको १३.३३ प्रतिशत रहेका छन । शैक्षिक योग्यताले पेशा व्यवसाय, सामाजिक गतिविधि र अन्तर पुस्तामा आएका परिवर्तनले समेत  आर्थिक स्तरिकृत सबल बनाउनको लागि महत्व रहेको अनुभब दिनुभएको छ । उत्तरदाताको बसोबासको आधारमा समेत जीविकोपार्जन गर्ने सक्ने स्थितिलाई थप व्यवहारिकरुपमा सामाजिक स्थान प्रदान गरेको छ । दलित समुदायमा  पुस्तान्तरणसंगै आर्थिक रुपमा मजबुत हुदै जादा फुसको घरबाट सिमेन्ट बनाउन सकेको भनाइ छ । दलित समुदायमा खाध्य बस्तुको सहज तरिकाले परिपूर्ति गर्नेको लागि कृषि योग्य जमिनको महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस मध्ये जमिनको स्वामित्व भएका ५ देखि १० रोपनी भएका ४० प्रतिशत ,१० देखि १५ रोपनी भएका २३.३३ प्रतिशत, १५ रोपनी भन्दा माथि भएका २० प्रतिशत र ५ रोपनी भन्दा तल भएका १६.६६ प्रतिशत रहेका छन । जमिनमा भएको उब्जनीका आधारमा पारिवारिक जीविकोपार्जनको सरल र सहज हुने प्रतिक्रिया दिनुभएको छ ।

# अध्याय पाँच

# पारिवारिक जीविकोपार्जन पेशाको विवरण

यस अध्ययनको विवरणलाई उत्तरदाताको व्यक्तिगत र पारिवारिक जीविकोपार्जनको पेशा अन्तरपुस्तामा आएका  परिवर्तन हरुलाई समस्टिगत रुपमा व्याख्यात्मक तरिकाले प्रस्तुत गरिएको छ । पेशागत जीवनमा आएका अनुभव, कठिनाई ,भोगाई र जीवनस्तर संग सम्वन्धित उत्तरलाई विषयबस्तुको सामजिक मुल्य मान्यताको आधारमा रहेर नतिजाको तयार पारिएको छ । दलित समुदाय संगको विगत र वर्तमान समयमा भएका पेशागत पुस्तागत अवस्था बारेको विवरण निम्न रहेको छ ।

## ५.१ उत्तरदाताको विगतको पारिवारिक जीविकोपार्जन पेशाको विवरण

दलित समुदायका मानिसहरु परम्परा देखि नै विभेद असमानता सामाजिक भेदभावको रुपमा रहेको संकिर्ण सोचको कारण हुने जातीय छुवाछुत जस्ता अवस्था समेत व्याप्त रहेको छ । जसको कारण न्यून श्रममा आधारित पेसा गर्नुपर्ने अवस्था रहेको थियो ।

**तालिका ५.१ : विगतको पारिवारिक जीविकोपार्जन पेशाको विवरण**

| जीविकोपार्जन पेशा | सख्या | प्रतिशत |
|---|---|---|
| दैनिक ज्यालादारी | ६ | २० |
| कृषि/पशुपालन | ८ | २६.६६ |
| आरन पेशा | ५ | १६.६६ |
| कपडा सिलाउने | ४ | १३.३३ |
| छाला जन्य समान बनाउने | ३ | १० |
| अन्य | ४ | १३.३३ |
| जम्मा | ३० | १०० |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०८१*

यस अन्तर्गत पर्ने दलित समुदायले माथिल्लो वर्गको सेवा गरे वापत न्यून पारिश्रमिक प्राप्त गर्न बालीघरे, खलो, अधिया (यो ग्रामिण क्षेत्रमा जमिनमा अन्न उब्जाउ गरे बापत जग्गाधनीलाई र आफुलाई आधा आधा बढ्ने चलन), पशुपालन र उल्लेख गरेअनुसारको काम गर्ने सकिने अवस्था कायम रहेको थियो । जातीय पेशाका आधारमा निर्माण भएका समाजमा एतिहासिक गतिविधि र क्रियाकलापको आधारमा न्युन ज्यालादारी पेशा, कठोर प्रकृतिको श्रम र सेवामुलक कार्यमा वाध्यकारी जिम्मेवारी दिएको इतिहास रहेको पाईन्छ । सो कामवाट प्राप्त भएको आय आर्जन मार्फत  परिवारका सामान्य आवश्यकता समेत परिपूर्ति गर्न नसकी जीवनस्तरको मापनका आधारमा न्युन प्रकितिको रहेको थियो । परिवारका अनेक आवश्यकता हुँदाहुदै पनी परम्परागत सोच, मानसिक रुपमा विकास भएको हेपाहा प्रचलन, सामाजिक विभेद, शिक्षाको पहुँच, उपयुक्त रोजगारीको अभाब, माथिल्लो जातले दलित समुदायप्रति गर्ने उदासिनता, समाजमा हुने  निर्णय प्रकियामा सहभागी नगराउने जस्ता  कारणले गर्दा दलित समुदायको जीविकोपार्जन पेसामा कायम रहेको थियो । माथिको तालिकाको तथ्यांक अनुसार दलित समुदायसंगै अन्य समुदायको विगतको पेशाका आधारमा जीविकोपार्जनका बारेमा अध्ययन गरिएको छ परिवारका न्युनतम आवश्यकता परिपूर्ति गर्नको निम्ती जातीय पदसोपानमा आधारित पेशा साथै अन्य पेशा समेत गरेको जानकारी गराउनु भएको छ । जीवनयापन गर्नको आवश्यक नगद तथा गैरनगद जन्य बस्तुको आर्जनको माध्यम मार्फत आय आर्जन गर्ने पेशाको रुपमा लिएको छ माथिको तथ्यांक अनुसार २६.६६ प्रतिशत दलित समुदाय कृषि तथा पशुपालन अन्तरगत रहेका थिए । कृषि तथा पशुपालन अन्तर्गत पेशा गर्ने दलित समुदायले लेक तथा खर्कमा भेडा, बाख्रा, गाई, भैसी पालन गर्ने र बार्षिक रुपमा चाडवाडको समयमा बेचबिखन गरि परिवारका आवश्यकता पुरा गर्ने रहेका थिए । लेकको भूगोलमा सिमित मात्रामा मात्र मकै, आलु, जौ, फापर जस्ता खाध्य बस्तु उत्पादन हुने भएकोले आफ्नो परिवारको आवश्यकता परिपूर्ति गरेका थिए भने क्रमश, २० प्रतिशत दलित समुदाय दैनिक ज्यालादारी पेशामा संलग्न रहेका थिए ज्यालादारी पेशा अन्तर्गत अन्य व्यक्तिको घरको काम गर्ने जस्तै मेलापात, पर्म, घासकाट्ने, कृषि जमिनको मौसमी काम गर्ने, साथै विकास निर्माण अन्तर्गत घर बनाउने बाटो मर्मत गर्ने र काष्ठजन्य बस्तु निर्माण गर्ने काम गर्दथे । दलित समुदायले घर बनाउने तर गैरदलित समुदायले छुवाछुत गरि घरमा प्रवेश गर्न समेत निषेध गर्ने गर्दथे। कामी समुदायले परम्परागत देखि  आरन पेशा अवलम्बन गरेका थिए दलित र गैर

दलितको घरमा घरयासी तथा अन्य प्रयोजनको लागि आवश्यक फलाम जन्य (हसिया, चुलेसी, कुटो, कोदालो, बन्चरो) जस्ता हतियार जन्य बस्तुको निर्माण र मर्मत गर्ने गर्दथे साथै तामा तथा स्टिलको प्रयोग गरि गाग्री, ताउलो, कसौडी, थाल, बटुको बनाउने काम गर्दथे सो कार्य गरे वापत बालीघरेको रुपमा अर्धवार्षिक रुपमा अन्नजन्य खाद्य बस्तुको प्राप्ति हुने गर्दथ्यो । सो खाध्य बस्तुको प्रयोग मार्फत परिवारको जीविका चलाउने गर्दथे । दमाई समुदायको मुख्य पेशाको रुपमा कपडा सिलाउने पेशाको रुपमा आवध भएका उत्तरदाता १३.३३ प्रतिशत रहेका छन । कपडा सिलाउने पेशालाई समेत बालीघरे प्रथाको रुपमा रहेको थियो । लुगा सिलाउनको निम्ती हाते कालको प्रयोग गर्ने गर्दथे, यस कार्यमा महिला र पुरुषको जोडी बनि कपडाको प्रकितिको आधारमा पुरानो कपडाको मर्मत साथै नया कपडा सिलाउने गर्दथे । अन्य पेशाको रुपमा १३.३३ प्रतिशत रहेका छन, यस अन्तर्गत कहिले मेलापात गर्ने कहिले रोजगारको रुपमा सहर जाने, मौसमी कामदारको जस्तो पेशा मार्फत जीविका चलाउने गर्दथे माथिका उत्तरदाताको अनुभव विगतमा दलित समुदायमा सामाजिक र सस्किर्तिक रुपमा भेदभाव रहेको थियो समग्रमा दलित दलित विच कम र दलित र गैरदलित समुदाय विच चाही वढी मात्रामा छुवाछुत रहेको थियो । उक्त माथिको विवरण अनुसार दलित समुदायले गर्ने पेशा भनि मुलुकी एनमा रहेका पेशा व्यबसाय (आरन पेशा ,कपडा सिलाउने पेशा ,छालाजन्य पेशा) गरेको उत्तरदाता ४० प्रतिशत रहेका छन । भने दलित समुदाय भएर जातीय छुवाछुत, विभेद, असमान श्रम ज्यालादरको रुपमा काम गरेको अनुभव रहेको छ, सो पेशा गरेको उत्तरदाता ६० प्रतिशत रहेका छन । माथिका दलित समुदायमा परम्परागत देखिनै निर्वाहमुखी पेशा संचालनगरि परिवारका न्युनतम आवश्यकता पुरा गर्ने गरेका छन पेशाको प्रकृतिको आधारमा समेत फरक फरक व्यहारमा समाजमा कायम रहेको छ ।

## ५.२ उत्तरदाताको हालको संलग्न भएको जीविकोपार्जनको विवरण

हालको परिवर्तित समाजमा पेशागत पुस्तान्तरण हुने कार्य अझैसम्म पनि सहज रुपमा अगालिएका छ पेशालाई थप परिस्कृत गर्दै व्यावसायिकता बनाउने कार्य समेत निर्माण गरिएका छन्

**तालिका ५.२ : उत्तरदाताको सलग्न भएको हालको पेशागत विवरण**

| संलग्न रहेको पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि तथा पशुपालन | ५ | १६.६६ |
| ज्यालादारी पेशा | ४ | १३.३३ |
| स्वरोजगार (परम्परागत पेशा) | ६ | २० |
| बैदेशिक रोजगार | ९ | ३० |
| सरकारी तथा गैर सरकारी पेशा | ६ | २० |
| जम्मा | ३० | १०० |

*स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०८१*

माथि तालिकाको तथ्यांक अनुसार उत्तरदाताको हाल सलग्न रहेका पेशाको अध्ययनलाई प्रस्तुत गरिएको छ । दलित समुदायमा रहेका मनिहरुले परम्परागत पेशा समय अनुसार परिस्कृत रुपमा परिवर्तन र निरन्तरता हुदै गएको छ बैदेशिक रोजगारको आय मार्फत जीविकोपार्जन गर्ने उत्तरदाताको विवरण  ३० प्रतिशत रहेका छन दलित समुदाय श्रम गन्तव्यको रुपमा खाडी रास्ट्रको रुपमा रहेका कतार, मलेसिया, युएई र कुवेत जाने गरेका छन । नेपालको राष्ट्रिय तथ्यांक अनुसार नेपाली श्रमशक्ति युक्त बहुसंख्यक युवाको गन्तव्य मुलुकको रुपमा समेत कतार मलेसिया युएई र कुवेत रहेका छन, सो मुलुकमा जाने मानिसहरुले मासिक रु ३०००० देखि ५०००० नेपाली रकमको आम्दानी आर्जन गर्ने गरेका छन । बैदेशिक रोजगारबाट प्राप्त भएको पुजी रकमलाई दैनिक घरयासी प्रयोजनको परिपूर्ति गर्ने गरेका छन । दैनिक खर्चबाट बाकी रकमलाई सहकारीमा वचत ,घरजग्गाको व्यबस्थापन, सन्ततीको शिक्षामा प्रयोग गर्ने गरेका छन यस पूजीको परिचालन मार्फत दलित समुदायको जीविकोपार्जन गर्नेको लागि महत्वपूर्ण भूमिका निवाह गरेको छ ।

क्रमस दलित समुदायले परम्परागत पेशालाई परिस्कृत रुपमा विकास गर्दै व्यबसाय निरन्तर संचालन गर्ने उत्तरदाता २० प्रतिशत रहेका छन । निश्चित दलित समुदायमा मात्र सिमित रहेका (आरन, कपडा सिलाउने, छाला जन्य बस्तुको निर्माण र व्यापार ) गर्ने गरेका थिए । विगतमा बालीघरे पेशामा आधारित रहेका पेशा हाल तत्काल बस्तु बेचबिखनको कार्य मार्फत नगद कायम गर्ने सकिने प्रचलन रहेको छ, सो आयआर्जन मार्फत मासिक रुपमा

१५००० देखि २०००० सम्म मासिक वचत गर्ने सक्ने अनुभव रहेका छन सो प्राप्त रकम मार्फत दैनिक रुपमा आवस्यकता परिपूर्ति गर्नेको लागी आयामको रुपमा विकास भएका छन ।

शिक्षामा भएको निरन्तर विकाससंगै दलित समुदायको सामाजिक चेतना संगै पढ्नु पर्छ, भन्ने मान्यता विकास हुदै जादा शैक्षिक विकास संगै दलित समुदायको सरकारी र गैर सरकारी पेशामार्फत जीविकोपार्जन गर्ने उत्तरदाता २० प्रतिशत रहेका छन । निरन्तर रुपमा शैक्षिक विकासको गतिविधि मार्फत समेत दलित समुदाय सरकारी पेशा सम्म पुग्न सकेका हुन । सामाजिक रुपमा दलित समुदायले गर्न हुदैन भनि निर्माण गरिएका गलत भाष्यको समेत न्यूनीकरण गर्नको लागि सहयोगी भूमिकाको रुपमा रहेको छ । सरकारी तथा गैर सरकारी पेशावाट प्राप्त आयलाई परिवारको आवस्यकता परिपूर्ति गरि आर्थिक स्थिरता ल्याउन सहयोग पुगेको छ ।

दलित समुदायमा परम्परागत रुपमा रहेका निर्वाहमुखी (जेनतेन घर चल्ने) प्रकृतिको जीविकोपार्जन को रुपमा रहेका कृषि र पशुपालन गर्ने उत्तरदाता १६.६६ प्रतिशत रहेका छ । निर्वाहमुखी पेशाले जीविका चलाउनको लागि असहजता सिर्जना भएको कारणबाट वर्तमान समयमा कृषिलाई थप विकास गर्दै मौसमी र बेमौसमी अन्नवाली, फलफुल उत्पादन गरि नजिकैको हटिया बजारमा बेच्ने गरेका छन, भने पशुपालन अन्तर्गत भेडा, बाख्रा, भैसी पालन गरि वार्षिक रुपमा बेचबिखन गर्ने गरेका छन । चाडवाडको समयमा मासुजन्य उपभोग भएको कारणले गर्दा पनि आम्दानी हुने गरेको छ यस बाट प्राप्त भएको आयले जीविका चलाउन मात्र पुगेको छ ।

ग्रामिण क्षेत्रमा रहेका जीविका चलाउनको लागि ज्याला मजदुरी गरि घरपरिवार चलाउनेको उत्तरदाता १३.३३ प्रतिशत रहेका छन । समयको परिवर्तन संगै बसाइसराइको कारणले पनि दैनिक रुपमा निरन्तर काम गर्ने व्यक्तिको संख्या घट्दै गएको छ । दैनिक रुपमा कृषि तथा गैर कृषि क्षेत्रको कर्ममार्फत आयआर्जन गरि दैनिक परिपूर्ति गर्ने गरेका छन । समाजमा हुने विकासका कार्यले समेत सहजता प्रदान गरेको छ दलित समुदायमा अझैपनि भेदभावको कारण उपयुक्त श्रमको मूल्य पाउन नसकेको अनुभव रहेको छ ।

## ५.३ दलित समुदाय र जीविकोपार्जनको अवस्था

सामान्यतया दलित समुदाय सेवामा आधारित पेशामा निर्भर भएको हुनाले निश्चित बालीघरे, खलो र दैनिक घरयासी आवश्यक पर्ने खाद्य वा अन्य बस्तुको परिपुर्तिका लागि भरियाको रुपमा कम गर्ने, ज्यालादारीका आधारमा पारिवारिक स्रोतको सुनिश्चितता गर्नुपर्ने स्थिति रहेको थियो । श्रममा आधारित सेवाको माध्यमबाट (फलामजन्य साधनको प्रयोग गरि औजार निर्माण गर्ने, कपडाको प्रयोगको माध्यमद्धारा तयारी पोषाक तयार गर्ने, छालाजन्य बस्तुको प्रयोग मार्फत दैनिक आवश्यक पर्ने सामानको निर्माण र पुनर्निर्माण गर्ने) र अन्य त्यस्तै प्रकृतिका कार्य गरेको अनुभव रहेको थियो । सो काम गर्नको निम्ति परिवारका निश्चित सदस्य मात्र सीमित रहने र अन्य सदस्यहरु दैनिक रुपमा श्रमको खोजीमा भौतारिने क्रम रहेको हुँदा श्रम गर्ने उच्च चाहाना र इच्छा हुँदाहुदै पनि सामाजिक रुपमा छुवाछुत र विभेदको कारण असहजता समेत भोग्नु परेको अवस्था रहेको थियो । बालीघरे, खलो जस्ता कार्य मार्फत ६/६ महिनामा प्राप्त हुने अन्नको माध्यमद्धारा परिवारमा खाद्यबस्तुको परिपूर्ति गर्नुपर्ने अवस्था थियो । पदसोपानमा आधारित समाजमा निश्चित स्रोतको प्रयोगमा बन्देज र जल, जमिन, जंगल जस्ता प्राकृतिक स्रोतको प्रयोगमा समेत जटिलता सिर्जना भएको थियो । दलित समुदायले प्राकृतिक स्रोतको प्रयोगले जीविकोपार्जनमा समेत भूमिका खेलेको थियो ।उत्तरदाता मध्ये दिल बहादुर दर्जी भन्नुहुन्छ

> *म ७५ वर्ष पुग्न लागे । मैले करिब ४५ वर्ष जति साउजीको खेत बारी जोत्ने काम गरे । साउजीकोमा मेरा बाउ र केटाले पनी हलो जोतेका हुन् तर पछिल्लो समय साउजीको परिवार पनी बसाइसराइ गरेर तराई तिर लागे अनि हालको समयमा मिनी टेलर हलो आयो जसले गर्दा झन् काम पाउना पनि मुस्किल पर्दै गएको छ । गाउमा आम्दानीको लागी काम गर्ने केहि नभए पछी मेरा २ जना छोराहरु भारतको दिल्ली गएका छन् ।*
>
> स्रोत : अन्तरवार्ता गल्कोट न पा दुदिलाभाटी

विगतमा भएको पेशाले समाजमा समय अनुसार परिवर्तन हुन विविध कारणले गर्दा दलित समुदायमा अन्तर पुस्तामा समान रुपमा आर्थिक अवसर प्रदान गरेको छैन ।

### ५.३.१ परम्परगत पेशा प्रति दलित समुदायको धारणा

मुलुकी ऐनको निर्माण र लागु भएसंगै हामी दलित समुदायलाई गैर दलित समुदाय बाट छुवाछुत, असमानता, खाध्य बस्तु र पानीको मुहान धारो पधेरोमा छोइछिटो, अवहेलना गर्ने जस्ता कार्यको सुरुवात भएको हो । हामीहरुले गैरदलित समुदायबाट पेशागत रुपमा समेत असमान गर्ने लगायतका कार्य गरेको अनुभव रहेका छन । राज्यको कानुनले नै दलित समुदायले निम्न पेशा कर्म मात्र गर्नु पर्छ भन्ने बाध्यकारी नियमको कारणले गर्दाले आरन पेशा, लुगा सिलाउने, छालाजन्य समान बनाउने, दैनिक रुपमा न्यून पारिश्रमिकमा कम गर्ने, बालीघरे, खलो, अधिया, भरिया जस्ता काम मार्फत प्राप्त भएको आय मार्फत परिवारका न्युनतम आवस्यकता पुरा गर्ने गरेका थियो । दैनिक रुपमा कडा मेहनत गर्दा पनि परिवारका सदस्य धेरै भएका कारणले खाना पुर्योउन मुस्किल पर्ने गर्दथ्यो । उत्तरदाता विवस नेपाली भन्छन

> *हाल म २५ वर्षको भए र स्नातकोत्तर तहमा पढिरहेको छु । म सानो छदा मेरा बाबुआमा ज्यालादारी काम गर्नुहुन्थ्यो किन सदै यस्तो कठिन काम गरेको होला भन्ने लाग्थ्यो तर स्कुल पदने बेलामा मात्र थाहा भो हाम्रो त अन्न उब्जने जमिन कम र दैनिक रुममा परिवारको आवस्यकता पुरा गर्नको लागि कठिन भएकोले गर्दा गरेका रहेछन अलि केहि समय पछी मात्र थाहा भयो दलितको वर्गीकरण र पेशागत अवस्था , हाल दलित समुदायको पेशागत विषय पुस्तान्तरणमा नयापन आएको आभास हुन्छ ।*
>
> स्रोत : अन्तरवार्ता गल्कोट न पा दुदिलाभाटी

समाजमा भएका गैरदलित सँगका आवश्यकता परिपूर्ति गर्न सामाजिक नियममा बसी जीविकोपार्जनको आधार निर्माण गर्नुपर्ने बाध्यता रहेको थियो । जसले सुक्ष्म रुपमा आफूमाथि आवहेलना भएको विषय सामान्य रुपमा लिने मानशिकताको विकास हुदै गयो ।

न्यून मात्रामा प्राप्त हुने स्रोतले जीविकोपार्जन संचालन गर्नेको लागी सकसपूर्ण स्थिति रहेको थियो । गास, बास, कपास जस्ता अत्यावश्यकता भएका बस्तुको सहज रुपमा परिपूर्ति हुन नसक्दा वृद्धा र बालबालिकामा रोग, भोग र सोखको कारयाले अल्पायुमै मृत्यु हुने,

बयस्कमा भोकमरी, खाध्यबस्तुको अभावले गर्दा दलित समुदायले कष्टकर जीवनयापन गरेका थियो । आर्थिक, सामाजिक र राजनीतिक सहभागिता पक्षका आयाम मार्फत असुरक्षा, असमानता, विभेद, अस्थिरता, पछौटेपन जस्ता कार्यको गतिविधिमा पारिवारिक आवश्यकता परिपूर्ति गर्नको लागि सामना गर्नुपरेका तितो यथार्थ कायमै छ । समाजमा स्रोत साधनको न्यून पहुचको अवस्था र आवस्यकता संग संगै विविध रुपमा व्यवहार र कर्तव्य मार्फत आर्थिकस्तर चलायमान गराउनुपर्ने वाध्यकारी काम रहेको थियो । सेवामा आधारित श्रमको आधारमा स्रोत आवश्यकता परिपूर्ति गर्नुपर्ने कारणले गर्दा परिवारको शिक्षा, स्वास्थ्य र न्युनतम मानवीय आवस्यकता समेत परिपूर्ति गर्नको लागि कठिनाई परेको गतिविधि समेत कायम रहेको थियो । न्यून सामाजिक चेतनास्तर स्रोतसाधनमा कम पहूँच जस्ता कारणले समेत पेसामा थप जटिलता सिर्जना भएको भन्नेबारे प्रष्ट रुपमा बुज्न सकिन्छ । कुनै आफन्तको सम्पर्क माध्यम मार्फत भारतको दिल्ली सम्म श्रम गर्न पुग्नेको अनुभब पनि छ । भारतमा समेत दैनिक १४/१५ घण्टा सम्म काम गर्दा पनि थोरै मात्र रकम प्राप्त गरेका थिए । दैनिक रुपमा गरिने कडा जोखिमपूर्ण कामले स्वस्थजन्य रोगको सिकार भइ अल्पआयुमै मृत्यु हुने गरेको उत्तरदाता भीमबहादुर कामी को भनाई छ ।

## ५.४ अन्तर पुस्ता पेशा परिवर्तनको आवस्था

बाबु बाजे पुस्तामा दैनिक पारिवारिक आवश्यकता पुरा गर्नेको लागि गरेको पेशा व्यवसाय मार्फत खाध्य वा अन्य आवश्यक बस्तुको परिपूर्ति गर्ने माध्यमको रुपमा रहेको काम छोरा नाती पुस्तामा पेसाको स्वरूपका आधारमा परिवर्तन भएका छन् भने कुनै पेसा आंशिकरुपमा निरन्तरता पनि पाईरहेका छन् । विगतमा दलित समुदाय दैनिक ज्यालादारी काम ,बालीघरे कामको रुपमा आरन पेशा र कपडा सिलाउने पेशा ,छालाजन्य वस्तु मार्फत मानवीय उपभोगको समान बनाउने कार्य र अन्य पेशामा आवद्ध रहेका थिए । निश्चित पेशामा मात्र सीमित रहेका दलित समुदाय परिवारको विकास र पुस्तान्तरण संगै सुरुवात भएको छ । विगतमा भएका पेशागत नकारात्मक मनोभावको असरलाई न्यूनीकरण गर्दै मानवीय भावना कायम राख्दै अन्तरपुस्तामा सकारात्मक परिवर्तन आएको छ । हाल दलित समुदाय परम्परागत कार्यमा मात्र सीमित नभई व्यावसायिक कृषि, पशुपालन, नगदमा आधारित आरन र कपडा सिलाउने पेशा, स्वयम रोजगारी सिर्जना मार्फत स्वरोजगार हुने कार्यको सुरुवात, सरकारी र गैर सरकारी क्षेत्रमा प्रतिस्पर्धात्मक छनोट मार्फत नियुक्ति र

बैदेशिक रोजगारमा जाने युवाको मात्रा बढ्दै गएको छ। दलित समुदायले प्राप्त भएको थोरै पूजीको वचत मार्फत परिवारका ,सदस्य हरुको आवस्यकता पुरा गर्ने मानवीय क्षमताको बृदि मार्फत समग्र समाजमा नयापन दिन खोजेका छौ।

### ५.४.१ पेशा परिवर्तनका कठिनाई

दलित समुदायले गरिरहेका पेशाको सन्दर्भमा निश्चित पेशामा सिमित रहेका, उत्पादन गरेका वस्तु र सेवाको आधारमा परिवर्तनमा कठिनाई प्रदान गरेको थियो । दलित व्यक्ति सहभागी भएको बस्तु तथा सेवा, कृषि जन्य खाध्य बस्तुको समेत सहज रुपमा ग्रामिण क्षेत्रमा छुवाछुतको कारणले गर्दा उचित रुपमा बेचबिखन हुन नसक्दा जीविकोपार्जन थप कस्टकर भएको थियो । समयको परिवर्तन संगै दलित र गैर दलित संगको सुमधुर सम्वन्धको कारणले समेत, सामाजिक रुपमा स्थिरता कायम गर्न सहयोग प्रदान गरेको थियो । दलित समुदायले उत्पादन गरेको बस्तुले उचित रुपमा बजार पाउन नसक्दा जीविकोपार्जनका गतिविधीमा असर परेका थिए। जातीय रुपमा समेत छोइछिटो हुने जस्तो कारणले समेत परिवर्तनमा सुस्तता भएको थियो । दलित समुदायले संचालन गरेका परम्परागत पेशा समाजमा रहेका अन्धबिस्वासको कारण असर पुगेको थियो । समाजमा हुने सामाजिक कियाकलापमा सहभागी नगराउने जस्ता व्यवहार गर्ने गरेका थिए। अध्ययन क्षेत्रमा बहुसंख्यक परिवार शिक्षामा कम पहूच, गरिवी, हिन्दु धर्ममा आस्था भएकोले समेत जात व्यबस्थामा पेसा परिवर्तन गर्न कुराको आलोचना भएको उत्तरदाताको अनुभब छ। सामाजिक रुपमा चेतनाको विकाश, शिक्षाको पहूच, स्वतन्त्रता र समानताको समान रुपमा उपभोग गर्न पाउनु पर्छ दलित समुदायको अनुभब रहेको छ ।

### ५.४.२ हालको जीविकोपार्जन र पेसागत धारणा

दलित समुदाय पेसाको परिवर्तन संगै अन्तरपुस्तामा सूचना, संचार यातायातको उच्च रुपमा भएका विकास र विस्तारले श्रम, रोजगारी, सुरक्षा, शिक्षा, स्वास्थ्यको सरल र सहज पहूच स्थापना गर्नको लागि विकास भएका पूर्वाधारले सहजता प्रदान गरेको छ। निश्चित पेसा कर्ममा मात्र सीमित रहेको दलित समुदाय सहर केन्द्रित रोजगारी सिर्जना, आर्थिक आर्जन र स्वतन्त्रता प्रदान गरेको छ। जातीय पेशामा मात्र सिमित पेशा थप आधुनिकीकरण र रुपमा प्रविधिको विकासका कारण घरेलु र मझौला उधोगको रुपमा विकास भई

उधमशिलता प्रदान गरेका छन् । कुनै पेसा घरयासी आवस्यकता पुरा गर्नेको लागि संचालन गरेका न्युन आयमुलक निर्वाहमुखी (आरन, लुगा सिलाउने, छालाजन्य कार्य) पेशाको अन्त्य हुदै गएका छन । सामाजिक रुपमा सम्मान पाएका पेसा व्यबसाय थप परिस्कृत भएर समाजमा नकारात्मक दृष्टिकोण, हेयको भावले हेरिने पेशा अन्त्य हुदै गएका छन् । स्वदेश तथा विदेशमा समेत रोजगारीको खोजी र पहूँच विस्तारसंगै आर्थिक सामाजिक चेतना स्तरमा समेत विस्तार भएको छ । जनसंख्याको बृद्धि संगै स्थानीय देखि अन्तर्राष्ट्रिय श्रम बजारमा प्रवेश गर्न समेत सहज रुपले विकास भएको छ ।

### ५.४.३ पेसा प्रतिको निरन्तरता

दलित समुदायमा रहेका पेसाहरु प्रतिको निरन्तरता क्रमिक रुपमा समाजमा कमजोर हुदै गएको छ । समाजमा भएका नकारात्मक सोच र स्वयम् पारिवारिक रुपमा भएका/गरेका आवश्यकतामा समेत दिघकालिन स्रोत जुटाउनको लागी स्वंय निर्माणमा मात्र आधारित भएको हुनाले अन्य पेशामा पुस्तान्तरण भएको उदाहरण छन् । सामाजिक रुपमा तयार भएका विकास र विस्तार मार्फत दलित समुदाय सो बमोजिमका काममा मात्र सिमित हुनुपर्ने कारण यथार्थ रुपमा समय सापेक्ष छैनन् । त्यसैले बावु बाजेमा मात्र रहेका पेशा छोरा नाती पुस्ताले पनि त्यो काम नै गर्नुपर्छ भन्ने नकारात्मक धारणा समाजमा विस्तारै हराउदै गएको छ । राज्यको कानुन निर्माण तहमा समेत दलित प्रतिनिधिको अर्थपूर्ण सहभागिताको कारण पेसा परिवर्तन गर्नको लागि सहजता भएको हो । उत्तरदाता मनु परियार भन्छिन ।

> *विगत १५ वर्ष देखि सिलाउने पेशा गरेर बसेकी छु । यसबाट प्राप्त भएको आन्दानी मार्फत घरखर्च र २ जना छोरा छोरीलाई निजि स्कुलमा खर्च चलेको छ । मेरो बाबु र ससुरा ले पनि सिलाउने पेशा गर्नुहुन्थ्यो मेरा श्रीमान ले सवारी चलाउने काम गर्नुहुन्छ श्रीमानले कमाएको पूर्ण रुपमा बचत गरेका छौ यसले गर्दा पनी भविष्यमा आउन सक्ने कठिनाईमा पार पाउन सकिन्छकि भन्ने आसा राखेका छौं । मेरो समय विहान बेलुका घरमा काम गर्ने र दिउसोको समयमा मात्र सिलाउने पेसा गरेकी छु पूर्ण रुपमा समय दिन सकेको खण्डमा अझ बढी आय आर्जन गर्न सकिने आशा छ ।*

स्रोत : अन्तरवार्ता गल्कोट न पा दुदिलाभाटी

दैनिक रुपमा विहान देखि साझ सम्म कडा मेहनत गर्दा पनि आवस्यकता पुरा गर्न नसक्दा नयाँ दिर्घकालिन आयस्रोतमा रहेका पेसाको खोजीमा जानुपर्ने सोच विचार र धारणाको सुरुवात भएको हो ।

## ५.५ पेसा परिवर्तन संगै दलित समुदायको वर्तमान अवस्था

दलित समुदाय निश्चित पेसामा रहेको हुनाले सो पेसालाई आंशिक वा पूर्ण रुपमा परिवर्तन गर्दै हाल नयाँ र व्यवस्थित जीवनयापन गर्न सक्ने जीविकोपार्जनको अवस्था सिर्जना भएको छ । आधुनिक विकास प्रविधीको प्रयोग, सरकारी तथा गैरसरकारी क्षेत्रमा संलग्नता, राजनीतिक रुपमा सहभागिताको प्रवर्धन, निर्णय प्रक्रिया जस्ता कार्यमा दलित समुदायको अर्थपूर्ण सहभागिताले दलित समुदायलाई समग्र पेसा परिवर्तनमा दिगोपना कायम गर्नको लागि सहजता प्रदान गरेको छ । पारिवारिक रुपमा आवश्यकता पहिचानमा, असुविधा, असक्षमता र अभाबवाट मुक्त हुनको लागि गर्ने कार्यको स्तरले जीवनस्तर मापन गर्दछ । सोहि बमोजिम हुने गरेका विभिन्न प्रकारका रोजगारी सिर्जना र परिचालनको माध्यमले पारिवारिक पेसा व्यवसाय संचालन गर्नको लागी हाल पुस्तान्तरणमा सकारात्मक भूमिका खेलेको छ ।

### ५.५.१ वर्तमान जीविकोपार्जनको अवस्था

वर्तमान अवस्थामा दैनिक आर्थिक आयआर्जन गर्नको लागि बहुआयामिक रुपमा सोच्नु पर्ने स्थितिमा हालको पुस्ता पुगेछ । कृषि, पशुपालन, दैनिक ज्यालादारी कामले मात्र आवश्यकता पुरा गर्नको लागि सहर केन्द्रित रोजगार र बैदेशिक रोजगारी सिर्जनाले जीवनस्तर सुधार गर्न सहयोग गरेको छ । प्राप्त स्रोतको उत्पादन र पुनःउत्पादन मार्फत भविष्यमा आईपर्ने संकटवाट मुक्त हुनको लागि सहायता प्रदान गरेको छ । बैदेशिक रोजगारवाट प्राप्त विप्रेषणलाई घर जग्गा खरिद गरी सम्पन्न प्रदान गर्नको लागि, पछिल्लो पुस्तालाई उज्जल भविस्य प्रदान गर्नको लागि सहर केन्द्रित बसाई, शिक्षा, स्वास्थ्य, रोजगार जस्ताकुरामा नयाँपन आएको छ । निम्न स्तरको आयआर्जनवाट उच्च स्तरको जीवनस्तर तयार गर्नको लागी स्वतन्त्रता, सुरक्षा, आत्मसम्मान बढ्ने जस्ता कार्यमा सहयोग गर्दछ । उत्तरदाता तेज बहादुर दर्जी भन्नुहुन्छ ।

*विगतमा मैले फर्निचरमा  सहयोगीको रुपमा ज्यालादारी काम गर्ने गर्थे यस काममा लगभग १० वर्ष जति काम गरेको अनुभव छ । बजारमा आएका संग प्रतिस्पर्धा गर्न नसक्दा काममा मन्दी आए पश्चात सो काम वन्द हुन् पुग्यो । त्यस पश्चात म श्रम गर्नको लागि मलेसिया गएको हो । हाल बैदेसिक रोजगार बाट  प्राप्त भएको आय मार्फत वर्तमान परिवारको जीविकोपार्जन गर्नको लागी सहजता प्रदान गरेको छ । बहुसंख्यक नेपाली युवा जमात बैदेशिक रोजगारमा आव्धत्ता रहेका छ । सो मार्फत प्राप्त रकमको भौतिक तथा अभौतिक स्रोत आर्जन गर्न सहजता प्रदान गरेको छ ।*

स्रोत : अन्तरवार्ता गल्कोट  न पा दुदिलाभाटी

आधुनिकता, विश्वव्यापिकरण, विज्ञान तथा प्रविधिको विकासले घरमा मात्र सिमित रहेका पेसालाई थप परिस्कृत गरि दैनिक जीविकोपार्जनको कार्यलाई सहजता प्रदान गरेको छ ।

## ५.५.२ पेसाको अन्तरपुस्ता परिवर्तनमा महिलाको धारणा

ग्रामिण क्षेत्रमा बहुसंख्यक पुरुषहरु घरभन्दा बाहिर रही पेसा व्यवसाय संचालन गर्ने गर्दछन् । मासिक वा बार्षिक रुपमा प्राप्त भएको पुजीलाई उद्गम स्थल सम्म पुराउने काम गरेका हुन्छन । घरको आय व्यय जन्य सम्पूर्ण पारिवारीक काम घरमुलीको रुपमा रहेका महिला जिम्वेवारी रहेको हुन्छ  । समाजमा हुने आर्थिक, सामाजिक, सास्कृतिक गतिविधीमा महिला पूर्ण रुपमा संलग्न हुने र सो मार्फत दिघकालिन लक्ष्यको रुपमा रहेको पारिवारिक रणनीति तयार गरी जोखिमलाई न्यूनीकरण गर्ने प्रमुख ध्येय रहेको हुन्छ । सामाजिक न्याय, समावेशीकरण, समानता, सुरक्षा, दिगोपना, पारिवारिक जिम्मेवारी जस्ता कारक तत्वको प्रयोग मार्फत महिलामा समेत थप जिम्वेवारी बोध गर्न सक्ने भूमिकाको निर्माण गरेको छ । चन्द्र कुमारी परियार (दमाई) भन्नुहुन्छ ।

*म पेसाले घरयासी कार्य संगै कपडा सिलाउने कार्यमा आवद्ध छु । मेरो श्रीमान बैदेसिक रोजगारको सिलसिलामा बिदेसमा हुनुहुन्छ । मैले  कपडा सिलाई बाट भएको आय मार्फत सिलाईकटाई पेसालाई विस्तारै बढाउदै*

*जाने सोच बनाएको छु । घरयासी कामबाट बचेको समयमा कपडाको सिलाई मार्फत परिवारको आय आर्जन बढाउन थोरै भएपनि सहयोग भएको महशुस गरेकी छु । बाउवाजेले गर्दै आउनुभएको सिलाई कटाई सिप अनुसार काम गर्दा घरपरिवारका ईच्छा चाहना पुरा गर्न मुस्किल भयो । त्यसैले अहिले पालिकाबाट निशुल्क दिएको सिलाईकटाई तालिम लिएर काम गर्दा अलि कमाई बढेको छ।*

स्रोत : अन्तरवार्ता गल्कोट न पा दुदिलाभाटी

पारिवारिक आवश्यकताको परिपूर्ति मार्फत जीवनस्तर सुधारगरी जीविकोपार्जनका गतिविधि सुधार गर्नकोलागी मुख्य रुपमा महिलाले जिम्मेवारी लिने गरेका छन् ।

### ५.५.३ दलित र गैर दलित विचको सामाजिक सम्वन्ध

सामाजिक चेतनाको विकास र शिक्षाको विस्तार सँगै दलित समुदाय माथि हुने जातीय छुवाछुतको काम कम हुदै गएको छ तर पनि पूर्ण रुपमा अन्त्य हुन सकेको छैन । समाजमा भएका परम्परागत सोच विचार प्रणालीको कारण अशिक्षा, न्युन चेतनास्तर, संकिर्ण सोचका आधारमा अझै भेदभाक कायम रहनको लागी टेवा पुर्याएको छ । सहर केन्द्रित पेसा र अन्तर्राष्ट्रिय श्रम वजारमा युवाको प्रवेसले जातीय छवाछुत जस्ता नकारात्मक सोचको अन्त्य गर्नको लागि मुख्य भूमिका खेलेको छ । युवा वर्गमा आएको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय र मनोवैज्ञानिक जस्ता कारणले परिवर्तन सम्भव भएको हो । बिभिन्न समयमा हुने भेला प्रशिक्षण तालिम जस्ता सामाजिक समावेशी कार्यले पनि छुवाछुत जस्ता गतिविधिमा कमि ल्याउनको लागि महत्वपुर्ण भूमिका खेलेको छ । परम्परागत रुपमा पेसाका आधारमा गरिने भेदभाव, उचनिचको भावना जस्ता रुढीबादी सोचलाई वर्तमान पुस्ताले परिवर्तन गर्न सक्ने विचारमा जोड दिएकोछ । वर्तमान समयमा महिलालाई घर भित्रको काममा मात्र सीमित नभई अन्य सामाजिक राजनीतिक भूमिकाको निम्ती सहभागिता गराउन सक्षम हुन थालेका छन् । राजनीतिक परिवर्तनसंगै सरकारका प्रमुख निकायमा दलित समुदायलाई अनिवार्य समावेस गराउनु पर्ने कानूनी व्यबस्थाले दलित महिलाको प्रतिनिधित्व उल्लेख्य मात्रामा बृद्धि भएको छ । जसले उनिहरुको आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनीतिक चेतनाको विकास भएको छ । दलित महिलालाई

राज्यको मुल प्रवाहिकरणमा ल्याउने कानूनी व्यवस्था पश्चात आफुले भोगेका असमानता, अभाव, तिरस्कार, सामाजिक विभेदबाट मुक्त हुन तथा आगामी पुस्ताको सहजताको लागि महत्वपूर्ण भूमिका निर्माणमा सहयोग पुगेको छ । जीविकोपार्जनका कार्यलाई सहज गर्नको निम्ती स्थानीय तहवाट संचालन भएका तालिमको व्यवस्थाले उद्यम संचालनको कार्यमा थप सहयोग पुगेको छ । उत्तरदाता मन माया नेपाली भन्नुहुन्छ ।

> *म चाहि विबाह गरेर आएको १२ वर्ष भयो । मेरो मईत तिरको पनि गैरदलित समुदायको बसोबास रहेको छ । साथीहरुले स्कुल पदने क्रम देखि नै छुवाछुत जस्ता काम समाजमा हुनुहुदैन यस्ता कार्यले समाजमा मानिस मानिस वीच मतभेद ल्याउने गर्दछ भन्ने कुरामा जानकार थिए हाल घर तिरको परिवार पनि समाजमा पूर्ण रुपम हट्न सकेको छैन । दलित समुदायका जीविकोपार्जन पेशामा भने करिब पूर्ण रुपमा परिवर्तन आएको छ नया आम्दानीका श्रोतले परिवार चलाउनको लागी समेत सहयोगी भूमिका खेलेको छ ।*

स्रोत : अन्तरवार्ता गल्कोट न पा दुदिलाभाटी

सामाजिक चेतनाको विकासले महिलामाथि हुने हिंशाजन्य गतिविधिमा कमि आएको छ । दलित महिलाका आवश्यकताहरुको समयमा नै सहि पहिचान गरी समाधान गर्ने सक्ने अनुभब पनि रहेको छ । नेपाली समाजमा लामो समयसम्म जातीयता आधारमा स्रोतसाधनको उपभोग र बाँडफाड हुने गरेको इतिहास छ । सबैभन्दा तल्लो बर्गको रुपमा दलित समुदायलाई सो उपभोगमा समेत बन्चित गरेका थिए । जीवनयापनका गतिविधिलाई सहज रुपमा संचालन गर्नको लागि पेशामा आन्तरिक तथा बाह्य श्रमको सहज रुपमा आबद्धत्ता संगै आर्थिक सामाजिक रुपमा सहजता प्रदान गरेको छ । परम्परागत रुपमा मात्र सीमित भएको दलित समुदाय आधुनिक विकाससंगै परिवारका आवस्यकता परिपूर्ति गर्नको लागि नयाँ नयाँ स्रोतको खोजीमा लाग्नुपर्ने विषयमा जोड दिई दिर्घकालिन जीविकोपार्जनमा जोड दिएको छ ।

## ५.६ घटना अध्ययन  मार्फत लिएको विवरण

अध्ययन एक

यस घटना अध्ययनका एकजना उत्तरदाता ५५ बर्षिय दिल बहादुर विश्वकर्मा (कामी) आफ्नो अनुभव यसरी बताउनुहुन्छ, *म विगत तिन दसक देखि आरन पेसा गरिरहेको छु । परम्परागत रूपमा कृषि पेसामा आधारित रहेको समाजमा घरयासी रुपमा प्रयोग गरिने सामग्रीहरुको पुरानो औजारको रुपमा रहेका  बन्चरो, हसिया, चुलेसी, कुटो कोदालोको मर्मत सुधार साथै नयाँ  फलामका सामग्रीको निर्माण गर्ने कार्य गर्दछु  । मेरा बाजे र बाबु पुस्ता पनि सीमित रुपमा काम गर्ने, बालीघरे, दैनिक ज्यालादारी पेसामा आधारित रहेका थिए । मेरो परिवारमा १२ जना रहेका अवस्थामा दैनिक जीविकोपार्जनका लागि आवश्यक पर्ने सामग्रीको परिपूर्ति गर्ने कार्यमा सीमित रहने गर्ने कार्य भएको थियो  । मेरो बुझाइमा जातीय रुपमा विभेद भएका कारण विभिन्न रुपमा न्यून खालको विभेदकारी अवस्था रहेको छ । बाबु बाजेको भनाइ अनुसार उहाँहरुको समय भन्दा आजकल पुस्तान्तर संगै त्यो अवस्थामा परिवर्तन रहेको देखेको छु  । बाबु बाजेको पुस्तामा शिक्षा र सूचनाको स्थितिमा ज्यादै न्यून अवस्था रहेको थियो तर उहाँले आधारभूत सम्मको शिक्षा प्राप्त गर्न पाउनु भएको थिएन  । पेसामा पुस्तान्तरण संगै आरन पेसालाई थप व्यावसायिक रुपमा संचालन गर्नको लागि सडक संजालको सहज भएको ठाउमा स्थानान्तरण भइ बालीघरे जीविकोपार्जन पेसामार्फत तत्काल नगद प्राप्त गर्न साकिने चरणमा गर्न सकिने अन्य समुदायको सल्लाह बमोजिम यस स्थानमा संचालन गरेको छु । आजकल मेशिनरी प्रयोगको कारण हातले बनाएका सामानको ज्याला महगो हुने हुनाले पहिले जस्तो काम व्यस्तता छैन । बदलिदो परिस्थितिसंगै बजारीकरणको  पनी समस्या पनि आइरहेको छ । मासिक रुपमा प्राप्त भएको कमाइले परिवारको आवस्यकता परिपूर्ति गर्ने कार्यमा सहजता प्रदान गरेको छ । आधुनिकता, बजारीकरणसंगै उत्पादन भएका सामानले सहज रुपमा प्रतिस्पर्धा गर्न नसक्दा जटिलता समेत सिर्जना भएका छन् । बजारको*

*विकास आधुनिकरण संगै आरन पेसाबाट परिवारको जीविकोपार्जन गर्नको लागि जटिल भएको कारणले गर्दा छोरा बैदेसिक रोजगारमा गएको छ । दलित समुदायको मानिसहरुमा आर्थिक सामाजिक र राजनीतिक परिवर्तन संगै पेसा परिवर्तन गर्नको लागि  सकारात्मक भूमिका खलेको अनुभब गरेको छ  । समाजमा भएका विविध रुपमा रहेका जातीय भेदभाव, असमानता, सीमान्तीकरणको कारणले समेत पेसामा अन्तर आवधता कायम गर्न सकेको छ । आर्थिक रुपमा जीविकोपार्जनलाई थप सहजता प्राप्त गर्न सकेको छ । परिवारको जीवनमा परिपूर्तिका समानमा आवश्यक रहेको छ ।*

विगतमा दलित समुदाय प्रति गर्ने पेशागत आव्हेलाना जस्ता विकृति विस्तारै न्यूनीकरण हुदै गएका छन् । समाजमा भएका सामाजिक आर्थिक परिवर्तनले दैनिक जीवनको जिविकोपर्जन पेशामा परिवर्तन आएको छ । माथिको अध्ययन अनुसार कामी जातिले  विशेस गरेर आरन पेशा प्रमुख रहेको थियो । युवा अवस्था देखि निरन्तर रुपमा परम्परागत पेशाको थप व्यवसायिक तवरवाट व्यवस्थित रुपमा संचालन हुदै आएका छन् ।

अध्ययन दुइ

*उत्तरदाता ७५ वर्षिय याम बहादुर दर्जी (दमाई) भनाई यस्तो छ, मेरो परिवारमा ८ जना सदस्य रहेका छन् । जीवनको लामो समय हलिया कामका साथै ग्रामिण क्षेत्रमा सुचनाको आदानप्रदान गर्ने कार्य गरेको अनुभव छ । ग्रामिण क्षेत्रमा सुचनाको सहज पहूँच पुर्याउने कार्य गरे बापत बार्षिक एक पाथी अन्न दिने समाजको नियम रहेको थियो । त्यस काम गरे बापत दैनिक रुपमा खाद्यान्न परिपूर्ति गर्नको निम्ती जटिलता हुने गरेको थियो । मेरो उमेरको  बृद्धा अवस्थासंगै त्यो कार्य छोराले गर्ने गरेको छ । अहिले छोराले सो पेसा नगरी अन्य पेसातर्फ आकर्षित हुदै गरेको देख्छु । बदलिदो समाजका मूल्य मान्यत्तासंगै दलित समुदायको जीविकोपार्जन पेसामा सुधार गर्नुपर्ने निष्कर्ष मेरो पनि  रहेको छ । हाल नाती पुस्तामा स्कुल जानुपर्न चेतनाको समेत विकास भएको छ । हाल ३ जना नातिले तल स्कुलमा ७, ८ र ९ मा अध्ययन गर्छन । आफ्नो पालामा शिक्षाको सहज पहूँच नभएका कारणले गर्दा अनेक समस्याको सामना गर्नु परेको थियो । मेरो पुस्ताले समाजमा जातीय रुपमा विभेदको चरम अवस्था*

*सामना गर्नु परेको तितो अनुभव छ । वर्तमान समयमा त्यस्ता समस्याबाट मुक्त हुनको लागि जीविकोपार्जनका कार्यमा नयाँ तरिकाले पारिवारिक भूमिकामा जोड दिन सक्ने आयामको रुपमा सोचेको छु । समाजको सामाजिक परिवर्तन संगै आएको सुचनाको प्रयोग, प्रविधिको तिव्र विकाससंगै अन्य पेसातर्फ आकर्सित हुने क्रम समेत बिस्तारै बढ्दै जानको लागी नातीहरुलाई सल्लाह सुझाव दिने गरेको छु ।*

समाजमा भएका सामाजिक अन्तरसम्बन्धको कारण दलित र गैरदलितको सम्बन्धमा आएको परिवर्तनलाई पनि नयाँ आयामको रुपमा हेर्न सकिन्छ । बालीघरे प्रथाको रुपमा रहेको जीविकोपार्जन पेसालाई वर्तमान अवस्थामा नगद आधारमा श्रम गर्ने दिशातर्फ आकर्षित भएको बढ्दै गएको छ । जसको कारण परिवारका दैनिक आवस्यकता परिपूर्ति गर्नको लागि सहजता प्रदान गरेको छ । समाजमा दलित समुदायको भूमिका पेशागत रुपमा भन्दा पनि न्युनतम जीविकोपार्जन सहित सो बमोजिमको कार्यक्रममा समान अपनत्वको विकाससंगै समाजमा समानताको अभ्यासहुने क्रमको विकास भएको छ । दलित समुदायमा रहेका सूचना आदानप्रदान गर्ने सिलसिला नयारुपमा प्राविधिक विकास संगै प्रकासन र प्रसारण गर्ने नया आयामको रुपमा विकास भएका छन् ।

अध्ययन तिन

चन्द्र कुमारी परियार (दमाई) बर्ष ३२ को हुनुहुन्छ । पेसाले उहा घरयासी कार्य संगै कपडा सिलाउने कार्यसंग आवद्ध हुनुहुन्छ । उहाँ यस्तो भन्नुहुन्छ,

*मेरो परिवारमा ६ जना सदस्य हुनुहुन्छ, सासु र ससुरा ७० वर्ष पुगिसक्नु भयुर्को छ भने २ छोरा हरुले कक्षा ५ र ६ मा सरकारी स्कुलमा पढ्ने गर्दछन । श्रीमान बैदेसिक रोजगारको सिलसिलामा कुवेतमा हुनुहुन्छ । सो मार्फत प्राप्त आयले घरयासी आवश्यकता परिपूर्ति गर्ने गरेकी छु । दलित समुदायमा मात्र सीमित भएको कपडा सिलाउने पेसा हाल अन्य समुदायमा पनि स्थानान्तरण भएको छ । घरयासी कामबाट बचेको समयमा कपडाको सिलाई मार्फत परिवारको आय आर्जन गर्ने गरेकी छ । दलित समुदायले समेत नया आयामको रुपमा बुज्न सकिन्छ । सीमित श्रोत साधनको रुपमा रहेको परम्परागतरूपमा अंगालेका पेशाले जीविकोपार्जनका कार्यमा*

*जटिलता सिर्जना गरेको अवस्थामा पेसामा थप व्यावसायिक कार्य मार्फत सहजता प्रदान गरेको छ । कपडा सिलाउने पेसालाई थप आकर्षित गर्नको लागि स्थानीय तहले समेत तालिम प्रदान गरेको थियो सो तालिम मार्फत सिलाउने पेसालाई मैले पनि प्राप्त गरेकी थिए । यस कार्यमार्फत दलित समुदायको आय आर्जनलाई सहजता प्रदान गर्दै नगदलाई बचत गर्ने माध्यम निरन्तरता पनी दिएको छ । दलित र गैरदलित संगको सम्वन्ध संगै समाजमा सकारात्मक सन्देसको रुपमा रहेको छ । लामो समय सम्म जातीय विभेदको रुपमा रहेको सिलाई , कटाई पेशालाई समाजको अभिन्न रुपमा हेरिरएको छ । सामजिक परिवर्तन, सचेतना, आर्थिकस्तर लाई सकारात्मक दिशा तर्फ लैजानको लागि भूमिका खेलेको छ ।*

समग्रमा दलित समुदायको अन्तरपुस्तामा आएको जीविकोपार्जन पेसाले परिवारको आर्थिक स्थितिमा उलेख्य सकारात्मक भूमिका खेलेको छ । घरयासी कामवाट बचेको समयलाई सदुपयोग गर्न सकेको खण्डमा जीविकोपार्जन गर्नकोलागी थोरै मात्रामा सहयोगी भूमिका खेलेको छ । समाजमा अन्य समुदायका महिलाहरुले पनि सोहि बमोजिमका कार्यगर्ने सकेको खण्डमा जीवनस्तर थप विकास हुन सक्दछ ।

अध्ययन चार

मिन बहादुर थापा बर्ष ५५ को हुनुहुन्छ । उहा लामो समय सामाजिक रुपमा सक्रीय रहदै दलित समुदायसंग लामो समयसम्म नजिकबाट नियालेको व्यक्ति हुनुहुन्छ । उहाँ यस्तो भन्नुहुन्छ,

दलित समुदायको बारेमा भएका विविध अन्तर पुस्तामा पेसा परिवर्तन आएका छन । दलित समुदाय लामो समय सम्म गैर दलित समुदायले लामो समय सम्म विभेद, असमानता कायम रहेको थियो परम्परागतरूपमा रहेका दलित समुदायमा समयको विकास क्रम संगै फरक आयामको अवलम्बन गरेका छन् । सामाजिक र आर्थिक रुपमा सचेतना संगै ग्रामिण अर्थतन्त्रको विकासमा दलित समुदायको अर्थपूर्ण सहभागीता रहेको छ । दलित समुदायको राजनीतिक तहमा प्रतिनिधित्व संगै दलित समुदायको जीविकोपार्जनमा अन्तरपुस्तामा परिवर्तन आएको छ । ग्रामिण अर्थतन्त्रको विकास संगै शिक्षा, स्वास्थ्य, रोजगारी र विकासका सहजता

प्रदान गर्नको लागि सहयोग गरेको छ । हाल शिक्षाको विकाससंगै दलित समुदायका युवा बर्गमा सरकारी तथा गैर सरकारी क्षेत्रको सेवामा समेत सहभागिता निरन्तररुपमा बृद्धि हुदै गएका छन् । गैरदलित संगको आवद्धता, दलित समुदायको युवामा समेत बैदेसिक रोजगारीको सहज रुपमा आदान प्रदानले दलित समुदायको परिवारिक जीवनस्तरमा समेत सकारात्मक भूमिका निर्वाह गरेको छ ।

समाजको विकासका क्रममा रहेका विभीन्न जातजाती भाषा सस्कृतिको समिश्रण भएको छ । समाजमा रहेका हरेक समुदायको सामाजिक सम्वन्धमा अन्तरनिर्भर रहनु वर्तमान समयको आवस्यकता पनी हो । दलित र गैरदलित संगको पेशागत सम्वन्धले सामाजिक स्थितीमा सुमधुर सम्वन्ध राख्नको लागी सहयोग गरेको छ ।

अध्ययन पाँच

६७ वर्षिय सन्त बहादुर नेपाल (सार्की) यस्तो भन्नुहुन्छ,

मेरो परिवारमा ७ जना  सदस्य हुनुहुन्छ । मेरो जीवन भोगाई विगतका तितो अनुभव रहेका छ । जीविकोपार्जनका निम्ती परम्परागत रुपमा आधारित जीवजन्तुका छालाजन्य बस्तु मार्फत मानवीय जीवनका लागि आवश्यकपर्ने उपभोग बस्तुको उत्पादन गरिने आधारित पेशा गरेको थिए वर्तमान समयमा बजारकोसहज पहूच संगै पेसामा आएको विकासको कारणले गर्दा परम्परगत पेसाको निश्चित कार्यमा मात्र सीमित हुन पुगेको छन् । समाजमा कृषि पेशामा आधारित समाजमा दैनिक जीविकोपार्जन गर्न धौधौ परेको अवस्थासमेत  रहेका थियो । जीविकोपार्जनको काम संचालन गर्नको लागी  अन्तरपुस्तामा विभिन्न तरिकाले परिवर्तन आएका छन । दलित समुदायमा रहेका विभेदपूर्ण अवस्थाबाट मुक्त पाउनको लागि भिन्न भिन्न पेसामा परिवर्तन आएको छ । राज्यले गरेको जातीय थर को कारण असमानता रहेको कारणले गर्दा म माथि जातीय छुवाछुत भएको थियो । समाजमा भएका राजनीतिक परिवर्तनसंगै दलित समुदायले समेत अन्तर क्रियाकलापमा परिवर्तन आएको छ । आधुनिक विकास संगै  युवाको सोच विचार र दर्शनमा फरकपना आएको छ । छोरा नाती पुस्तामा शिक्षा र रोजगारीको लागि शहर प्रवेश गर्ने संख्यामा बृधि हुदै गएको छ । त्यो कार्यमार्फत

समुदायमा रहेका जीविकोपार्जनमा रहेका कमआय बाट उच्चआय गर्न सकिने कार्यमा परिवर्तन हुदै गएको छ । मेरो छोरा हाल शिक्षक पेशामा सरकारी स्कुलमा कार्यरत रहेको छ ।

दलित समुदायले गरेको पेशामा नयापनको रुपमा पेशामा विविधिकरण आएको छ । समाजमा विगतमा भएका पेशाले अपनत्वलाई समेत जीवनस्तर संग जोडिएका पेशामा नया तरिकाले सोच्नु पर्ने आवश्यक रहेको छ । सामाजिकीकरणको स्वरुपमा रहेका पेशाले समेत सामाजिक समान स्थिरता दिनको लागी सहयोग प्रदान गरेको छ

# अध्याय छ

# सारांश, निष्कर्ष र सुझाव

यस अध्याय अन्तर्गत उद्देश्य र अनुसन्धान प्रश्नका साथै दलित समुदायको जीविकोपार्जनमा आएको अन्तरपुस्तामा आएको परिवर्तन सम्बन्धी  मुख्य अनुसन्धान प्राप्तीहरुलाई संक्षेपिकरण गरिएको छ । यस अध्ययनले उठाउन खोजेको मुख्य विषयः बर्तमान अवस्थामा जीविकोपार्जन गर्नको लागि कुन कुन पेसामा आबद्ध थिए साथै त्यो माध्यमबाट आवश्यकता परिपूर्ति भएको थियो वा थिएन भन्ने कुरालाई गुणात्मक अनुसन्धानको सहायताले विस्तार गर्नु रहेको छ । प्राथमिक तथ्याङ्क संकलन गल्कोट नगरपालिका १, दुदिलाभाटीमा बाट गरिएको छ । यस अध्ययनको प्राथमिक तथ्याङ्क संकलनका लागी गहन अन्तरवार्ता, मुख्य सूचनादाता अन्तरवार्ता, प्रत्यक्ष अवलोकन जस्ता अनुसन्धान साधनको प्रयोग गरिएको छ । यस अध्ययनमा ३० घरपरिवारलाई लक्षित गरी उत्तरदाताको रुपमा सहभागी गराईएको छ । जीवनयापन गर्नका लागि आवश्यक पर्ने साधन, स्रोतको  क्रियाकलाप हो जीविकोपार्जन हो । यसको अर्थ आफ्नो र आफ्नो परिवारको जीविका चलाउनका लागि गरिने विभिन्न प्रकारका आर्थिक क्रियाकलापहरू जस्तै कृषि, व्यापार, सेवा, उद्योग, रोजगारी आदि हुन सक्छन ्। सरल भाषामा, जिविकोपार्जन भनेको जीविका चलाउने माध्यम हो । नेपालको सन्दर्भमा मानबिय विकासको  अवस्था अनुसार कृषि ,पशुपालन र शिकारमा आधारित जीविकोपार्जन रहेको थियो । क्षेत्रगत अध्ययनको तथ्याङ्कले हामीलाई बाग्लुङको गल्कोट नगरपालिका क्षेत्रमा पछिल्लो दलित समुदायको जीविकोपार्जन अन्तरपुस्तामा आएको परिवर्तन र दलित समुदायले आफ्नो परम्परागत पेसा परिबर्तन गर्नुका कारणलाई तथ्यगत रुपमा प्रस्तुत गरीएको छ ।

## ६.१ अध्ययनको सारांश

बाग्लुङको गल्कोट नगरपालिकामा गरिएको अनुसन्धानबाट प्राप्त तथ्यहरुका आधारमा यसका मूख्य उपलब्धीहरु तल उल्लेख गरिएको छ ।

यस अध्ययनका लागि लिईएका घरधुरीहरु दलित समुदायका छन र तिनीहरुको आर्थिक, सामाजिक तथा शैक्षिक चेतनास्तर चाही फरक-फरक छ । उत्तरदाताको रुपमा यस क्षेत्रका ३० घरपरिवारलाई समावेश गरिएको छ ।

यस अध्ययनमा मुख्य गरी दलित समुदायको परम्परागत पेसा परिवर्तनले अन्तरपुस्ता जीविकोपार्जनमा आएको पुस्तान्तरणले विशेष भूमिका खेलेको पाईन्छ । गहन अन्तरवार्ता लिने क्रममा धेरै उत्तरदाताहरुले भनेका छन् ।

समाजमा सामाजिक वर्गीकरणका आधारमा दलित समुदायलाई जातीय रुपमा समेत छुवाछुत, भेदभाव र सामाजिक आसमानता मार्फत पेशामा शोषण गरेको अनुभब छ । सामजिक रुपमा दलित समुदायभित्र समेत स्तरीकरण माध्यमबाट कामी समुदायको हो भने आरन पेशा गर्नु पर्ने, दर्जी समुदायले कपडा सिलाउने र संगितको मध्यम मार्फत मनोरन्जन प्रदान गर्ने, सार्की समुदाय हो भने छालाजन्य बस्तुको प्रयोग गरि समान बनाउने परम्परागत पेशा गर्नु पर्ने स्थिती रहेको छ । दलित समुदायमा पर्ने वित्तिकै सबै सो पेशामा मात्र आवद्ध छैनन् । अधिकांस महिला दैनिक ज्यालादारी कामको लागि कृषि र पशुपालन गर्नको लागि जंगल जाने गरेका छन् । परम्परागत सोचको कारण समेत दलित समुदायको इच्छा चाहना हुदाहुदै पनि पेशा परिवर्तन गर्न सकेका छैनन् । समाजमा पुरुस प्रधान सोचको कारण समेत महिलाको भूमिका घरयासी काममा सीमित हुने गरेको  थियो ।

हाम्रो परम्परागत पेसाका कारण जातीय रुपमा सामाजिका भेदभाव, अबहेलना, लाञ्छाना सहनु पऱ्यो । यस पेसाले हाम्रो दैनिक जीविकोपार्जनमा गर्नको लागि  जटिलता आउन थाल्यो । समाजमा कायम परम्परागत सोच, अनुभब र नकारात्मक धारणाको अन्त्य गर्नको लागि सामजिक सचेतनामा बृद्धि, दलित समुदायमा शिक्षाको अवसर निर्माणको कारण अन्तरपुस्तामा पेशा परिवर्तन गर्नको लागि सम्भव भएको हो । विगतमा  आर्थिक उपार्जनको लागि कठिन काम गर्नु पर्ने समुह, वर्ग वर्तमान समयमा आफै सबल भएको छ । जसको माध्यमबाट पारिवारिक जीविकोपार्जन गर्नको लागि महत्वपूर्ण भूमिका खेलेको छ । तुलनात्मक रुपमा विगत र वर्तमान समयमा समेत दलित समुदायको पारिवारिक जीवनमा गुणात्मक परिवर्तन आएको छ ।

जीवनस्तरमा सकारत्मक परिवर्तनको माध्यम मार्फत अंतरपुस्तामा परम्परगत खालको कुनै पेशा गर्नुपर्ने बाध्यकारी अवस्थाको अन्त्य भएको छ । व्यक्तिको व्यक्तिगत र सामुहिक भावनाको माध्यम मार्फत जीविकोपार्जन संग सम्वन्धित पेशामा आर्थिक, राजनीतिक, सामजिक र साँस्कृतिक परिवर्तनको माध्यम मार्फत दलित समुदायमा पनि हक अधिकार सुनिश्चितता गर्न सक्ने कानूनी व्यवस्थाको सुरुवात भएको छ। मासिक तथा वार्षिक रुपमा प्राप्त गर्ने नगद मार्फत अन्तरपुस्तामा पुस्तान्तरको पेशागत चरित्रमा समेत महत्वपूर्ण भूमिका खेलेको छ । दलित समुदायको नीतिगत र योजना निर्माण गर्न तह सम्मको पहुचको कारण पेशागत चरित्रमा थप नयापनको अभ्यासको सुरुवात भएको छ ।

## ६.२ निष्कर्ष

नेपालमा रहेका जातीय समुदायले गर्नु पर्ने  पेशा र सम्वन्धको बारेमा मुलुकी एनमा गरेको थियो । दलित समुदायलाई अछुतको रुपमा परिभाषित गर्दै असमान  व्यवहार ररेको थियो (Hoffer, 2004) । समाजशास्त्री युवराज लुइँटेलले नेपालको विभिन्न स्थानमा बसोबास गरेका दलित समुदायको अध्ययन अनुसार दलित समुदायले परम्परागत पेशालाई नयापन मार्फत  अन्तरजातीय  सम्वन्ध स्थापित हुने गरेका छन् (Luintel, 2010) । नेपाली समाजमा पेशा परिवर्तनको रुपमा दलित समुदायको युवा बहुसंख्यक बैदेशिक रोजगारमा आवध रहेका छन् (Suman, 2014) । दलित समुदायको जीविकोपार्जन पेशामा गरिएको अध्ययन अनुसार पनि दलित समुदायमा अन्तरपुस्तामा परिवर्तन आएको छ । दलित समुदायको जीविकोपार्जन पेसामा अन्तरपुस्तामा आएको पेसागत परिवर्तन सम्वन्धी गरिएको अध्ययन अनुसार दलित समुदायका मानिसहरुले गर्ने परम्परागत पेसा व्यवसाय आधुनिक समाजको विकास सम्म आइपुग्दा व्यापक रुपमा परिवर्तन भएका छन । समाजशास्त्रीय सिद्धान्त अनुसार निश्चित समयमा पेशा आशिक वा पूर्ण रुपमा परिवर्तन भएका छन । पेशा परिवर्तनको मुख्य संवाहकको रुपमा अभाब, असुरक्षा, समावेशीता, सामाजिक न्याय, बसाइसराइ स्वतन्त्रता, श्रमप्रतिको धारणा, परिवर्तनमुखि जीवनस्तरले भूमिका खेलेको छ । अध्यनको क्रममा उत्तरदाताको भनाइ अनुसार पेसा अन्तरपुस्तामा सामाजिक गतिविधिले समेत के कसरी परिवर्तन भएको छ भन्ने बारेमा विवेचनात्मक धारणा प्रस्तुत गरेका छन । परम्परागत रुपमा निश्चित पेशामा मात्र सीमित रहेका दलित समुदाय हाल नयाँ तरिकाले जीविकोपार्जन मार्फत जीवनस्तर चलाउन सकिन्छ भन्ने धारणाको विकास गरेका छन ।

सामाजिक र सास्कृतिक विकासले रोजगारी सिर्जना गर्न सक्ने आत्मनिर्भरको रुपमा पुगेका छन् । श्रम गन्तव्यको रुपमा गाउँ दखि सहर गाउँ देखि तराई र गाउँ देखि अन्तर्रास्ट्रिय श्रम बजारमा प्रबेश गर्ने व्यक्तिको समुह बढ्दै गएको छ, जसले गर्दा पुस्तान्तरणमा समेत परिवर्तन आएको हो । यो प्रक्रिया निरन्तर रुपमा चलिरहने माध्यम हो र समाजमा व्यक्ति, समाज समुहका विभिन्न स्वरुपमा चलिरहन्छन ।

# सन्दर्भ सामग्रीहरु


Acharya, B.R (2023) Occupational Shift among Dalits. *RR Interdisciplinary Journal vol 4* Kathmandu.

Adhikari, J. (2065). *Changing livelihoods: Essay's on Nepal's Development since 1990.* 1'st edition Martin chautari Kathmandu.

Alexandra, A. (2012) Migration, Social Networks and Risk: The Case of Rural-Rural Migration in Vietnam. *Journal of Vietnamese Studies*, 7(4), 55-56.

Baker,T.L. (1998*) Doing social research Singapore* ,Mcgrawhill Companies.

Barbour,R (2007) *Doing focus groups.* CA Sage.

Bhandari, P.B. (2013). Rural livelihood change? Household capital, community resourses and livelihood transitions. *Journal of rural studies*.

Bhattachan, K.B (2001). The Socio-Economic Condition of Dalit Women. *Chhapama Dalit*, Kathmandu: Ekta Books.

Blaike, P.M. et.al (1980). *Nepal in crisis: growth and stagnation at the periphery*. Adroit Publishers, New Delhi.

Cameron, M. (*1995) Transformation of gender and caste divisions of labour in Nepal: Land hierarchy and the case of untouchable Women, Journal of Anthropological Research51*, pp215-246.

Cameron, M. (2010) Considering Dalits and Political Identity in imagining a New Nepal. *Himalaya 27* .13-26.

Chhetry, D.B. (2010). Changing occupation pattern among the Bishwokarmas: A case study of Hemja VDC. *Himalayan Journal of Sociology and Anthropology*, 4, 49-60.

DFID, (1999) *Sustainable livelihood guideline sheets* Department for International Development London.

Dumont, L. (1980). *Homo hierarchicus: The caste system and its implications*. University press Chicago.

Ellis, F. (1998) Household strategies and rural househpld diversification. *Journal of development strategies.* vol.35

Ellis, F. (2000). *Rural Livelihoods and Diversity in Developing Countries*. Oxford University Press.

Gellner, D.N. &Adhakari, K.P. (2019). Introduction: Nepal's Dalits in Dalits. *Contributions to Nepalese Studies*, Kathmandu.

Ghurye, G.H. (1950). *Caste and class in India.* Popular Prakashan.

Giddens, A. (2006). *Essentials of sociology*. Policy Press.

Government of Nepal (GoV). (2079-80). *Annual Economic Policy: Economic Survey*. Ministry of Finance, Nepal.

Gupta, D. (2000). *Hierarchy and difference: an introduction Social stratification*. Oxford university press.

Hoffer. (2004). *Introduction. The Caste Hierarchy and the State in Nepal: A Study of Muluki Ain of 1854 (second Ed.).* Himal Books

ILO. (2005). *Dalit and Labour in Nepal: discrimation and forced labour*. International labour Office

Kumar, S. (2023). *Occupational Mobility for Dalit Women. In Rural India: A studty of Chamar Community of Uttar Pardesh* .The Perspective international Journal of Social Science and Humanities Uttar Pardesh India.

Kvale,S (2007) Doing interview .*Thousend Oaks*.

Luintel, Y. (2018). *Caste and Society*.Caste and the dynamics of change in livelihood. Academic book center. Kathmandu.

Macfarlane, A. (2001) Sliding Down Hill: Some Reflection on Thirty Years of ccchange in a Himalayan Village. *European Bulletin of Himalayan Research,* 20-1: 105-10.

Murray, C. (2000). Changing Livelihoods: The Free State, 1990s. *African Studies*, 59(1), 115–142.

NDC. (2080). *National Dalit Commission annual report 2078-79*. Kathmandu Nepal.

NLSS. (2024). *Nepal Living Standard Survey-IV 2022-2023.* Nepal Statistics Office Kathmandu.

NPC. (2081). *The Sixteenth national plan (2081-2086).* Government of Nepal Kathmandu Nepal.

NPS. (2021). *National Population and Housing Census (National Report).* National Statistics Office Thapathali Kathmandu.

Palikhe, A.et. al. (2021). *Causes of occupational change among dalit communities of Kaski district*. JRCC.

Panta, S. (2021). Ghandharva and Their Livelihood in Baglung District. *Nepal Dhaulagiri Journal of Sociology and Anthropology,* Vol. 15, pp. 95-100.

Parajuli, B. (2005). Mobility and change in Occupational status of Pokhara city. *Depertmental Journal of Political Science*, Department of Political Science (2), pp. 1-22.

Pokharel, et al. (2006). Changing livelihood strategies of Dalits: A case study in the Pokhara valley. *Contributions to Nepalese Studies*, special issue, (33).

Rai. D B. (2017) Changing livelihood strategies in the community of Goljung Rasuwa. *Journal of Geography 17,* pp 20-26.

Robert, C & Conway, G.R. (1992). Sustainable livelihoods. Practical concept for the 21 century. *Institute of development studies*. University of Sussex.

Scoones, I. (2015). *Sustainable Livelihood and Rural Development* .Instisute of development studies UK.

Seddon, D. et.al. (1998). Foreign Labour Migration and the Remittance Economy of Nepal. *Himalaya the Journal of the Association for Nepal and Himalayan studies,* Vol 18 (2), Article .7.

Sen, A. (2006) Development as Freedom : an indian perspective ,*Journal of Indurstial relation India*.vol 42 pp157-169.

Subedi, M. (2010). Caste system: Theories and Practices in Nepal. *Dhaulagiri journal of sociology and anthropology*, vol (4), pp- 177-205.

Suman, R. (2014). Marginalized Dalits in international Labour migration: reconfiguring economic and social relations in Nepal. *Journal of Ethnic and Migration Studies*, pp.2030-2048.

Thapa, K. (2022). *Changing livelihood strategies of Dalit's: A Study of Thalara Rural Bajhang.* Unpublished master' thesis of Sociology Tribhuvan University

आहुती, (२०७१) नेपालमा वर्णव्यवस्था र वर्गसंघर्ष (दोस्रो संस्करण). समता फाउण्डेशन ।

आहुती, (२०७७), जात वार्ता प्रथम संस्करण), वेला प्रकाशन ।

# प्रश्नावली

**दलित समुदायको जीविकोपार्जन अन्तरपुस्तामा आएको परिवर्तन सम्बन्धी बाग्लुङ्गको एक अध्ययन**

**अन्तर्वार्ता प्रश्नावली**

**१) व्यक्तिगत विवरण :**

- उत्तरदाताको नाम :
- लिङ्ग :

क) पुरुष ख) महिला ग) तेस्रो लिङ्गी

- पेसा :

क) कृषि ख) स्वरोजगार ग) दैनिक ज्यालादारी घ) बैदेशिक रोजगार

- शैक्षिक योग्यता :

क) निरक्षर ख) आधारभूत तह ग) माध्यमिक तह घ) स्नातक तह वा सो भन्दा बढी

- बैवाहिक स्थिति :

क) विवाहित ख) अविवाहित ग) एकल

**२) पारिवारिक विवरण :**

| क.सं. | नामथर | उमेर | लिङ्ग | बैवाहिक स्थिति | शिक्षा | पेशा | उमेर |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |

**३) घरको किसिम :**

(क) माटोको घर (ख) सिमेन्टको घर (ग) जस्ताको घर (घ) फुसको घर

**४) परिवारको जग्गा जमिन :**

(क) छ (ख) छैन छ भने कति छ

**क) दलित समुदायहरुले आफ्नो जिविकोपार्जनका लागी पहिलेदेखि अंगालेका पेशाहरु के के थिए ? बदलिदो समय संगै उनीहरुको पेसामा के-के अन्तरपुस्ता परिबर्तनहरु आए ?**

१. तपाईहरुले अपनाउदै आएका परम्परागत पेशाहरु के के हुन ?

२. तपाईले कुनै प्रकारको जातीय विभेद भोग्नु भएको छ ?प

३. समाजमा परम्परादेखि व्याप्त रहेको जातीय भेदभावको अवस्था कस्तो रहेको छ ?

४. पम्परागत पेशाहरुले दैनिक जीवन चलाउन कत्तिको सहज थियो ?

आम्दानीको अवस्था :

पेशागत सेवा, सुविधाको अवस्था :

५. एक पुस्ताबाट अर्को पुस्तामा जादा दैनिक रुपमा जिविकोपार्जनका पेसाहरुमा परिवर्तन आए की ?

आए भने के-के आए :

आएनन् भने किन आएनन :

६. पुस्ता परिर्वतनले जिविकोपार्जनमा आएका मुख्य प्रभावहरु के-के देख्नुहुन्छ ?

७. पुस्ता परिवर्तन र पेसावीच कस्तो सम्बन्ध रहेको छ ?

८. परिवारको मुख्य पेसा

विगतको :

हालका :

**ख) पेसा परिवर्तन भएका समुदाय हाल कुन-कुन पेसामा आवद्ध छन् ?**

१. पेसा परिवर्तन गर्न खोज्नुको मुख्य कारण के के हो जस्तो लाग्छ ?

२. पेसा परिवर्तनमा कुनै कठिनाई भोग्नु भएको छ

३. पेसाले आत्मसम्मानमा कसरी योगदान पुर्याएको पाउनुहुन्छ ?

४. दलितलाई सरकारीतह बाट कुनै तालिम पाउनु भएको छ

५. अहिले मुख्य गरी के के पेसामा संलग्न रहेका छन् ?

६. पेसा परिवर्तन गर्न कत्तिको सहज देख्नुहुन्छ ?

७. पेसाले दैनिक जिवनमा यापन गर्न सहयोग गरिरहेको पाउनुहुन्छ ?

८. अहिले गरिरहेको पेसाले जीविकोपार्जन गर्न सहज छ, छ भने कसरी ? छैन भने कसरी ?

९. यो पेसालाई परिवर्तन गर्न चाहनु हुन्छ ? यदि चाहनु हुन्छ भने, किन  र के कारणले......

१०. यो पेसाबाट अन्य पेसा रोज्नु परेमा कुन पेसा रोज्नुहुन्छ ?

११. पहिले गरिरहेको पेसा ठिक कि अहिलेको पेसा ठिक ?

**ग) दलितहरुको पेशामा आएको परिवर्तनले उनीहरुको पारिवारिक जिवीकोपार्जनमा कस्तो परिबर्तन आयो ?**

१. पुस्ता परिवर्तन सँगै भएको पेसा परिवर्तनले पारिवारको दैनिक जीविका कसरी चलिरहेको छ ?

२. अहिले अपनाईरहेको पेसामा परिवारका सदस्यहरु सन्तुष्ट हुनुहुन्छ ?

३. पेसा परिवर्तनले तपाईहरुका परिवारका सदस्यहरुको शैक्षिक स्तरमा कत्तिको परिवर्तन आएको पाउनुहुन्छ ?

४. सामाजिक रुपमा परिवारको प्रतिष्ठा कस्तो पाउनुहुन्छ ?

५. परिवारका सदस्यहरुको आयआर्जन कत्तिको बढेको छ ?

६. दैनिक क्रियाकलापमा के कसरी चलिरहेका छन् ?

७. अहिले गरिरहेका पेसालाई किन/कसरी निरन्तरता दिनु भएको छ ?

८. परिवारको बार्षिक आम्दानी कति होला ?

९.दलित समुदायको राजनीतिक अवस्था कस्तो रहेको छ

१०. दलित र गैर(दलित विचको सामाजिक र आर्थिक सम्वन्ध कस्तो रहेको छ

११. दलित समुदायका महिलाहरुको सामजिक, आर्थिक, राजनीतिक सहभागिताको अवस्था कस्तो  रहेको छ ?

१२. दलित समुदायको बैदेशिक रोजगारको अवस्था कस्तो रहेको छ ?